
# बी.पी कोइरालाको प्रजातान्त्रिक समाजवाद
# Democratic Socialism of B.P. Koirala



**यसभित्र**

- नेपाली कांग्रेसको ऐतिहासिक पृष्ठभूमि
- नेपाली कांग्रेस पार्टीको मुख्य आदर्श तथा सिद्धान्त
- निरङ्कुश शासन प्रणाली विरूद्ध नेपाली कांग्रेसको भूमिका
- साम्यवाद र प्रजातान्त्रिक समाजवाद बीच तुलना


**चन्द्रबहादुर शाही**

**तपेन्द्रप्रसाद न्यौपाने**


बी.पी कोइरालाको प्रजातान्त्रिक समाजवाद - शाही, न्यौपाने




नाम : तपेन्द्र प्रसाद न्यौपाने

ठेगाना : तुर्माखाँद गाउँपालिका - ६, रानिवन, अछाम

जन्म : २०५०/०२/१४

योग्यता : स्नात्तकोत्तर (राजनितिशास्त्र) त्रिभुवन विश्वविद्यालय

अध्ययनरत : स्नाकोत्तर (समाजशास्त्र) स्नातक (कानून) त्रिभुवन विश्वविद्यालय

कार्यरत : तुर्माखाँद गाउँपालिका, तुर्माखाँद, अछाम

सर्म्पक नं. : ९८५११४६१९८

इमेल : neupanet989@gmail.com





नाम : चन्द्र बहादुर शाही

ठेगाना : तुर्माखाँद-०८, पल्चौर, अछाम

योग्यता : स्नातक तह शिक्षाशास्त्र

पेशा : शिक्षण

पद : शिक्षक

कार्यालय : श्री महालक्ष्मी आधारभूत विद्यालय, तुर्माखाँद-०८, पल्चौर, अछाम

कार्य अनुभव : १६ बर्ष (शिक्षण)

सर्म्पक नं. : ९८४५१९६९५२

इमेल : shahichandra32@gmail.com


मूल्य २००/-


9 789937 080125

# बी.पी.कोइरालाको प्रजातान्त्रिक समाजवाद

# Democratic Socialism of B.P. Koirala



चन्द्रबहादुर शाही

तपेन्द्रप्रसाद न्यौपाने

# वी. पी. कोइरालाको प्रजातान्त्रिक समाजवाद


| | | |
|---|---|---|
| लेखकद्वय | : | चन्द्रबहादुर शाही<br>तपेन्द्र प्रसाद न्यौपाने |
| विषेश सहयोगी | : | मिन प्रसाद अधिकारी 'बजगाँउ' |
| वितरक | : | लेखकद्वय<br>९८४५१९६९५२, ९८५११४६१९८ |
| सर्वाधिकार© | : | लेखकद्वयमा |
| मूल्य | : | २००/- |
| प्रकाशन मिति | : | २०७७ मंसिर |
| प्रकाशन प्रति | : | १००० |
| ISBN | : | ९७८-९९३७-०-८०१२-५ |
| मुद्रण | : | सोपान प्रेस प्रा. लि.<br>डिल्लीबजार, काठमाडौं |

# शुभकामना

विजया दशमी, शुभ दीपावली, छठपर्व २०७७ र नेपाल संवत ११४१ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरू र उहाँहरूको घरपरिवारमा नवदुर्गा माताले CORONA VIRUS COVID -19 सँग लड्न सक्ने शक्ति प्रदान गरून् । लक्ष्मी माताले धन धान्यले भरिपूर्ण पारून् । सबै नेपाली दाजुभाई तथा दिदीबहिनीहरू र उहाँहरूका सम्पूर्ण घरपरिवारको सु-स्वास्थ्य, दीर्घायू एवं उत्तरोउत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै नेपाल लगायत विश्व समुदाय छिट्टै CORONA VIRUS COVID -19 को सक्रमणबाट मुक्त हाओस्  सबैले सामान्य जीवनयापन् गर्न पाउँन् भन्ने कामना गर्दछौं ।

लेखकद्वय
चन्द्रबहादुर शाही र
तपेन्द्रप्रसाद न्यौपाने

# लेखकीय

प्रस्तुत पुस्तकमा नेपालको दूर-दराजमा रहेको ग्रामीण तथा अन्य क्षेत्रमा बस्नुभएका नेपाली कांग्रेसका क्रियाशील सदस्यहरू तथा सो पार्टीमा आस्थावान् नेता तथा कार्यकर्ताहरूलाई प्रजातान्त्रिक समाजवादको सैद्धान्तिक जानकारी दिने जमर्को गरिएको छ । साथै, यो पुस्तक सबै राजनीतिककर्मीहरू, विध्यार्थी तथा अन्य सबै वर्ग र समुदायका सरोकार राख्ने सम्पूर्ण व्यक्तिहरुलाई समेत उपयोगी हुने अपेक्षा राखेका छौं । यसमा हामीले आफ्नो तर्फबाट यहाँहरूलाई सम्पूर्ण विषय वस्तुको यथार्थ जानकारी दिने प्रयास गरेका छौं । यो पुस्तकको मस्यौदा लेख्ने क्रममा आवश्यक सन्दर्भ सामग्रीहरू उपलब्ध गराउनु हुने महानुभावहरू तुर्माखाँद गाउँ पालिका निवासी श्री ताराप्रसाद धमाला, श्री पूर्णप्रसाद उपाध्याय, श्री हर्क बुढा र श्री बमबहादुर बि.सी.ज्यूहरू र नेपाली कांग्रेस केन्द्रीय कार्यालयका स्टाफ श्री प्रकाश शर्माज्यू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं । साथै यसमा अपुरा तथ्याङ्कहरू इन्टरनेटबाट खोजी पुरा गरेको र पुस्तकको मस्यौदा कपी प्रिन्ट गरी सहयोग गर्नु हुने सफल मनि ट्रान्सफर तुर्माखाँद अछामका प्रोप्राइटर श्री हर्कबहादुर बुढाज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

प्रस्तुत पुस्तकको मस्यौदालाई रुजु गरी आवश्यक सुझाव सल्लाह दिनुहुने व्यक्तित्व श्री सुरतबहादुर बिष्टज्यू तथा मस्यौदाको शुद्धाशद्धी हेर्नुहुने श्री जनककुमार शाहीज्यू प्रति हार्दिक धन्यवादका साथै आभार व्यक्त गर्दछैं । साथै पुस्तक प्रकाशनमा महत्वपूर्ण सहयोग गर्नुहुने श्री मिन प्रसाद अधिकारीज्यूलाई पनि धन्यवाद दिन चाहान्छौं ।

प्रस्तुत पुस्तक हाम्रो पहिलो प्रयास भएकोले यसमा तमाम त्रुटि तथा कमी कमजोरीहरू हुन सक्छन । उक्त त्रुटिहरु निम्न ईमेल ID तथा मोबाईल नम्बरहरू क्रमश: shahichandra32@gmail.com र neupanet989@gmail.com ९८४५१९६९५२ र ९८५११४६१९८ मा सम्पर्क गरी आफ्ना अमूल्य सुझावहरू दिई सहयोग गरिदिन हुन विनम्र अनुरोध गर्दछौं । आवश्यकतानुसार आगामी संस्करणमा यहाँहरुको सुझावहरूलाई समेटेर प्रकाशन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

**जय नेपाल**

तपेन्द्रप्रसाद न्यौपाने चन्द्रबहादुर शाही

२०७७ कार्तिक

# शुभकामना-मन्तव्य

नेपाली कांग्रेसका संस्थापक नेता एवं नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री ' जननायक' बी.पी.कोइरालाले परिकल्पना गरेको नेपाल जस्ता साना र अल्प विकसित  देशहरुमा सुहाउँदो शासन प्रणाली 'प्रजातान्त्रिक समाजवाद' र यो देशमा नेपाली कांग्रेसले खेलेको भूमिकाको विश्लेषण गरी **'बी.पी.कोइरालाको प्रजातान्त्रिक समाजवाद'** नामक पुस्तक प्रकाशन गर्न लागेको थाह पाउँदा धेरै खुसी लागेको छ । बी.पी. कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसले गरेको क्रान्तिको फलस्वरुप २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र स्थापना भएपछि मात्रै बडामहाराधिराज पृथ्वीनारायण शाहले एकीकरण गरेको हाम्रो मुलुक साच्चै अर्थमा आधुनिक राष्ट्र निर्माणको चरणमा प्रवेश गऱ्यो । यस्तै वि.सं. २०१२ सालमा सम्पन्न नेपाली कांग्रेसको महाधिवेशनले बी.पी कोइरालाकै मूख्य अभिप्रेरणामा प्रजातान्त्रिक समाजवादलाई आफ्नो दार्शनिक सैद्धान्तिक आधारको रुपमा स्वीकार गरेपछि, यो विचारधारा नेपालको मूलधारको राजनीतिक सिद्धान्तका रुपमा प्रतिस्थापित भयो ।

अछाम जिल्ला जस्तो विकट तथा पिछडीएको क्षेत्रबाट यस्तो प्रयास हुनु अत्यन्त सह्रानीय तथा गौरव गर्न लायक विषय हो । प्रस्तुत पुस्तकमा छनौट गरी लेखिएका विषयवस्तु दूर-दराजमा रहेका कांग्रसी नेता तथा कार्यकर्ताहरूका लागि अति उपयोगी सावित हुने मैले ठानेको छुँ। पुस्तकका लेखकद्वय श्री चन्द्रबहादुर शाही र तपेन्द्रप्रसाद न्यौपानेलाई हार्दिक धन्यवादका साथ बधाई दिन चाहन्छुँ । साथै पुस्तक एवं लेखकद्वयको उत्तरोउत्तर प्रगति र सफलताको शुभकाना व्यक्त गर्दछु ।

**जय नेपाल** !

डा.मिनेन्द्र रिजाल
केन्द्रीय सदस्य नेपाली कांग्रेस
सदस्य प्रतिनिधि सभा




# मन्तव्य

नेपालको सबभन्दा ठूलो एवं पुरानो प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसको नीति, सिद्धान्त तथा आदर्शको बारेमा लेखिएका दस्तावेजहरू जतातत्तै छरिएर रहेका भेटिन्छन् तापनि यिनीहरुको एकिकृत संगालोको रुपमा रहेको पुस्तकहरु भने विरलै भेटिएका छन् । यस पुस्तकका लेखकद्वय श्री चन्द्रबहादुर शाही र तपेन्द्रप्रसाद न्यौपानेले यो पुस्तक प्रकाशित गरेर नेपाली कांग्रेसका संस्थापक नेता महामानव वि.पि.कोइराला र उनको **'प्रजातान्त्रिक समाजवाद'** का बारेमा जान्न चाहाने हरुका लागि भएको अभावलाई पूर्ति गरेको मैले महसुस गरेको छु । अछामको विकट एरिया तुर्माखाँद गाउँ पालिकाको धमाली र रानीवनमा जन्मेका लेखकद्वयले विभिन्न पुस्तक तथा लेख रचना र सन्दर्भ सामाग्रीहरू अध्ययन गरेर लेखिएको यो पुस्तकले 'महामनाव' वि.पि.कोइरालाले प्रतिपादन गरेको 'प्रजातान्त्रिक समाजवाद' को सिद्धान्तलाई छर्लङ्ग पारी व्याख्या गरेको पाइन्छ ।

साथै नेपाली कम्युनिष्ट आन्दोलनका नेता स्वर्गीय मदन भण्डारीको जबज र वि.पि.कोइरालाको प्रजातान्त्रिक समाजवादको तुलनात्मक रुपमा व्याख्या गरी जबज प्रजातान्त्रिक समाजवादको अर्को रुप भएको प्रष्ट पारिएको छ । अतः यो पुस्तकले नेपाली कांग्रेस र उसका शुभचिन्तकहरूलाई मात्र नभई समग्रमा सम्पूर्ण नेता, कार्यकर्ता तथा राजनीतिकशास्त्रका विद्यार्थीहरूलाई समेत महत्त्वपूर्ण राजनीतिक खुराकको रुपमा काम गर्नेछ भन्ने कुरामा मैले विश्वास लिएको छु ।

**जय नेपाल !**



सुरतबहादुर बिष्ट

नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि

अछाम क्षेत्र नं. २

अध्याय एक

# विषयसूची


क्र.सं. शिर्षक पेज नं.

१ नेपाली कांग्रेसको ऐतिहासिक पृष्ठभूमि १-१७

१.१ नेपाली कांग्रेस पार्टीको 'चारतारे झन्डा', चुनाव चिन्ह 'रुख' र नेता कार्यकर्ताहरूले अविवादन गर्ने 'जय नेपाल' शब्दको सान्दर्भिक अर्थ १८-२२

१.१.१ झन्डामा रहेको रङ र ताराहरूको अर्थ १८

१.१.२ चुनाव चिन्ह 'रुख' को सन्दर्भ २०

१.१.३ 'जय नेपाल' शब्दको सन्दर्भ २०

अध्याय दुई

२. नेपाली कांग्रेस पार्टीको मुख्य आदर्श तथा सिध्दान्त २३-८०

खण्ड 'क'

२.१ नेपाली कांग्रेसको आदर्श २३

२.१.१ राष्ट्रियता २३

२.१.२ प्रजातन्त्र ३०

२.१.३ समाजवाद ३४

खण्ड 'ख'

२.२ नेपाली कांग्रेस पार्टीको आधारभूत सिद्धान्त ३८-८०

२.२. प्रजातान्त्रिक समाजवाद ३९

२.२.१ प्रजातान्त्रिक समाजवादका आधारभूत मान्यताहरू ४२

२.२.१.१ संवैधानिक सर्वोच्चता ४३

२.२.१.२. बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली ४५

२.२.१.३. शक्ति पृथकीकरणको सिद्धान्त ४६

२.२.१.४. आवधिक निर्वाचन प्रणाली ४९

२.२.१.५. तानाशाही व्यवस्थाको अन्त ५१

२.२.१.६. देशको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र भौतिक विकास ५२

२.२.१.७. सु-शासन ५८

२.२.१.८. उत्पादनमा जोड र वितरणमा आंशिक सामाजिकीकरण ५९

२.२.१.९. निजीकरण र खुला बजार अर्थतन्त्र ६०
२.२.२. आधारभूत आवश्यकतामा नागरिकको सहज पहुँच ६२
२.२.३. नागरिक स्वतन्त्रता र समानता ६८
२.२.४. निर्वाचन प्रणालीद्वारा नेतृत्व छनौट ६९
२.२.५. कानूनी राज्य ७२
२.२.६. समानताको लागि समावेशीकरण सिद्धान्तको अवलम्बन ७३
२.२.७. सामाजिक न्यायको अवलम्बन ७८
२.२.८. क्रान्तिकारी भूमि सुधार वा भूमिको न्यायोचित वितरण प्रणाली ७९

अध्याय तीन

३. नेपालको निरङ्कुश शासन प्रणाली विरुद्ध नेपाली कांग्रेसको भूमिका ८१-९९

अध्याय चार

४. साम्यवाद र प्रजातान्त्रिक समाजवाद बीच तुलना १००-१३१
४.१. विश्वव्यापी साम्यवादको सामान्य परिचय १००
४.२. कार्ल मार्क्सका प्रमुख सिद्धान्तहरु १०१
४.२.१. द्वन्द्वात्मक भौतिकवाद १०१
४.२.२. अतिरिक्त मूल्यको सिद्धान्त १०२
४.२.३. वर्ग संघर्ष १०४
४.३. नेपालमा मदन भण्डारीद्वारा स्थापित कम्युनिष्ट विचारधाराको जानकारी १०५
४.३.१. जनताको बहुदलीय जनवादका थप १४ विशेषताहरु १०७
४.४. साम्यवाद र प्रजातान्त्रिक समाजवाद बीच तुलना ११९
निष्कर्ष १२४
स्थापनाकालदेखि हालसम्मका नेपाली कांग्रेस पार्टीका चर्चित व्यक्तित्व
सर्वमान्य नेता गणेशमान सिंह र पार्टीका केन्द्रीय सभापतिहरू १३०
सन्दर्भ सामग्रीहरू १३१

# अध्याय एक

## नेपाली कांग्रेस पार्टीको ऐतिहासिक पृष्ठभूमि

**(Historical Background of Nepali Congress)**

नेपालको इतिहासमा तमाम सशस्त्र एवं निशस्त्र राजनीतिक युद्ध तथा आन्दोलनहरु भएका छन् । वि.सं. २००७ सालमा राणा शासनको अन्त भएपछि नेपालको राजनीतिक इतिहासले नयाँ मोड लिएको छ । विभिन्न परिस्थितिका बाबजुत हाल नेपालमा संविधानसभाबाट संविधानको जारी, संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको संस्थागत विकास तथा राज्यको पुनःसंरचना भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको थालनी भइसकेको छ । हाल नेपालमा तीन तहका लोक कल्याणकारी सरकारहरू लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र कार्यान्वयन गर्ने संयन्त्रको प्रतिनिधित्व गर्दै सक्रिय रुपमा सञ्चालित छन । नेपालमा रहेको निरङ्कुश राणा शासन प्रणाली विरुद्धको आन्दोलनमा प्रमुख भूमिका खेल्ने व्यक्तित्वको नाम लिँदा वी.पी.कोइरालाको नाम सबैभन्दा अग्रस्थानमा आउँछ । अर्थात्, वी पी कोइराला नेपालको प्रथम प्रजातान्त्रिक आन्दोलनका महानायक हुन् । वि.सं.२०१५ सालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वी. पी. कोइरालाले प्रजातान्त्रिक समाजवादको नीतिलाई अगाडि सारेका हुन् । प्रथम जननिर्वाचित प्रधानमन्त्रीको हैसियतले उनले प्रजातान्त्रिक समाजवादको व्यावहारिक प्रयोग गरेर देश विकासको स्पष्ट मार्ग चित्र प्रस्तुत गर्न नपाउँदै वि.सं.२०१७ सालमा तत्कालीन राजा महेन्द्रले उक्त सरकारले लागु गर्न खोजेका लोकप्रिय नीति कार्यक्रमहरूमाथि बन्देज लगाई शिशु अवस्थामै प्रजातान्त्रिक शासन प्रणालीको हत्या गरे । यसले गर्दा प्रजातान्त्रिक समाजवादको उद्देश्य प्राप्तिमा थप सङ्कट सिर्जना भयो । वी.पी. कोइरालाले आफ्नो जीवनकालको अधिकांश समय बन्दीगृह, नजरबन्द र प्रवासमा विताउनु पऱ्यो । सोही कारणले उनले आफ्नो

जीवनकालमा नेपालमा प्रजातान्त्रिकस माजवादी शासन व्यवस्था लागु गरेर यो देश र जनताको कायापलट गर्ने उनको मनोकांक्षा पुरा हुन सकेन । वी.पी.कोइरालाको निधनपछि प्रजातान्त्रिक समाजवादको सैद्धान्तिक विषय झन ओझेलमा पऱ्यो । वी.पी.को प्रजातान्त्रिक समाजवादको सैद्धान्तिक जानकारी दिनुभन्दा पहिले नेपालमा रहेको तत्कालीन निरङ्कुश राणा शासनको समयमा घटेको एउटा घटनाको जानकारी गराउनु आवश्यक छ । जसको कारण नेपालमा नेपाली कांग्रेस, अन्य पार्टीहरु र आम जनता मिलेर विभिन्न समयमा सञ्चालन गरिएका निरङ्कुश शासन र शासकका विरुद्ध सशस्त्र एवं निःसशस्त्र युद्ध तथा आन्दोलनहरूले देश र जनतालाई निरङ्कुशता बाट मुक्ति दिलाई हाल नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भई संस्थागत समेत भइसकेको छ । उक्त घटनाको जानकारी निम्नानुसार रहेको छ :

[१]नेपालमा, तत्कालीन श्री ३ महाराज (जहानियाँ राणा शासक) हरूले आफ्नो गुणगान तथा अन्धभक्ति नगर्ने व्यक्तिले या त आफ्नो जीवनबाट हात धुनुपर्ने या त सर्वस्व हरणसहित देश निकालाको शिकार हुनुपर्ने बाध्यात्मक व्यवस्था बनाएका थिए । यस्तै बाध्यताको शिकार भएका थिए, एक जना नेपाली नागरिक कृष्णप्रसाद कोइराला । उनको जन्म सिन्धुलीको दुम्जामा भएको थियो । उनी त्यहिं हुर्के बढेका थिए । उनी वालिग भएपछि दुम्जा छाडेर मधेस गएका थिए । त्यहाँ उनले अध्ययन गरे । संस्कृत, फारसी भाषाभन्दा पनि अंग्रेजी भाषा जान्नु पर्छ भन्ने उनको विचार थियो । त्यसैले उनले काठमाडौंबाट व्रिटीश लिगेसनको एउटा मद्रासी क्लर्कलाइ झिकाएर ट्यूटर राखेर अंग्रेजी सिकेका थिए । त्यसबेला सरकारी कामकाजको लागि फारसी पढनु पनि आवश्यक थियो । उनी हिन्दुस्थानबाट पत्र पत्रिका मगाएर पनि पढ्थे । उनले विराटनगर बजारको स्थापना गरे । त्यसभन्दा पहिले बजार विराटनगर नभएर रङ्गेलीमा थियो । त्यहाँ उनले काली मन्दिरको स्थापना गरे । त्यस बेला भन्सार अड्डालाई ठेक्कामा दिने चलन थियो । उनी प्राय देशभरिका भन्सार अड्डाहरुलाई ठेक्कामा लिन्थे । मधेसमा उनले व्यापार

तथा भन्सार अड्डाको ठेक्का गरेर निकै पैसा कमाएका थिए । उनले कलकत्तामा आफ्नो व्यापारिक अफिस पनि खोलेका थिए । उनले दुईवटा विवाह गरेका थिए। एक चोटी उनी घोडामा चढेर आफ्नो अड्डा धुलाबारीबाट रङ्गेलीतर्फ आउँदै थिए । उनको पछि पछि खाजा बोकेर उनलाई मन पर्ने नोकर पनि आइरहेको थियो । साँझ साँझको बेला थियो नोकर निकै पछि परिसकेको थियो । जङ्गल पार गरिसकेपछि उनी पर फाँटमा पुगिसकेको थिए । त्यसैबेला उनले एउटा आकाशवाणी सुने । कसैले उनलाई कृष्णप्रसाद ! भनेर बोलायो । उनले घोडा रोकेर यताउति हेरे त्यहाँ कोही थिएन । कृष्णप्रसाद, तिमीले पैसा कमायौ, आफ्नो र आफ्नो पविारको निम्ति । तिमी अहिले जो घमण्ड गरिहेका छौ, त्यसमा घमण्ड गर्नु पर्ने त केही कुरा छैन । तिमीले के गऱ्यौ ? तिमीले जे गऱ्यौ त्यो सब आफ्नो र आफ्नो परिवार निम्ती मात्र गऱ्यौ। त्यो त... जुनसुकै एउटा स्वार्थी व्यक्तिले पनि गर्नसक्छ । जबसम्म तिमी अरुको निम्ति केही गर्दैनौ, तबसम्म तिमीले कमाएको सम्पत्तिको कुनै माने छैन । यस्तो आकाशवाणी हठात् सुनेपछि उनी झल्याँस्स भए। त्यसपछि उनी घरमा आए र आफ्नो श्रीमतीलाई सबै कुरा भने, अब मैले केही कुरा गर्नुपर्छ । त्यसमा उनकी श्रीमतीले उनलाई प्रोत्साहित गरिन् । उनले स्कूल तथा अस्पताल खोल्ने योजना बनाएको आफ्ना साथीहरुलाइ सुनाए। सरकारले गर्ने काम गर्नु हुँदैन भनेर उनीहरूले सुझाए । उनले भने, “मैले त हिजो देववाणी सुनिसकेँ, म त गर्छु गर्छु ।” त्यसपछि उनी कलकत्ता गएर एउटा डाक्टर र एउटा शिक्षकको विज्ञापन गरी तिनलाई विराटनगरमा ल्याई एउटा अस्पताल खोले । एउटा संस्कृत पाठशाला खोली, आफ्नै खर्चमा ६० जना जति विद्यार्थीहरुलाई पढाए। पछि, त्यसैलाई सरकारले लिएर चलायो । विराटनगरको पहिलो अस्पताल उनले नै खोलेका थिए । एक दिन उनी आफुले नै बसाएको चन्द्रगन्ज बजारको सडकमा काँटा (तराजु) हरूमा केही तौलाइरहेका थिए । त्यति बेला पूर्वी पहाडबाट ढाक्रेहरुको ठूलो हुल आइरहेको थियो । उनीहरुले त्यो हेरिरहेका थिए । उनीहरुका लुगा फाटेका थिए । उनीहरुका फाटेका लुगा देखेर कृष्णप्रसादलाइ साह्रै ग्लानी भएछ। त्यहाँका कपडा व्यपारी असर्फी मिश्रलाई भनेर उनले ति ढाक्रेहरुलाई नयाँ लुगा सिलाइ दिए।

तीमध्ये एउटाको लुगाको पार्सल बनाएर तत्कालीन श्री ३ महाराज चन्द्रशमशेरलाई व्यङ्ग्य गरेर एउटा पत्र लेखे । "सरकारले आफूले लगाएको पोशाक र आफ्नो प्रजाको पोशाकको फरक हेर्नको लागि यो पार्सल पठाउँदै छु । यो खोल्दा गन्हाउला त्यसो हुनाले सरकारले टाढै बसेर खोल्न लगाई हेरिबक्सेला ।" त्यसभन्दा पहिले उनले आफ्नी, रामचन्द्र अधिकारी, सरदार कालीदासकी पत्नी र अन्य महिलाहरुलाई समावेश गरेर एउटा महिला संगठन बनाएर पठाएका थिए । जसको संरक्षक चन्द्रशमशेरकी महारानीलाई राखेका थिए र उनले सहमति पनि दिएकी थिइन् । त्यसपछि त्यो पार्सल पुगेको थियो । त्यहाँ त्यसको नराम्रो असर पर्‍यो । तर चन्द्रशमशेरले तत्काल त्यसको कुनै प्रतिक्रिया जनाएनन् । त्यसको धेरै दिनपछि दशैंको बेलामा कृष्णप्रसाद कामको सिलसिलमा विराटनगर आएका थिए । त्यसताका केशरबहादुर के.सी.का बाबु कर्णेल जीतबहादुर विराटनगरमा बडाहाकिम थिए । उनलाई कृष्णप्रसाद कोइराला निकै विश्वास गर्थे । उनी पछिसम्म भन्थे, "जीतबहादुरले मलाई निकै मद्दत गरेका छन् ।" कृष्णप्रसाद कोइराला विराटनगर जाने बेला पक्राउ गर्नु भन्ने आदेश त्यहाँका बडाहाकिमलाई आइसकेको रहेछ । त्यतिवेला कृष्णप्रसादका धेरै ठेक्काहरु थिए । कुनैमा कामको हिसाब किताब फछ्र्यौट गर्न बाँकी थियो, भने कुनैमा काम गर्नै बाँकी थियो । त्यसकै सिलसिलामा उनी विराटनगरमा थिए । त्यसै बेला त्यहाँका बडाहाकिमले कृष्णप्रसाद कोइरालालाई भनेछन, "तिम्रो त कलकत्तमा धेरै व्यापार छ । किन जाँदैनौ कलकत्ता, धेरै भयो तिमी कलकत्ता नगएको ।" कृष्णप्रसादले भने, "कलकत्ता त जानु छ तर दशै सिध्याएर जाने विचार गरेको छु ।" वडाहाकिमले भनेछन,"दशै त हरेक बर्ष आउँछ । दशै त अर्को बर्ष पनि आउला, तर व्यापारलाई राम्रो हुँदैन जाऊ ।" त्यो भनाईको तात्पर्य बुझेर कृष्णप्रसादले त्यसो भए एक चोटी घर पुगेर आउँछु भन्दा, घर पनि किन जान्छौ । यो मेरो घोडा छ, लिएर जाउ भनेर बडाहाकिमले भने । तिनको घोडा लिएर कृष्णप्रसाद आफ्नो गोलामा गए, जहाँ धानको खरिदबिक्री हुन्थ्यो । त्यहाँ जति पैसा थियो लिएर उनी मुग्लान पसे । उनी जोगवनी पुग्नासाथ विराटनगरमा उनलाई पक्राउ गर्ने पुर्जी जारी भयो । ऋणीहरुबाट कृष्णप्रसादले लिनुपर्ने ऋण मिनाहा गरियो । उनको सम्पूर्ण सम्पत्ति जफत गरियो ।

त्यसपछि उनको परिवारको भागाभाग भयो । सबै परिवार र रामचन्द्र अधिकारी (मनमोहन अधिकारीका पिता) सहित ४५ जनाको डफ्फा सबै वनारस पुगे । त्यहाँ एउटा ठूलो घर लिएर बडो दुखका साथ उनीहरुले आफ्नो जीवन बिताए । जसको बयान गरि साध्य छैन । त्यतिबेला भारतमा गान्धीजीको अंग्रेज विरुद्धको भारत छोडो आन्दोलनको शुरुवात भएको थियो । एक दिन भारतीय नेताहरु माहात्मा गान्धी, जवाहरलाल नेहरु लगायतका नेताहरूको वनारसको असिघाटको बगैंचामा सभा भइरहेको थियो । त्यस सभामा गान्धीजीले आफ्नो सम्बोधनमा सरकारी स्कूल छोड, राष्ट्रिय स्कूलमा पढ, भनेर सम्बोधन गरेको सुनिसकेपछि ८ बर्षका वालक वीपीले आफ्नो दाजुको रोकावटको बाबजुत पनि "हम स्कूल नहि जाएंगे" भनेर आफु बसेको स्थानबाट जुरुक्क उठेर भने । उनले सभामा स्कूल जादैन भनेको वेला उनको स्कूलमा जाँचको बेला थियो । पछि त्यहि कुरा उनका दाजुले पनि भने । उनको यस्तो साहस देखेर वी.पी.लाई नेहरुले सभामा लगे, र फुलमाला लगाएर उनको सम्मान गरे । बनारसमा कृष्णप्रसादको घरमा विभिन्न विचारधाराका भारतीय नेताहरु आउने जाने गर्थे । त्यतिबेला त्यहाँ थुप्रै नेपाली व्यापारीहरु केदारनाथ ढङ्गाना (दमनाथ ढुङ्गनाका पिता) देवीप्रसाद सापकोटा आदि लगायत अन्य व्यक्तिहरू पनि थिए । उनको घरमा नेपालीहरुको जमघट हुनेगर्थ्यो र राजनीतिक छलफल पनि हुन्थ्यो । वनारसमा बस्ने अरु नेपालीहरू भन्थे, "भारतीय राष्ट्रिय आन्दोलन हाम्रो होइन ।" तर कृष्णप्रसादजी भन्थे, "यो आन्दोलन हाम्रो पनि हो । किनभने अंग्रेजहरुले नेपालको एकतन्त्रीय राणाशासनलाई संरक्षण गरेका छन् ।" तसर्थ राणाशासन खतम गर्न पनि भारतबाट अंग्रेज शासन हट्नु पर्छ ।" केही समयपछि कृष्णप्रसाद कोइरालाको परिवार वनारसबाट भागलपुर सऱ्यो । उनले त्यहिँ स्कूल खोले र सबैले पढाइ गरे । त्यहाँ टेढी भन्ने ठाउँमा उनीहरुले खेतिपाती शुरु गरे । आफ्नी बहिनी नलिनी र सानीमा (वीपीकी आमाकी बहिनी तथा सुशिलका पिता बोधप्रसादकी पत्नि) ले आफुसँग भएको सुन उनलाइ पढनको लागि खर्च स्वरुप दिएपछि वी.पी.आफ्नो अध्ययनको लागि वनारस गए । आफ्नी हजुरआमा सँग बस्ने खाने र त्यहाँको हरिश्चन्द्र स्कूलमा कक्षा ७ मा भर्ना भएर पढन थाले । त्यहाँ उनले छात्रवृत्ति स्वरुप करिब ५० प्रतिशत मासिक शुल्कमा छुट पाएका थिए ।

त्यहाँ उनले खुब मन लगाएर पढे । उनले भाग लिएको कार्यक्रमहरूमा जहिले पनि जे मा पनि उनी प्रथम हुन्थे। उनले सन् १९२९/३० वनारसबाट मेट्रिक पास गरे । वनारसमा उनको सङ्गत आतङ्कारीसँग भयो । वीपी र मातृकाप्रसाद कोइराला पक्राउ परे। सोधपुछ गरी केही दिन वनारस जेलमा राखियो । त्यहाँबाट मोतिहारी लगियो । जहाँ उनको वास्तविक मुद्दा चलाइएको थियो। त्यहाँ उनलाई आतङ्कवादी गतिविधिमा संलग्न रहेको देख्ने साक्षीहरुबाट चिन्न लगाइयो । उनीहरुले चिन्न नसकेपछि सङ्काको सुविधाबाट उनी जेलबाट छुटे। मोतिहारी मुद्दाबाट छुटेपछि वीपी वनारसको कलेजमा भर्ना भए। त्यतिबेला उनको परिवार बेतियामा थियो। त्यहाँ साह्रै दुखका साथ उनीहरुले जीवन बिताइरहेका थिए। त्यहीँ उनको भाइ हरिहरको हैजाका कारण मृत्यु भयो ।

चन्द्रशमशेर र कृष्णप्रसाद कोइराला एक अर्काको कदर गर्थे । चन्द्रशमशेर, कृष्णप्रसादको कदर त गर्थे, तर नेपाल आउन दिँदैनथे । नेपाल आउनका लागि कृष्णप्रसाद कोइरालाले माफी माग्नु पर्ने चन्द्रशमशेरको अडान थियो । कृष्णप्रसाद कोइराला पनि चन्द्रशमशेरलाई मान्थे तर माफी माग्ने कुरामा सहमत थिएनन्। चन्द्रशमशेर कृष्णप्रसादलाई नेपाली किताबहरू र दुबैको रोग एउटै भएकाले औषधी पनि पठाइदिन्थे। साह्रै सहि नसक्नु दुख परेपछि कृष्णप्रसादले चन्द्रशमशेरलाई नेपाल आउन पाऊँ भनेर चिठी लेखेर पठाउने सुर गरे तर पठाएनन्। त्यसको भोलिपल्टै चन्द्रशमशेर मरेको र भीमशमशेर प्रधानमन्त्री भएको खबर पत्रिकामा आयो। कृष्णप्रसाद कोइरालाले उनलाई चिठी लेखे, आउन भनेपछि नेपाल फर्के । वनारसमा वीपी कोइरालाको मार्क्सवादी विचारधाराका व्यक्तिहरुसँग कुराकानी भएको थियो । उनीहरुले भौतिक जगत् र जीवनको बारेमा उनलाई बताएका थिए । मार्क्सवादी विचारधाराबाट प्रभावित भए पनि पछि उनी सो विचारबाट अलग्गिए । त्यसपछि कलेजको अध्ययनका लागि उनी वनारस गए। त्यहाँ जीतपुरमा उनी र जयप्रकाश नारायणका भाइ राजा मिलेर एउटा घर भाडामा लिएर बसे। त्यहीँ एक दिन जयप्रकाश नारायणसँग उनको भेट भयो। त्यसैताका भारतमा कांग्रेस सोसलिस्ट पार्टीको गठन भयो । वीपी कोइराला त्यसका सुरुको नै सदस्य भए ।

जयप्रकाश नारायणसँगको उनको सम्बन्ध धेरै पछिसम्म पनि रह्यो । उनको पार्टीको गतिविधि विहारतिर बढी केन्द्रित थियो । उनी र देवेन्द्र उतैतिर गए । यसै बीचमा उनले वि.ए. पास पनि गरे । त्यसपछि उनले कलकत्ताबाट कानुनमा स्नातक गरे । उनले वकिलको लाइसेन्स पनि लिएका थिए । एक पटक वीपी कोइराला विराटनगर आएका थिए । त्यहीबेला उनका ससुरा पनि विराटनगर आए । उनले कृष्णप्रसादसँग आफ्नी छोरीको विवाह वीपीसँग गर्ने प्रस्ताव गरे । कृष्णप्रसादले वीपीसँग नै सोध्न भनेपछि कलकत्तामा केटी हेर्ने तय भयो । वीपीले केटी हेरे, विवाह पनि गरे । वीपी कोइराला एक पटक वकालत गर्न दार्जलिङ्ग गएका थिए । संवैधानिक तथा राजनीतिक विषयका मुद्दाहरुको बहस गर्न चाख मान्ने तर सम्पत्ति सम्बन्धी झगडाको बहस त्यति नरुचाउने उनको बानी थियो । त्यसबेला उनी हिन्दीमा आफ्नो विचार लेख्थे । दार्जलिङ्गबाट सूर्यविक्रम ज्ञवालीले नेपालीमा लेख्न भनेपछि उनले एउटा **'इन्द्रवदन'** भन्ने कथा लेखेका थिए । जो, सिद्धिचरण श्रेष्ठ सम्पादक भएको शारदा पत्रिकामा छापियो । त्यसको निकै चर्चा भएको थियो । त्यतिबेलाका राजनीतिक चर्चाहरुमा हिटलर र मुसोलिनीको निकै चर्चा हुन्थ्यो । द्वितीय विश्वयुद्ध शुरु भइसकेको थियो । वीपी कोइराला दार्जलिङ्ग भएकैबेला नेपालमा निरङ्कुश राणा शासनको विरोध गरे वापत् टंकप्रसाद आचार्य गणेशमान सिंह आदि व्यक्तिहरु समातिएका थिए । त्यो कुरा थाहा पाइसकेपछि वकालत गर्न दार्जलिङ्ग गएकै बेला उनी वकालत छाडेर आफ्नो देशको राजनीतिमा उत्रने निधो गरे । त्यसको केही समय उनी विहारको मजदुर क्षेत्रमा संलग्न रहे । यस दौरानमा उनी तमाम पटक समातिने र छुट्ने क्रम चल्यो । एक पटक उनी दरभङ्गा र समस्तीपुरको बीचमा रहेको मोख्तापुर जेलमा परे । त्यहाँबाट छुटेपछि उनी जनकपुर गए । सन् १९४२ को अंग्रेज विरुद्ध भारत छोडो आन्दोलनबाट भागेर भारतीय नेताहरु जनकपुर आएका थिए । कृष्णप्रसादले उनीहरुको खाने बस्ने व्यवस्था गरेका थिए । त्यहाँ उनको राइस मिल थियो । त्यसको केही समयपछि वीपी कोइराला पटना गए । त्यहाँ पुग्नासाथ उनलाई पक्राउ गरेर राजेन्द्रबाबु रहेको जेलमा लगेर राखियो । त्यस जेलमा राजेन्द्रबाबु र उनी मात्रै केन्द्रिय बन्दी थिए । उनीहरु जेलभित्र सोसलिस्ट पार्टीको बारेमा खुब छलफल गर्थे । पटनाका गभर्नरले जेलको निरीक्षण गर्दा वीपी नेपाली भएको थाह पाएपछि

गभर्नरले भने, "तिमी यिनीहरुसँग कसरी मुछिन पुग्यौ ?" उनले भने, "मलाइ थाह छैन ।" वीपीले भने । नेपाल जाने भए एप्लिकेसन देऊ भनेर गभर्नरले भने । वीपीले पनि हुन्छ भने । तर राजेन्द्रबाबुले उनलाई नेपाल नजान सुझाव दिए र वीपीले पनि त्यो कुरा माने । पछि वीपीको र राजेन्द्रबाबुको सामिप्यता यति बढ्यो कि जेलमा राजन्द्रबाबुले पाउने सुविधा वीपीलाई अनिवार्य हुनैपर्ने व्यवस्था भयो । पछि दुबैजनालाई सँगै हजारीबाग जेलमा सारियो । जेलमा रहँदा उनले माहात्मा गान्धीको आव्हानमा आफूले लगाएको कोटमा झन्डाको लोगो लगाएर बसेको हुनाले उनलाई सुत्नेबेलामा एकान्त कोठामा ताल्चा लगाएर थुनेर राख्ने गरियो । त्यहीँबाट उनको घाँटीमा समस्या आएको थियो । सन् १९४५ मा वीपी भारतीय जेलबाट छुटे । उनी जेलबाट छुटेकै दिन उनले आफ्नो पिताजीको देहान्तको खबर पाए ।

त्यसैबेला मनमोहन अधिकारी पनि भारतीय जेलबाट छुटेका थिए । भारतीय कम्युनिष्टहरू आफूतिर पार्न उनलाई भेटिरहेका थिए । उनको पक्षमा नगए पछि उनीहरुले कटु आलोचना पनि गरेका थिए । यसै बीचमा वीपी विरामी परे । उनको घाँटीमा क्यान्सर भयो । सन् १९४५ को अक्टोबरमा अखिल भारतीय कांग्रेसको मिटिङ्ग बम्बैमा भएको थियो । राजेन्द्रबाबु त्यसका अध्यक्ष थिए । उनले वी.पी.लाई बम्बै लगेर गएका थिए । राजेन्द्रबाबुको सिफरिसमा बम्बैको टाटा मेमोरियल हस्पिटलमा वी.पी.को घाँटीको अप्रेसन भई उपचार गरिएको थियो । उपचारको सिलसिलामा उनी ६ करिब महिना जति बम्बै बसेका थिए ।

सन् १९४६ मा हिन्दुस्थान स्वतन्त्र हुने तरखरमा थियो । त्यसै बखत नेपालमा पनि जुद्ध शमशेरको मृत्युपछि पद्मशमशेर प्रधानमन्त्री भएका थिए । उनी उदारवादी विचार भएका हुनाले वीपीले अब तपाईले अधिकार पाउनुभयो, प्रजातन्त्र दिन पनि थाल्नुपर्छ । जनताको राजनीति थाल्नुपर्छ भनेर चिठी लेखेका थिए । त्यही बीचमा वीपीले ४ अक्टोबर १९४६ मा नेपालमा द्धितीय विश्वयुद्धपछि नयाँ परिवर्तन स्वतन्त्रताको लागि आएको छ । र, त्यस अवसरलाई हत्याउनको निम्ति व्यापक आधारमा नेपालीहरुको एउटा प्रजातान्त्रिक सङ्गठन बन्नु पर्दछ, भन्ने आव्हान गरेर एउटा वक्तव्य दिए ।

उनको त्यस आव्हानको उनले व्यापक प्रति उत्तर पाए । उनलाई चिठीहरु आए । भारतबाट र नेपालबाट लुकीलुकीकन पनि मान्छेहरु उनलाई भेट्न आए ।

त्यसपछि उनी वनारस आएर कृष्णप्रसाद भट्टराई, गोपालप्रसाद भट्टराई र बालचन्द्र शर्मालाइ भेटेर एउटा कमिटि बनाउने सल्लाह गरे । दार्जलिङ्गमा हिन्दु मुस्लिम दङ्गा भएको थियो । त्यसबेला त्यहाँका मारवाडीहरु र अरू व्यपारी समुदायले नेपालीहरुले संरक्षण दिन सक्छन् । सुरक्षा प्रदान गर्न सक्छन, भनिकन नेपालीहरुको एउटा जमात बनाउन सहायता गरेका थिए । त्यसै बखत वीपी कोइरालाको महावीर शमशेरसँग भेट भएको थियो । उनीसँग तमाम पैसा थियो । कलकत्ताको हुमायु सिनेमा हल उनकै थियो । महावीर शमशेर कलकत्तामा जुन घरमा बसेका थिए । त्यो वारेन हेस्टिक्स बसेको घर थियो । उनी शाही ठाँटमा त्यहाँ बसेका थिए । वीपी कोइराला त्यही घरमा उनलाई भेट्न गए र भेटे । नेपालको निरङ्कुश शासन विरुद्ध आन्दोलन गर्ने कमिटी गठन गरे । महावीर शमशेरले सुवर्ण शमशेर र आफूले उक्त सङ्गठनको लागि बराबर खर्च गर्नुपर्छ भन्ने शर्त राखेका थिए । त्यति बेला कलकत्तामा र वनारसमा अलग अलग कमिटि बनेका थिए । एउटा पार्टी बनाउनको लागि सम्मेलन गर्नुपर्ने भयो । कलकत्ता वालाले भने, “सम्मेलनको खर्च हामी व्यहोर्छौं । सम्मेलन कलकत्तामा हुनुपर्छ ।” वनारसवाला पनि वनारसमै गर्न चाहान्थे । तर वनारसवालासँग खर्चको कमी भएकाले पार्टीको पहिलो सम्मेलन कलकत्तामा भयो । त्यस सम्मेलनमा गणेशमान सिंहले पनि भाग लिएका थिए । उनी नेपालको जेलबाट भागेर गएको हुनाले उनलाई कार्य समितिमा राखिएन । नेपालको जेलमा रहेका टङ्कप्रसाद आचार्य पार्टीका प्रथम सभापति छानिए ।[१]

[२]राणा शासनको अन्त, प्रजातन्त्रको वकालतको लागि २००७ सालको सशस्त्र क्रान्तिका पूर्व देशभित्र गुप्तरुपले र देशबाहिर भारतमा खुल्ला रुपमा राजनीतिक दलहरु स्थापना भई सक्रिय भइसकेका थिए ।

[१] स्रोतः खगेन्द्र नेपालीले वाचन गरेको वीपी कोइरालाको आत्मवृतान्त कथा भाग १ YouTube मा Upload भएको Audio Record Video

वि.सं. १९८८ मा उत्साही युवाहरुले 'प्रचण्ड गोर्खा' नामक संस्था खोलेका थिए तर काम गर्न नपाउदै यसका सदस्यहरु पक्राउ परे । त्यसपछि वि.सं. १९९३ सालमा टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, रामहरि शर्मा आदि व्यक्तिहरु मिलेर 'प्रजापरिषदको' स्थापना गरे । उनीहरुले राणा विरोधी जनचेतना फैलाउने र पर्चा वितरण गर्ने कामहरु गरे । यिनीहरुकै माध्यमद्वारा तत्कालीन राजा श्री ५ त्रिभुवनसँग निकै गोप्य तवरले संवाद, सहयोग र सहमति लिने प्रयत्न सफल भएको थियो । यसका बारेमा कसैले 'चुँ' सम्म थाहा पाएनन् भने पक्रने त कुरै भएन । यस्ता राणा विरोधी गतिविधिमा संलग्न व्यक्तिहरूका बारेमा सूचना दिनेलाई रु.५ हजार इनाम दिने जानकारी गोरखापत्रमा छापियो । त्यही रकमको लोभले रामजी जोशीले पोल खोलिदिए । पोल खुले लगत्तै सबै पक्राउ परे । तिनीहरूमध्ये केहीलाई मृत्युदण्ड दिइयो । जसमा शुक्रराज शास्त्रीलाई वि.सं. १९९७ माघ ९ गते र धर्मभक्त माथेमालाई वि.सं. १९९७ माघ ११ गते रुखमा झुण्ड्याएर मारियो । दशरथ चन्द र गंगालाल श्रेष्ठलाई गोली हानी हत्या गरियो । केहीलाई कैद सजाय र बाँकीको सर्वस्वहरण हुन पुग्यो ।[२]

[३] वि.सं. २००३ सालमा कात्तिक १५ गते तद्नुसार सन १९४६ अक्टोबर ३१ तारिख भारतको बनारसमा केही व्यक्तिहरू मिलेर **"अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस"** नामको पार्टीको स्थापना गरे । यसबेलाका संस्थापक नेताहरुमा संयोजक श्री विश्वेश्वरप्रसाद कोइराला, सभापति श्री देवीप्रसाद सापकोटा, उपसभापति श्री बालचन्द्र शर्मा, प्रधानमन्त्री (महामन्त्री) श्री कृष्णप्रसाद उपाध्याय भट्टराई, प्रचारमन्त्री श्री गोपालप्रसाद उपाध्याय भट्टराई, सदस्यहरु क्रमशः श्री दिनानाथ सापकोटा, श्री लक्ष्मीप्रसाद सापकोटा र कार्यालय मन्त्री (सचिव) श्री ईश्वर बराल रहेका थिए । एकतन्त्रीय रणाशासनको विरोधमा छिटै एक नयाँ पार्टीको स्थापना गर्न त्यसको अधिवेशन, नाम, झन्डा, विधान आदि सबै तयारीको जिम्मेवारी दिएर यसको गठन गरिएको थियो । त्यसै साल डिसेम्वर ३ र ४ तारिखमा बसेको बैठकको निर्णयानुसार वि.सं. २००३ साल माघ १२ र १३

[२] स्रोतः क्रियशीलता (राजनीति, संगठन र व्यक्तित्व विकास) रबिन्द्र उप्रेती र देवा उपाध्याय (उप्रेती) द्वारा लिखित दोश्रो संस्करण २०७५ मंसिर २७ मा प्रकाशित पुस्तकको पेज नं. ६ को पहिलो र दोश्रो अनुच्छेदमा उल्लिखित

गते तद्नुसार सन १९४७ जनवरी २५ र २६ तारिख पार्टीको पहिलो महाधिवेशन कलकत्तास्थित भावनीपुरको खाल्सा स्कुलको प्राङ्गणमा भएको थियो । यस महाधिवेशनमा भाग लिन नेपालका केही प्रमुख स्थानबाट र भारतको विभिन्न भागहरुबाट नेपालीहरु प्रतिनिधि भएर आएका थिए । वि.सं. २००३ साल माघ १२ गते कलकत्ताको भवानीपुरमा वी.पी.कोइरालाको अध्यक्षतामा बसेको महाधिवेशनको पहिलो बैठकले नवगठित पार्टीको नाम **"नेपाली राष्ट्रिय कांग्रेस"** राख्यो । यसको झन्डा माथिल्लो भाग सेतो, बीचको भाग हरियो, तल्लो भाग पँहेलो रङ्को त्यसको बायाँपट्टिको मध्यभागमा रातो उदाइरहेको सूर्य अङ्कित थियो । त्यसै दिन यसको विधान र विभिन्न प्रस्तावहरु पारित गरियो । यसका उद्देश्य अहिंसात्मक संघर्षद्वारा जनताको सहयोगले नेपालमा जनउत्तरदायी सरकार गठन गर्ने रहेको थियो । महाधिवेशनको दोश्रो दिन माघ १३ गते बसेको बैठकले कार्यकारी समितिको चयन गर्यो । जसमा सभापति श्री टंकप्रसाद आचार्यलाई चयन गरियो, जो नेपालको जेलमा थिए । सभापति जेलमा भएकाले श्री विश्वेश्वरप्रसाद कोइरालालाई कार्यवाहक सभापति बनाइयो । नेपाली राष्ट्रिय कांग्रेसको स्थापनामा गणेशमानसिंह उल्लेखनीय योगदान रहेको थियो । उनी नेपालको जेलबाट भागेर गएकोले भारतमा पनि उनको खोजी भइरहेको थियो । उनले उक्त महाधिवेशनमा पनि आफ्नो छद्मनाम कृष्णबहादुर प्रधानको नामबाट भाग लिएका थिए । तत्काल पार्टीको कन्द्रीय कार्यालय काशीमा राखिने र उचित समयमा काठमाडौंमा सारिने, शाखा कार्यालयहरु भारतको विभिन्न स्थानमा राखिने निर्णय गरिएको थियो । यस पार्टीका मूलभूत उद्देश्य एकतन्त्रीय राणाशासनको विरोधमा यथाशीघ्र देश भित्रैबाट सशक्त ढङ्गले गतिविधि सञ्चालन गर्ने थियो । भारतमा नेपालको राणा शासन विरोधी पार्टी गठन भइसकेपछि वि.सं.२००३ साल फागुन २१ गतेदेखि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगरमा मजदुर आन्दोलन शुरु भयो । नेपाली भूमिमा भएको यो पहिलो आन्दोलन थियो । राणाहरुले यसको कठोर दमन गर्न काठमाडौंबाट थप सेना पठाए । वि.सं. २००३ चैत्र १२ गतेका दिन बिहानै वी.पी.कोइराला, गिरिजाप्रसाद कोइराला, मनमोनहन अधिकारी, गेहेन्द्रहरि शर्मा र युवराज अधिकारी पक्राउ परे । उनीहरुलाई धनकुटा पुर्‍याएर त्यहाँबाट पहाडै पहाड काठमाडौं ल्याइयो ।

त्यसको विरोधमा मजदुरहरुले सशक्त आन्दोलन अघि बढाए । चैत्र १४ गते विशाल जुलुस प्रदर्शन भयो । त्यसमा सेनाले वर्वरतापूर्वक गोली चलायो । मजदुर नेता तुलाराम तामाङ घटनास्थलमै मारिए । अरु कैयौं घाइते भए । वीपीकी आमा दिव्या कोइराला लगायत नलिनी उपाध्याय, इन्दिरा आचार्य, कामिनी गिरी आदि दर्जनौंलाई पक्राउ गरेर धनकुटा जेलमा राखियो । नेपाली राष्ट्रिय कांग्रेसको चैत्र २७ र २८ गते जोगवनीमा भएको सम्मेलनले पक्राउ परेका सबैलाई चैत्र महिनाभित्र रिहा नगरे २००४ साल वैशाख १ देखि सत्याग्रह आन्दोलन गर्ने निर्णय गऱ्यो । सोही निर्णयबमोजिम सत्याग्रह आन्दोलन शुरु भयो । अनेकौंले गिरफ्तारी दिंदै गए । काठमाडौं उपत्यकामा महिनौंसम्म सशक्त रुपले आन्दोलन भईरह्यो । यो सत्याग्रह आन्दोलनले श्री ३ महाराजलाई राजवन्दी रिहाइका साथै संवैधानिक सुधार गर्छु भन्न बाध्य पाऱ्यो ।

वि.सं. २००४ सालको भाद्र महिनामा वीपी कोइरालालाई रिहा गरियो । वि.सं. २००४ सालको फागुन २० देखि २२ गतेसम्म भारतको बनारसमा नेपाली राष्ट्रिय कांग्रेस पार्टीको दोश्रो महाधिवेशन भयो । त्यसले वीपी कोइरालालाई सभापति छान्यो, र डिल्लीरमण रेग्मी कार्यवाहक सभापति छानिए । यहाँसम्म आइपुग्दा नेपाली राष्ट्रिय कांग्रेस विरोध र संघर्षको सशक्त पार्टी भएर देशको प्रत्येक भागमा पुगिसकेको थियो । सबै सिमावर्ती स्थानमा यसका शाखा कार्यालयहरु खुलिसकेका थिए । [३]

[४] वि.सं. २००५ सालको कार्तिकमा वीपी कोइराला भूमिगत रुपमा काठमाडौं आए । काठमाडौं आएको केही दिन पछि उनी पक्राउ परे । उनलाई अत्यन्तै क्रुरताका साथै नेल र हतकडी लगाएर अस्वस्थकर कोठामा एक्लै राखिएको थियो । त्यसको केही महिनापछि उनले आमरण अनसन शुरु गरे । अनसनको २६ औं दिन श्री ३ मोहनशमशेरले उनकी आमा दिव्या कोइरालालाई बोलाएर माफी मागेर वीपीको अनसन तोडाउन भन्दा, उनले भनिन्, **"मेरो छोरो वीपी मरे मरोस् मलाइ त्यसको चिन्ता छैन, चार वर्ष अघि जेलमै मैले मेरा**

[३]स्रोतः बी.पी.र हामी वैचारिक बहस नामको पहिलो संस्करण २०७४ प्रकाशित पुस्तकको पेज नं.१९ देखि २३ सम्म पुरुषोत्तम बस्नेतको लेखमा उल्लिखित ।

**पतिको अन्त्येष्टि गरेकी हुँ, छोराको पनि यहीँ अन्त्येष्टि गर्न तयार भएर आएकी छुँ।"** अनसनको २९ दिनमा मृत्युको मुखैमा पुगेपछि मात्र उनलाई २००६ सालको जेठ १५ गते रिहा गरियो।

वीपी कोइराला नेपालको जेलमै रहेको बेला वि.सं. २००५ साल फागुन १८, १९ र २० गते भारतको दरभङ्गामा **नेपाली राष्ट्रिय कांग्रेस पार्टीको** तेश्रो महाधिवेशन भयो। त्यो महाधिवेशनले श्री मातृकाप्रसाद कोइरालालाई कार्यवाहक सभापति छान्यो। वीपी कोइरालालाई यथाशीघ्र रिहा नगरे २००६ साल जेठ १८ गते देखि सत्याग्रह आन्दोलन गर्ने निर्णयसहित विभिन्न अन्य प्रस्तावहरु परित गर्‍यो।[४]

[५] भारतमा रहेका सुवर्ण शमशेर, महावीर शमशेर, सूर्यप्रसाद उपाध्याय, महेन्द्रविक्रम शाह आदि व्यक्तिहरु पनि राणाशासनको विरोधमा संगठन तयार गर्ने योजनामा थिए। त्यो कुरा थाह पाएपछि वीपीले उनीहरुलाई नेपाली राष्ट्रिय कांग्रेसमा सम्मिलित हुन आग्रह गरे। नेपाली राष्ट्रिय कांग्रेस अहिंसात्मक मर्यादालाई पूर्ण पालना गर्ने पार्टी भएको र कुनै नियम कानूनको परिधिभित्र नरहेर निरंकुश हुकुमी शासनको विरोधमा अहिंसात्मक आन्दोलन सर्वथा अनुपयुक्त हुन्छ। त्यसको विरोधमा सशस्त्र संघर्ष गर्न सक्ने संगठनको आवश्यकता छ भन्ने धारणा भएको हुनाले उनीहरू उक्त पार्टीमा सम्मिलित नभई वि.सं. २००५ साल पुष १५ गते भारतको कलकत्तामा **नेपाल प्रजातन्त्र कांग्रेस** नामको छुट्टै पार्टीको स्थापना गरे। यसको केन्द्रीय कार्यालय फ्री स्कूल स्ट्रीट कलकत्तामा र अरू विभिन्न स्थानमा शाखा कार्यालय राखिए। वि.सं. २००६ सालको मध्येतिर आइपुग्दा वीपी र नेपाली राष्ट्रिय कांग्रेसका अरू नेताहरुले पनि राणाहरुको कठोर निरंकुशता, वर्वरता र पाशविक व्यवहारलाई नजिकैबाट देखिसकेका थिए। उनीहरु सबैलाई राणातन्त्रको विरोधमा अहिंसात्मक पद्धति उपयुक्त हुनसक्दैन भन्ने महसुस हुन थालेको

[४]स्रोतः बी.पी.र हामी वैचारिक बहस नामको पहिलो संस्करण २०७४ मा प्रकाशित पुस्तकको पेज नं. ७८ मा नवराज लम्साल को लेखमा उल्लिखित

थियो । यसले नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको सम्बन्धलाई नजिक पार्दै लग्यो । यी दुई पार्टीका नेताहरू मुख्यतः वीपी कोइराला र सुवर्ण शमशेरका बीचमा अनेकपटक छलफल र विचार विमर्श भयो । अन्ततः २००६ साल चैत्र २७ गते तद्नुसार सन १९५० अप्रिल ९ तारिखका दिन भारतको कलकत्ताको टाइगर सिनेमा भवनमा यी दुवै पार्टीका प्रतिनिधिको संयुक्त अधिवेशन भयो । त्यही अधिवेशनले यी दुई पार्टीको विधिवत एकीकरण गरेर **"नेपाली कांग्रेस पार्टी"** को गठन गऱ्यो । नवगठित पार्टी **नेपाली कांग्रेस** को सभापतिमा मातृकाप्रसाद कोइराला र महामन्त्रीमा महेन्द्र बिक्रम शाह भए । दुबै पार्टीका तर्फबाट चार चार जना केन्द्रीय सदस्य रहने निर्णयानुसार, नेपाली राष्ट्रिय कांग्रेसका तर्फबाट वीपी कोइराला गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र दयाशंकर मुन्सी तथा नेपाल प्रजातन्त्र कांग्रेसका तर्फबाट सुवर्णशमशेर, सूर्यप्रसाद उपाध्याय, महावीर शमशेर र कुँवर कल्लु सिंह रहेका थिए । नेपाली कांग्रेसले नेपाल प्रजातन्त्र कांग्रेसको झण्डालाई स्विकार गऱ्यो । दुई बेग्लाबेग्लै पार्टीको आ-आफ्नो अस्तित्व कायम राखेर **"नेपाली कांग्रेस"** को गठन भएको थियो । तर नेपाली राष्ट्रिय कांग्रेसको स्थापना र यसको इतिहाससँगै एकीकृत नेपाली कांग्रेसलाई आवद्ध गरियो र एकीकरण अधिवेशनलाई चौथो अधिवेशन मानेर वि.सं. २००३ साल माग १२ गते लाई नै ऐतिहासिक दिन मानियो । दुई पार्टीको एकीकरण भइसकेपछि **नेपाली कांग्रेस** पार्टीको पाँचौ महाधिवेशन आफ्नै देशभित्र २००९ सालको जेठमा जनकपुरमा भयो । जसको सभापतिमा श्री विश्वश्वरप्रसाद कोइराला, महामन्त्रीद्वय श्री धनमानसिंह परियार र श्री राजेश्वरीप्रसाद उपाध्याय लगायत १६ सदस्यीय समिति छान्यो । यसै बेला अध्यक्ष श्री विश्वेश्वरप्रसाद कोइराला, मन्त्री श्री महेन्द्रनारायण निधि सदस्यहरु श्री मातृकाप्रसाद कोइराला, श्री सूर्यप्रसाद उपाध्याय, श्री सुवर्ण समशेर जबरा र श्री रामेश्वप्रसाद सिंह रहेको पार्लियामेन्ट बोर्ड गठन भएको थियो । त्यसपछि वि.सं.२०१२ साल फागुन १७ गते वीरगन्जमा पार्टीको सम्पन्न भएको छैठौं महाधिवेशनबाट सुवर्ण शम्शेर सभापति, सूर्य प्रसाद उपाध्याय महामन्त्री लगायत २४ जना रहेको समिति चयन भयो । सोही दिन राजेश्वरीप्रसाद उपाध्याय, सेक्रेटरी र वीपी कोइराला, रुद्रप्रसाद गिरी,

त्रिवेणीप्रसाद प्रधान, गिरिजाप्रसाद कोइराला, रामेश्वरप्रसाद सिंह, महेन्द्रनारायण निधि र एनडी प्रकाश सदस्यहरु रहेको पार्लियामेन्ट्री बोर्ड गठन गरिएको थियो ।

वि.सं. २०१४ विराटनगरमा सम्पन्न भएको पार्टीको विशेष महाधिवेशनले पुनः वीपी कोइरालालाई नै सभापति पदको गरिमामय दायित्व सुम्पियो । त्यसपछि २०१७ साल वैशाख २५ देखि ३१ गतेसम्म काठमाडौंमा पार्टीको सातौं महाधिवेशन भयो । जसमा सभापति वीपी कोइराला, महामन्त्री श्रीभद्र शर्मा लगायत ३१ जनाको समिति छानियो । वि.सं. २०१७ सालमै तत्कालीन राजा श्री ५ महेन्द्रले शिशु अवश्थामै प्रजातन्त्रको हत्या गरे । त्यसपछि नेपालमा दलहरु माथि प्रतिबन्ध लगाइएकोले वि.सं. २०१७ साल पछि नेपाली कांग्रेस पार्टीको महाधिवेशन करिब ३१ वर्षसम्म अर्थात् वि.सं.२०४८ साल फागुनभन्दा अगाडि पार्टीको औपचारिक अधिवेशनबाट नेतृत्व चयन नभएको पाइन्छ । वि.सं. २०३९ साल साउन ६ गते वीपी कोइरालाको देहावसान पश्चात् वि.सं.२०४५ साल मंसिर १२ गते सर्वमान्य नेता गणेशमान सिंह, कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराई, महामन्त्री गिरिजाप्रसाद कोइराला, सहायक महामन्त्रीद्वय बासुदेव सिाल र योगप्रसाद उपाध्याय, कोषाध्यक्ष बेनीबहादुर कार्की लगायत जम्मा २५ जनाको केन्द्रीय रहेको पाइन्छ । त्यसपछि वि.सं. २०४८ सालमा फागुन १ देखि ३ गतेसम्म झापामा भएको नेपाली कांग्रेसको आठौं महाधिवेशनबाट सर्वमान्य नेता गणेशमान सिंह, सभापति कृष्णप्रसाद भट्टराई, महामन्त्री महेन्द्रनारायण निधि, सहायक महामन्त्री बासुदेव रिसाल, कोषाध्यक्ष खनुप रुदे (रामबाबु), प्रवक्ता तारानाथ रानाभाट लगायत जम्मा २२ जना रहेकोसमितिको चयन गरियो । सोही समितिमा ७ जना सदस्यहरु मनोनित गरेर सभापति लगायत जम्मा २९ जना रहेको केन्द्रीय कार्यसमिति पुनर्गठन गरिएको थियो । त्यसपछि नवौं, दशौं, र एघारौं महाधिवेशनबाट निरन्तर गिरिजाप्रसाद कोइराला पार्टीका सभापति छानिए ।

उनले वि.सं. २०५५ साल असोज २० गते पार्टीमा उपसभापति पदको सिर्जना गरी सुशील कोइरालालाई मनोनित गरे ।[५]

वि.सं. २०५३ सालमा भएको नेपाली कांग्रेस पार्टीको नवौं अधिवेशन पछि नेपाली कांग्रेस पार्टीमा असन्तोषका स्वरहरु सुनिन शुरु भए । झन्डै पार्टी फुटको सङ्घारमा पुग्न आँटेको थियो । वि.सं. २०५६ सालको निर्वाचन आउनै लागेकाले पार्टी फुटको संघारबाट जोगिएको थियो । त्यसभन्दा पहिले २०५१ सालको मध्यावधि निर्वाचन जो कांग्रेसकै आपसी विवादका कारण भएको थियो । त्यस निर्वाचनमा नेपाली कांग्रेस पार्टी भित्रको आपसी मतभेदका कारण पार्टीले वि.सं.२०४८ सालमा प्राप्त गरेको बहुमतको साख गुमाएर पराजय भोगी प्रतिपक्ष दलको स्थानमा पुगेको थियो । त्यस निर्वाचनमा कुनै पनि पार्टीले स्पष्ट बहुमत प्राप्त गर्न नसकेकाले अल्पमत र मिलिजुली सरकार बनाउदा आएको समस्या दोहोरिन दिन नदिन पार्टीका नेताहरू एकमत भएर कृष्णप्रसाद भट्टराईको नाम भावी प्रधानमन्त्री रुपमा घोषित गरियो । यसबाट २०५६ सालको आम निर्वाचनमा नेपाली कांग्रेसलाई फेरी संसदमा पूर्ण बहुमत प्राप्त भयो । पूर्व घोषणा गरिए अनुसार कृष्णप्रसाद भट्टराई नेपालका प्रधानमन्त्री भए । तर त्यो धेरै दिनसम्म रहन सकेन । त्यसको केही महिना पछि पार्टी भित्रैबाट उनलाई प्रधानमन्त्री पदबाट राजीनामा गर्न बाध्य पारियो । त्यही दिनबाट पार्टीमा विवाद फेरि दोहोरियो । यस पटक भने विवाद चरमोत्कर्षमा पुगी त्यसको केही दिनपछि नेपाली कांग्रेस पार्टी संसद भित्रैबाट विभाजन भएर नेपाली कांग्रेस (प्रजातान्त्रिक) पार्टीको गठन भयो । जसको पार्टी सभापति र संसदीय दलको नेता शेरबहादुर देउवा नै छानिए । त्यसपछि फेरि मिलिजुली सरकार बन्ने खेल शुरु भयो । त्यसपछि नेपालमा वि.सं.२०५८ सालमा नारायणहिटी राजदरबार हत्याकाण्ड भयो ।

[५]स्रोत: बी.पी.र हामी वैचारिक बहस नामको पहिलो संस्करण २०७४ प्रकाशित पुस्तकको पेज नं.१९ देखि २३ सम्म पुरुषोत्तम बस्नेतको लेख र कार्यसमितिका सभापति लगाएतका नामहरु समाजवाद बी.पी.कोइराला र कम्युनिस्ट, शोभाकर पराजुलीद्वारा लिखित २०७२ मा प्रकाशित पुस्तकको पेज नं. १४१ देखि प्रारम्भ अनुसूचिमा उल्लिखित

शसस्त्र द्वन्द चरमोत्कर्षमा पुग्यो । निर्वाचित सरकारहरु तत्कालीन राजा ज्ञानेन्द्र शाहबाट अपदस्थ गर्ने जस्ता विभिन्न घटना तथा परिघटनाहरु भए । वि.सं. २०६४ सालमा भएको ११औं महाधिवेशन भन्दा अघि नै विभाजित दुई कांग्रेस पार्टीको एकीकरण भयो । नेपालका राजाहरूले ३/३ पटक नेपाली कांग्रेस पार्टीको निर्वाचित प्रधानमन्त्रीहरुलाई अपदस्थ गरेको हुनाले यस पार्टीले आफ्नो विधानबाट संवैधानिक राजतन्त्र झिकी लोकतान्त्रिक गणतन्त्रको बाटो रोज्यो । गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा २०६४ सालमा चैत्र २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो । यो निर्वाचनमा नेपाली कांग्रेस नेपालको राजनीतिमा दोश्रो ठूलो पार्टीको रुपमा संसदमा उपस्थित भयो । नेपाली कांग्रेसका तर्फबाट तत्कालीन संविधानसभा सदस्य डा.रामवरण यादव गणतान्त्रिक नेपालको प्रथम राष्ट्रपतिमा निर्वाचित भए । वि.सं. २०६७ सालमा भएको पार्टीको १२औं महाधिवेशनबाट सुशील कोइराला सभापतिमा छानिए । त्यसपछि प्रधानमन्त्री बाबुराम भट्टराईले वि.सं.२०६४ सालको गठित संविधानसभा विघटन गरे । वि.सं. २०७० मंसिर ४ गते संविधानसभाको दोश्रो निर्वाचन भयो । यस निर्वाचनमा नेपाली कांग्रेस ठूलो पार्टी बन्यो । वि.सं. २०७० साल माघ २७ गते तत्कालीन नेपाली कांग्रेसका सभापति सुशील कोइराला नेपालको प्रधानमन्त्री भए । उनी प्रधानमन्त्री हुँदा २ वर्षभित्र संविधान घोषण गर्ने वचनबद्धतानुसार वि.सं. २०७२ साल असोज ३ गते तत्कालीन राष्ट्रपति डा.रामवरण यादवबाट नेपालको संविधान २०७२ जारी गरियो । त्यसपछि वि.सं. २०७२ सालमा भएको १३औं महाधिवेशनबाट शेरबहादुर देउवा पार्टीको सभापतिमा निर्वाचित भएर हालसम्म कायम रहेका छन् ।

## १.१ नेपाली कांग्रेस पार्टीको 'चारतारे झन्डा', चुनाव चिन्ह 'रुख' र नेता कार्यकर्ताहरूले अभिवादन गर्ने 'जय नेपाल' शब्दको सान्दर्भिक अर्थ

कुनै पनि देश तथा देशमा सन्चालित संघ सस्था र सङ्गठनहरूको जानकारी दिन संकेतको रुपमा उनीहरूको निश्चित मापदण्डमा आधारित छुट्टै झन्डा तथा लोगो रहेको हुन्छ । त्यस्तो हुनु पनि जरुरी हुन्छ किनकि झन्डा तथा लोगोहरूलाई नै देश, संघ सस्था र सङ्गठनहरूको पहिचानको प्रतीक मानिन्छ । नेपाली कांग्रेस पार्टीको पनि पार्टीले निर्धारण गरेबमोजिम आफ्नै झन्डा, चुनाव चिन्ह र नेता कार्यकर्ताहरूको भेटघाट हुँदा/छुटिँदा अभिवादन गर्ने शब्द छनौट गरिएको छ । जसको वर्णन निम्नानुसार रहेको छ :

### १.१.१ झन्डामा रहेको रङ र ताराहरूको अर्थ

नेपाली कांग्रेस पार्टीको झन्डाको भुँई माथिल्लो, बीचको र तल्लो भाग गरी तीन भागमा विभाजन गरिएको छ । जसमा माथिल्लो र तल्लो भाग सिम्रिक जस्तो रातो रङको र बीचको भाग हिउँ जस्तो सेतो रङको छ । झन्डाको बीचमा रहेको सेतो भागको बीचमा रातो रङका पाँचकुने चारवटा ताराहरू अङ्कित गरिएका छन । जसको अर्थ निम्नानुसार रहेको छ :

- [६] झन्डाको माथिल्लो भागको रातो रङको अर्थ राजनैतिक क्रान्तिको प्रतीक हो । राजनैतिक क्रान्ति भन्नाले लोकतन्त्र प्राप्तिको लागि गरिने सङ्घर्ष हो ।
- बीचको सेतो भागले शान्ति, सद्भावना र समृद्धिको लागि विकास निर्माण भन्ने बुझाउँछ ।
- तल्लो रातो भागले आर्थिक र सामाजिक क्रान्ति भन्ने बुझाउँछ । समग्रमा यसले सामाजिक न्याय तथा लोकतान्त्रिक समाजवादमा आधारित समतामूलक समाज निर्माणका लागि संङ्घर्षमा जुटिरहने अर्थको सङ्केत गराउँछ ।

- बीचको सेतो भागमा भएका चारवटा राता पाँचकुने ताराहरूको सन्दर्भमा स्वतन्त्रता, समानता र भ्रातृत्व फ्रान्सेली राज्यक्रान्तिका मूल आधार थिए । विश्व लोकतान्त्रिक आन्दोलनको प्रेरकमध्ये एक रहेको फ्रान्सेली राज्य क्रान्तिको यिनै मूल वैचारिक स्रोतहरूलाई सम्भवत: नेपालको लोकतान्त्रिक आन्दोलनमा पनि बुझ्ने गरी तीन तारालाई प्रारम्भमा राखिएको र पछि राष्ट्रियतालाई सम्बोधन गर्ने गरी अर्को एक तारा थप गरी चारतारे झन्डा नेपाली कांग्रेसको भएको व्याख्या गर्न सकिन्छ । यी चार ताराको अर्थ :
- राष्ट्रिष्ता,
- स्वतन्त्रता,
- समानता र
- भ्रातृत्व हुन् ।

चार स्वतन्त्रताका रुपमा (१) वाक् तथा प्रकाशन स्वतन्त्रता (२) गरिबीबाट मुक्तिको स्वतन्त्रता वा व्यवसाय गर्ने स्वतन्त्रता (३) धार्मिक स्वतन्त्रता र (४) भयबाट मुक्तिको स्वतन्त्रता भनेर चार ताराको ऐतिहासिक परिभाषा देखिदैन । फ्रान्सेली राज्य क्रान्तिमा प्रयुक्त तीन व्याख्या समेत हुने गरेको छ । वि.सं. २००५ सालमा स्थापित प्रजातन्त्र कांग्रेसको पृष्ठभूमिलाई हेर्दा वि.सं. १९९७ सालका शहीदहरू : शुक्रराज, धर्मभक्त, दशरथचन्द र गंगालाललाई सम्मानित हुने गरी चार ताराको अवधारणा विकास गरिएको हुनसक्छ । प्रजातन्त्र कांग्रेसको चारतारे झन्डालाई नै नेपाली कांग्रेसले स्वीकार गरेको हुनाले यसबारे महाधिवेशनले अर्थ र परिभाषा स्पष्ट पार्नु आवश्यक छ ।[६]

[६]स्रोत: प्रशिक्षण पुस्तक : नेपाली कांग्रेसका लागि वैचारिक आधार, नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा २०७७ सालमा प्रकाशित पुस्तकको पेज नं. १३ र १४ मा उल्लेखित

## १.१.२ चुनाव चिन्ह 'रुख' को सन्दर्भ

[७] नेपाली कांग्रेसको नेतृत्वमा सफल भएको वि.सं. २००७ सालको क्रान्ति पश्चात् जहानियाँ राणा शासनको अन्त र प्रजातान्त्रिक शासन प्रणालीको शुरुवात पछि वि.सं. २०१५ सालको आम निर्वाचनमा निर्वाचन आयोगले मतपत्रमा समावेश गरेका निर्वाचन चिन्हहरू मध्ये तत्कालीन समयमा नेपालमा विद्यमान रहेका दलहरुलाई आ-आफ्नो दलको निर्वाचन चिन्ह रोज्न

आमन्त्रण गर्दा नेपाली कांग्रेसको तर्फबाट नेता कृष्णप्रसाद भट्टराईले धेरै सुझबुझ तथा बुद्धिमतापूर्ण तरिकाले नेपाली कांग्रेसको **चुनाव चिन्ह 'रुख'** रोजेका थिए। वि.सं.२०१५ सालदेखि हालसम्म नेपाली कांग्रेस पार्टीले **'रुख'** लाई नै आफ्नो चुनाव चिन्ह स्वीकार गरेको छ।[७]

## १.१.३ 'जय नेपाल' शब्दको सन्दर्भ

[८] 'जय नेपाल' भन्ने शब्द सम्बोधनको सुरुवात शुक्रराज शास्त्रीले गरेका हुन्। उनी आफ्नो प्रवचन दिने क्रममा सुरु र अन्त्यमा यसको प्रयोग गर्दथे। त्यस्तै क्रान्तिकारी कवि गोपालप्रसाद रिमाल लगायत तत्कालीन युवाहरू भेट हुँदा र छुट्टिँदा 'जय नेपाल' भन्ने गर्दथे। वि. सं. १९९७ सालमा शुक्रराज शास्त्रीलाई फाँसीको बेला राणाहरूले अन्तिम इच्छाको लागि सोध्दा उनले 'जय नेपाल' शब्द उच्चारण गरेका थिए। वि.सं. २००७ सालमा नेपाली कांग्रेसले नेतृत्व गरेको क्रान्तिमा 'जय नेपाल' को नारा घन्किने गर्दथ्यो। विराटनगरबाट सञ्चालित प्रजातन्त्र रेडियोबाट तारिणीप्रसाद कोइराला र उनका सहयोगीहरूले यो नारालाई बजाउँदा अझ लोकप्रिय बन्न पुग्यो। यसैबाट नेपाली कांग्रेसमा पनि आफ्ना नेता तथा साथीहरूबीच एक

[७]स्रोत: नेपाली कांग्रेसको तेह्रौं महाधिवेशन लागि अछाम जिल्लाबाट निर्वाचित महाधिवेशन प्रतिनिधी श्री सुरतबहादुर बिष्ट र सोही महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य श्री प्रदीप गिरी ज्यूको मोवाइल सम्पर्कद्वारा भएको संवादमा के.स.ज्यूले म.प्र.ज्यूलाई जानकारी दिएकोमा निज म.प्र सुरतबहादुर बिष्ट ज्यूले Share गरे बमोजिम

आपसमा समानता र सद्भाव प्रकट गर्न 'जय नेपाल' शब्द प्रयोग गर्ने प्रचलन बस्यो । 'जय नेपाल' भनेर सम्बोधन गर्दा सिङ्गो नेपाल र नेपाली जनताको कल्याण होस् भन्ने बुझिन्छ ।[८]

यसरी माथि उल्लेखित तथ्यहरुलाई हेर्दा नेपाली कांग्रेस पार्टीको उद्देश्य नेपालमा निरङ्कुश शासन व्यवस्था नभई प्रजातान्त्रिक शासन प्रणाली मार्फत् देशमा राष्ट्रियता, स्वतन्त्रता, समानता, सार्वभौमिता, सुशासन, सामाजिक न्याय, समावेशीकरण, लोककल्याणकारी राज्य, स्वतन्त्र तथा सक्षम न्याय प्रणाली, विभेदरहित समाज, भ्रष्टाचारमुक्त प्रशासन, देशको सम्पूर्ण क्षेत्रमा विकासका पूर्वाधारहरूको अनिवार्य विकास तथा विस्तार र देशको सबै क्षेत्रमा नागरिकको सरल र सहज पहुँच कायम गरी देशको चौतर्फी विकास गर्ने रहेको सहजै थाह पाउन सकिन्छ । यस पार्टीले हरेक किसिमको निरङ्कुशतासँग सङ्घर्ष गरी देश जनतालाई मुक्ति दिलाएको इतिहास साक्षी छ । नेपाली कांग्रेस पार्टीका संस्थापक नेता तथा प्रजातान्त्रिक समाजवादका प्रतिपादक जननायक वी.पी.कोइरालाले परिकल्पना गरेको राज्य व्यवस्था प्रणाली नेपाल जस्ता साना, अल्प विकसित तथा विकासोन्मुख राष्ट्रका लागि वरदान सावित हुने कुरा त छदैछ, अपितु यो व्यवस्था विश्वका अन्य राष्ट्रको लागि पनि सहायक सिद्ध हुनसक्छ भन्ने उनको सोच रहेको देखिन्छ । उनी आफ्नो जीवनकालमा नै नेपालमा प्रजातान्त्रिक समाजवादी शासन व्यवस्था लागु गरी, आफूले प्रतिपादन गरेको सिद्धान्त सना ठुला सबै खाले देशका लागि सही छ भनेर यो विश्वलाई प्रमाणित गरेर देखाउने उनको सोच रहेको थियो । तर दुर्भाग्य ! त्यो पूरा हुन सकेन । वी.पी.ले आफ्नो जीवनकालमा प्रजातान्त्रिक समाजवादी शासन व्यवस्था लागु गर्न पाएनन् के भो त ? वी.पी.कोइरालाको मात्रै देहान्त भयो । उनको सिद्धान्त तथा कांग्रेस पार्टीको नेतृत्व त जीवन्त छ नि ! हरेक दार्शनिक व्यक्ति होस्

[८]स्रोत: प्रशिक्षण पुस्तक : नेपाली कांग्रेसका लागि वैचारिक आधार, नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा २०७७ सालमा प्रकाशित पुस्तकको पेज नं.१४ मा उल्लेखित

या सामान्य व्यक्ति, आखिर यो संसार त छोड्नै पर्छ। त्यसैले अब नेपाली कांग्रेसको नेतृत्वले वी.पी.को सिद्धान्तलाई अक्षरशः लागू गरी वी.पी.कोइराला र उनको राजनैतिक सिद्धान्त कुनै विश्वव्यापी सर्वमान्य सिद्धान्त भन्दा कम छैन । अपितु अझ बढी उपयुक्त र सान्दर्भिक छ भनेर प्रमाणित गर्ने बेला आएको छ । यो अवसरबाट वर्तमान नेतृत्व चुक्नु हुँदैन । यसको लागि कांग्रेसको वर्तमान नेतृत्वले त्याग र बलिदानी गर्नु जरुरी छ । त्याग र बलिदान भन्ने कुरा बोलीमा मात्र हैन, व्यवहारमा उतार्न आवश्यक छ । जो,क वी.पी.र उनका समकालीन तमाम नेताहरू सुवर्ण शमशेर, गणेमान सिंह, कृष्णप्रसाद भट्टराई आदिले गरेका छन । यसो गर्न सके मात्र वर्तमान नेतृत्वले आफू कांग्रेस र कांग्रेसी नेतृत्व भएकोमा गर्व गर्ने अवसर पाउँछ। अन्यथा पाउँदैन । झन्डामा रहेका चारताराको सन्दर्भमा वि.सं. २००५ सालमा स्थापना भएको **'नेपाल प्रजातन्त्र कांग्रेस पार्टी'** ले वि.सं. १९९७ सालमा तत्कालीन राणा शासकले मृत्युदण्ड दिएका चारजना शहीदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको सम्झनामा राखिएको हो । जुन शासकको विरुद्ध नेपाल प्रजातन्त्र कांग्रेस सशस्त्र युद्ध गर्ने निर्णयमा पुगेको थियो, त्यसैको विरुद्धमा उत्रिँदा मारिएका शहीदको योगदानको कदर नगर्ने त कुरै आउँदैन । चुनाव चिन्ह रुखको सन्दर्भमा यो पृथ्वीमा रहेका जीवजन्तु र वनस्पति बीचको एक आपसी सम्बन्ध र सर्वसाधारण व्यक्तिले सजिलै पहिचान गर्न सक्ने भएकाले र चुनावमा मतदातालाई **'रुख'** को वयान गरी सजिलै आफ्नो पक्षमा पार्न सकिने यस्तै अन्य कारणहरु भएका हुनाले नेता कृष्णप्रसाद भट्टराईले नेपाली कांग्रेसको चुनाव चिन्ह **'रुख'** रोजेका हुन ।

# अध्याय दुई

# नेपाली कांग्रेस पार्टीको मुख्य आदर्श तथा सिद्धान्त

**(Main Ideal & Doctrine of Nepali Congress Party )**

## खण्ड 'क'

## २.१. नेपाली कांग्रेसको आदर्श निम्नानुसार छन् :

२.१.१ राष्ट्रियता (Nationality)

२.१.२ प्रजातन्त्र (Democracy)

२.१.३ समाजवाद (Socialism)

### २.१.१ राष्ट्रियता (Nationality)

[१] राष्ट्रियता भनेको राष्ट्र अथवा देशको प्राण हो । शरीर र प्राणको जस्तो सम्बन्ध हुन्छ, राष्ट्र र राष्ट्रियताको सम्बन्ध पनि त्यस्तै हुन्छ । यस उदाहरणबाट बुझ्न सकिन्छ कि राष्ट्रियता भनेको भौतिक पक्षभन्दा पनि भावनात्मक पक्ष हो । अझ स्पष्टसँग भन्ने हो भने आफ्नो देश र देशभित्रका नागरिकहरुको राष्ट्रप्रतिको सामूहिक चासो र चिन्ता नै राष्ट्रियता हो । राष्ट्रियता कुनै जात, वर्ग, लिङ्ग, क्षेत्र, धर्म, वर्ण, सम्प्रदायमा मात्र सीमित हुनु हुँदैन । देश अथवा राष्ट्र भनेको माटो र भूगोल मात्र होइन, त्यो यथार्थमा जनता तथा जनताको भावना र विश्वास पनि हो । त्यसैले राष्ट्रियता भनेको जनताको सामूहिक भावना हो । राष्ट्रियताको सम्बन्धमा पहिलो र अन्तिम निर्णय गर्ने तत्त्व भनेको जनता हो । राष्ट्रियता जनताको सामुहिक मनोभावनालाई व्यक्त गर्ने शब्द हो । समय समयमा प्रकट हुने समस्याहरुलाई सामूहिक रुपमा समाधान गर्नुपर्दा सहज रुपमा उत्पन्न हुने एकताको जनभावना नै खास अर्थमा राष्ट्रियता हो ।

अर्को शब्दमा भन्दा जनता, जनताको अगाडि उपस्थित समस्या, त्यो समस्यालाई सबैले मिलेर समाधान गर्ने सामूहिक प्रयत्न र त्यस प्रयत्नमा अनुभव भएको एकताको भावना नै राष्ट्रियताका तत्त्व हुन् ।। राष्ट्रियताको अगाडि भूगोलको भूमिका गौण हुन्छ। देशको नक्सा राष्ट्रियता होइन, त्यो त देशको नागरिकको सम्पत्ति हो । त्यो सम्पत्तिमा आक्रमण भयो भने त्यसलाई समस्या ठानेर त्यसको समाधानका लागि नागरिकहरूबाट स्वतस्फूर्त रुपमा हुने सामूहिक प्रयत्न मात्र राष्ट्रियता हो ।

आजकल राष्ट्रियता शब्दको प्रयोग भूगोलसँग मात्र जोडेर गरिएको पाइन्छ । यो राष्ट्रियताको अपुरो बुझाइ हो । राष्ट्रियता जनसरोकारको विषय हो । त्यसैगरी राष्ट्रियताको आन्दोलन विदेशी विरुद्धको लडाइ हो भनेर पनि प्रचार गरिएको पाइन्छ। यो पनि एउटा भ्रम हो। राष्ट्रियतालाई जनताको सन्दर्भमा सोच्ने बानी बसाल्यौं भने हामी यस्ता अपुरा र भ्रमयुक्त कुराहरुबाट मुक्त भएर सही अर्थमा राष्ट्रियतालाई बुझ्न सक्ने हुन्छौं। राष्ट्रियताको आन्दोलन त जनताका सामूहिक चाहानाहरूलाई कुण्ठित गर्ने शासक वा तानाशाह विरुद्ध पनि हुन्छ र जनताको चाहानालाई सम्बोधन गर्न नचाहने राज्यसंयन्त्रका विरुद्ध पनि हुन्छ। जननायक वीपी कोइरालाले भनेका छन 'प्रजातन्त्रको सन्चालनबाट राष्ट्रियताको भावना पनि सुदृढ हुदै जान्छ । राष्ट्रियताको यो व्यापक अर्थ नबुझ्दा र त्यसलाई सीमित दायरामा बुझ्दा त्यसबाट धूर्त तानाशाह वा राजनितिज्ञहरुले आफ्नो स्वार्थसिद्ध गरिरहेका हुन्छन्। विश्वका नामुद तानाशाह हिटलरदेखि नेपाली राजा महाराजाहरुको इतिहास हेर्ने हो भने पनि उनीहरुले राष्ट्रियताको नारा दिएर आफूले शक्ति हासिल गरेका थिए। राष्ट्रियताले जनता कहिल्यै कमजोर हुदैनन्। जनताको सबलता नै बलियो राष्ट्रियताको आधार हो। राष्ट्रियताको लक्ष्य शक्तिशाली जनता हो ।

राष्ट्रियताको भावना निम्न विषयहरुमा जागृत हुने गर्दछ :

१) नागरिक अधिकारको लडाइँमा,

२) सामाजिक, आर्थिक र राजनैतिक उत्पीडनको विरुद्धमा,

३) देशको पहिचानको रक्षाको अभियानमा,

४) भूगोल, प्राकृतिक सम्पदा जस्ता देशका अन्य सम्पत्तिमाथिको बाह्य हस्तक्षेपको विरुद्धमा,

५) शोषण र दमनको विरुद्धमा,

६) गरिबी, अशिक्षा, रोग, भोक जस्ता साझा शत्रुको विरुद्धमा र

७) प्राकृतिक विपत्ति जस्ता भैपरी आउने साझा समस्या समाधान खोजीको अभियानमा ।

उल्लिखित सन्दर्भमा प्रकट हुने सामूहिक भावना नै राष्ट्रियता हो ।

**राष्ट्रियतालाई सुदृढ गर्नका लागि पनि विशिष्ट चरित्र हुन आवश्यक छ । ती चरित्रहरु निम्नानुसार छन् :-**

१) विविधताका बीचमा एकताको खोजी,
२) सद्भाव, सहिष्णुता र सह-अस्तित्वको स्वीकारोक्ति,
३) सामाजिक सद्भाव,
४) साझा पहिचानको खोजी,
५) पिडामा साथ दिने संस्कृति र
६) देशको सम्पत्तिको रक्षाका लागि प्रतिबद्धता ।

उल्लिखित गुणहरुको अभावमा कोही पनि राष्ट्रवादी हुन सक्दैन । [९]

[९]स्रोत: नेपाली कांग्रेसको यात्रा विपुल पोखरेलद्वारा लिखित २०६७ भदौ २४ मा प्रकाशित पुस्तकको पेज नं.१६, १७, मा उल्लिखित

[१०] वीपी कोइराला नेपालको प्रधानमन्त्री रहेको समयमा वि.सं. २०१७ सालको असार महिना तद्नुसार जुन १९६० मा चीनका सुरक्षाकर्मीहरुले मुस्ताङको सिमामा प्रवेश गरी सीमा सुरक्षामा बसेका नेपाली सिपाहीहरूलाई गोली हानी मारे । यो घटनालाई लिएर भारतका प्रधानमन्त्री जवाहरलाल नेहरुले **'नेपालमाथि भएको विदेशी हमला लाई भारतले भारतमाथि भएको ठान्दछ ।' भन्ने वक्तव्य दिए । त्यस वक्तव्यको वीपी कोइरालाले तत्काल खण्डन गर्दै सन १९५० को द्विपक्षीय सन्धिको अपव्याख्या नगर्न आग्रह गरे र भने, 'नेपाल स्वतन्त्र र सार्वभौम हो र हाम्राबारे निर्णय लिन हामी स्वतन्त्र छौं ।'** त्यसपछि नेहरुले क्षमायाचना गरे । सोही घटनामा चीनका प्रधानमन्त्री चाउ एन ले समेत माफी माग्दै क्षतिपूर्ति तिर्ने काम गरे । यसरी वीपीले एक चीन नीति मान्ने काम गरे भने सगरमाथा नेपालकै भएको अडान राखे । यथार्थमा वीपीले राखेको यो अडान जनताको विश्वास र भावनाको प्रतिनिधित्व थियो ।[१०]

**[११] नेपालमा बाह्य प्रभाव रोक्नका लागि निम्न प्रयासहरु हुन जरुरी छ :-**

- राष्ट्रिय शक्तिहरुबीच परराष्ट्र नीतिमा एक मत हुन,
- यी शक्तिहरुबीच न्यूनतम सहमति  कायम राखेर एकताको सन्देश दिन,
- बाह्य हस्तक्षेपलाई आफ्नो अनुकुल वा प्रतिकुल भन्ने आँखाबाट नहेरी नि:सर्त अस्विकार गर्ने संस्कृति बसाल्न,
- सत्ता र शक्तिका लागि आ-आफ्नो अनुकूलता र प्रतिकूलताका आधारमा विदेशीको आशिर्वाद थाप्ने संस्कृतिको अन्त्य हुन,
- राष्ट्रिय समस्याको समाधान गर्न राष्ट्रिय शक्तिको साझा पहल हुन,
- विदशको सहयोग वा मध्यस्थता आवश्यक भए पनि त्यसको दायरा स्पष्ट गरेर पारदर्शी रुपमा सहयोग लिन,

[१०] स्रोत: नेपाली कांग्रेसको यात्रा विपुल पोखरेलद्वारा लिखित २०६७ भदौ २४ मा प्रकाशित पुस्तकको पेज नं. १९ को दोश्रो अनुच्छेदमा उल्लिखित

- विकासका योजना बनाउदा विदेशी सहयोगमा कम आधारित हुन,
- देशलाई स्वाबलम्बन गराउने योजनाहरु अगाडि बढाउन,
- राजनैतिक प्रतिस्पर्धामा अब्बल बन्ने महत्वाकांक्षा लिएर अर्को राष्ट्रिय शक्तिलाई अराष्ट्रिय तत्त्व वा विदेशी नोकर वा विदेशी दलाल वा वर्ग शत्रु वा मुख्य दुश्मन भन्ने र विदेशीलाई मालिक ठान्ने प्रवृत्ति पूर्ण रुपले अन्त्य हुन र
- कुनै पनि हालतमा राष्ट्रियताको सवालमा सबै नेपाली एक हौं भन्ने सन्देश दिन ।

माथि उल्लिखित बुँदाहरुका आधारमा मात्र हामीले बाह्य प्रभावलाई रोक्न सक्दछौं । राणा र पञ्चले कांग्रेसलाई  अराष्ट्रिय तत्त्व भने । त्यसैको सिको गरेर कम्युनिष्टहरुले विदेशी दलाल भने । उग्र कम्युनिष्टहरुले नोकर भनिरहेका छन् । शब्द जे सुकै प्रयोग गरे पनि यी सबैको आशय आफ्नो प्रभुत्व वा अधिनायकत्व स्थापित गर्नका लागि अर्कालाई विस्थापित गर्ने नीति हो । एउटा लोकतान्त्रिक, राष्ट्रवादी र नेपालको सामाजिक धरातलीय यथार्थ बुझेर तद्नुसारको सामाजिक एजेण्डा उठाउँदै आएको जनताको लोकप्रिय राष्ट्रिय शक्तिलाई विस्थापित गर्ने मक्सद राख्नु किंचित राष्ट्रवादी चरित्र हुन सक्दैन । दशेभित्रका शक्तिहरुमा जस्तोसुकै अन्तर्विरोध भए पनि राष्ट्रियताको सवालमा एक छौं भन्ने सन्देश दिनु नै असली राष्ट्रवाद हो र यो राष्ट्रवादी चरित्रले मात्र बाह्य हस्तक्षेप रोक्न सक्दछ । महामानव वीपी कोइरालाले नेपाली कांग्रेस पार्टीको अध्यक्षको हैसियतले २०३३ सालमा दक्षिण एसियाका साना देशहरुमा राष्ट्रियता माथि बाह्य आक्रमण बढिरहँदा मेलमिलापको नीति अख्तियार गरी राजासँग समेत हात मिलाएर ऐतिहासिक राष्ट्रवादी काम गरेका थिए । नेपाली कांग्रेस अहिले पनि राष्ट्रियताको सवालमा देशभित्रका सबै शक्तिसँग समझदारी गर्नुपर्छ भन्ने धारमा नै छ । **सिक्कमलाई भारतले हडप्ने सम्भावना देखेर वीपी ले त्यहाँका नेता लेण्डुप दोर्जेलाई 'राजासँगको संघर्ष शासकीय स्वरुप र प्रजातन्त्रका विषयमा मात्र हो, अन्यथा राजा चोग्याललाई फाल्न खोज्दा तिम्रो राष्ट्र नै संकटमा पर्छ'**

**भनेर सल्लाह दिएका थिए । त्यस सल्लाहलाई दोर्जेद्वारा अस्विकार गरिँदात्यसपछिको परिणामलाई एकै ठाउँमा रखेर हेर्ने हो भने पनि बाह्य हस्तक्षेपबाट राष्ट्रियतामाथि हुने खतरा रोक्नका लागि राष्ट्रिय शक्तिबीचको न्यूनतम सहमति र एकता अनिवार्य हुन्छ भन्ने कुरा सजिलै बुझ्न सकिन्छ ।**[११]

राष्ट्र (Nation) :- कुनै ठाउँको निश्चित भू-भाग भित्र बसोबास गर्ने विभिन्न जात-जाति, भाषा-भाषी, धर्म-संस्कृति, विशेषतायुक्त, भौगोलिक क्षेत्र सो क्षेत्रको प्राकृतिक स्रोत साधन तथा जनताको समष्टि रुपलाई राष्ट्र भनिन्छ । "हरेक राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय स्वाभिमान, नागरिक आत्मसम्मान, जात/जाति, भाषा-भाषी, धर्म संस्कृति, चाडपर्व, मौलिकपन, रहन-सहन, लवाइ-खवाइ, चालचलन, जीवनशैली र प्राकृतिक स्रोतसाधन आदि मिलेर बनेको सिङ्गो रुपलाई लाई राष्ट्रियता भनिन्छ ।" राष्ट्रमा हस्तक्षेप विना स्वतन्त्र रुपले आफ्नो माटो, हावापानी, जनजीवन, सुहाउँदो रुपले समाजको उन्नति तथा प्रगति गर्ने परिपाटी हुनु जरुरी हुन्छ । जसको लागि आन्तरिक तथा बाह्य सहयोग, समर्थन र सुझावको आवश्यकता पर्छ । त्यस्तो सुझाव अङ्गिकार गर्ने वा नगर्ने अन्तिम निर्णय सम्बन्धित राष्ट्रलाई मात्र हुन्छ । हुनुपर्दछ पनि । यदि दाताहरुको शर्त अनुसार सहयोग, समर्थन र सुझाव स्वीकार गर्दा राष्ट्रियतामा क्षति पुग्दछ भने त्यस्ता सहयोगलाई अस्वीकार गर्नुपर्छ भन्ने मत नेता वी.पी.कोइरालाको रहेको छ । जो हरेक राष्ट्रको लागि आवश्यक हो र त्यस्तै गरिनु पनि पर्दछ । हरेक नागरिकले आफ्नो देशको राष्ट्रियता जोगाउन आफ्नो ज्यानको बली दिन तयार हुनुपर्छ । वी.पी.कोइराला भारत निर्वासनमा रहेको बेला भारतका तत्कालीन प्रधानमन्त्री श्री इन्दिरा गान्धीसँग नेपालमा प्रजातन्त्र स्थापना गर्नको लागि सहयोगको अपेक्षा

[११] स्रोतः नेपाली कांग्रेसको यात्रा विपुल पोखरेलद्वारा लिखित २०६७ भदौ २४ मा प्रकाशित पुस्तकका पेज नं. २१, २२ को पहिलो अनुच्छेदमा उल्लिखित

राखेकोमा त्यसमा भारतीय प्रधानमन्त्रीको अलग किसिमको मनसाय रहेको बुझ्फेपछि , आफ्नो मुलुकको शासन व्यवस्था परिवर्तनको लागि विदेशी सहायताको मुखताक्नु भन्दा जस्तोसुकै परिस्थिति आइपरे पनि आफ्नै देशको जनतासँग मिलेर निरङ्कुशतालाई परास्त गर्नुपर्छ । आफ्नो पिडा भन्दा पनि देश र जनताको पिडालाई ठूलो ठानी, तत्कालीन शासक र सरकारले आफू नेपाल फर्किदा गिरफ्तारीमा पर्ने कुरा थाह पाउँदा पाउँदै पनि महामानव वि पी कोइराला वि.सं. २०३३ साल पुष १६ गते विहीबारका दिन नेपाल फर्की सम्पूर्ण नेता, कार्यकर्ता तथा जनताहरुसँग राष्ट्रिय मेलमिलापको वातावरण कायम गर्ने कार्यको थालनी गरेका थिए । देश र जनताको हित विपरित कुनै पनि विदेशी आशिर्वादको भर पर्नु हुँदैन भन्ने आदर्श स्थिापित गरेका छन । यसैको सम्झना स्वरुप नेपाली कांग्रेस पार्टीले वि.सं.२०३४ सालदेखि हरेक वर्ष चियापान कार्यक्रमको आयोजना गरी राष्ट्रिय मेलमिलाप दिवस मनाउँछ । यो दिवसलाई नेपाली कांग्रेस पार्टीको केन्द्रिय समितिले केन्द्रमा वडादशैंको कोजाग्रत पूर्णिमाको दिन आफ्ना नेता कार्यकर्ता तथा अन्य पार्टीका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गरी चियापान तथा शुभ-कामना आदान प्रदान गर्ने गर्दछ र मातहतका समितिहरुले वडादशैं तथा दीपावलीको बीचमा आफ्नो पायक पर्ने दिन छनौट गरी उक्त दिवस मनाउने गर्दछन् । यसरी परदेशमा भुमिका बिहीन रुपमा सुरक्षित बस्नुभन्दा आफ्नो देशको वन्दीगृहको बास रोजेर देशको नागरिकसँग विचार आदान प्रदान गर्ने निर्णय गरेका थिए । यो हो जन-नेता वी.पी.कोइरालाको राष्ट्रियताको ज्वलन्त उदाहरण ।

वी.पी.कोइरालाले राष्ट्रियताको सवालमा राजासँग मेरो घाँटी जोडिएको छ, भनेका छन् । भन्नुको तात्पर्य यो हो कि यदि, नेपालको राष्ट्रियताको सवालमा वैदेशिक हस्तक्षेपको सङ्कट आइलागेको बेला राजा विदेशी शक्तिसामु डग्मगाउदैनन् र झुक्दैनन् भने नेपाली जनता तथा नेताहरुले देशको राष्ट्रियताको रक्षा गर्न राजासँग पनि हातमा हात र काँधमा थापेर सो विदेशी शक्ति विरुद्ध लड्नु पर्छ ।

**हरेक देशको नागरिकले आफ्नो देशमा स्वदेशी निरङ्कुश शासकले तानाशाह शैलीबाट देशका जनता माथि शासन तथा दमन गरिराखेको अवस्थामा देशलाई उक्त शासकको पन्जाबाट मुक्त गर्न कुनै विदशी राष्ट्रको (चाहे त्यो नजिकको छिमेकी मुलुक होस या टाढाको) सहयोग समर्थन लिंदा आफ्नो राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान र नागरिकको आत्मसम्मानमा सानो क्षति पुग्ने शर्त राखियो अर्थात् स्वदेशी निरङ्कुश शासकको पिडा सहने कि राष्ट्रियताको एक इन्च क्षति व्यहार्ने भन्ने दुईवटा शर्तमध्ये एउटा रोज्न लगाइयो भने राष्ट्रियताको एक इन्च क्षति नव्यहोर्ने बरु स्वदेशी निरंकुश शासकको पिडा सहन तयार हुनुपर्छ भन्ने मान्यता जन-नेता कोइरालाको रहेको छ।** किनभने राष्ट्र रह्यो र राष्ट्रियता जोगियो भने देशको शासक र शासन प्रणाली पछि पनि बदल्न सकिन्छ । राष्ट्र र राष्ट्रियता नै रहेन भने **न रहन्छ बाँस, न बज्छ बाँसुरी** भनेझैं हुन्छ । देशको शासन व्यवस्था बदल्न खोज्दा राष्ट्रियतामाथि आँच आउँदछ भने, राष्ट्रियता जोगाउने बरु देशको शासन व्यवस्थालाई नबदल्ने भन्ने मान्यता नेता कोइरालाको रहेको छ। यो नै सच्चा देशभक्त नागरिकको राष्ट्रियताको प्रमाण हो ।

## २.१.२ प्रजातन्त्र (Democracy)

प्रजातन्त्रको बारेमा जान्नुभन्दा पहिले देशको राज्य व्यवस्था र शासन प्रणालीको बारेमा जानकारी हुनु जरुरी छ ।

प्राचिन ग्रिक दार्शनिक अरस्तु (Aristotle) ले निर्धारण गरेका ६ वटा राज्य वा संविधानको चक्रीय परिवर्तन (Cyclic Change of State or Constitution) प्रणालीहरूलाई मुख्य ३ भागमा विभाजन गर्न सकिन्छ । ती हुन् ;

क) राजतन्त्रात्मक प्रणाली (Monarchy System)

ख) प्रजातान्त्रिक प्रणाली (Democratic System)

ग) साम्यवादी प्रणाली (Communist system)

अरस्तु (Aristotle) को मतअनुसार समयको मागअनुसार यिनीहरू आफ्नो चक्रीय पथमा घुमिरहन्छन्। अर्थात्, देशमा कुनै बेला राजतन्त्रात्मक प्रणाली (Monarchy System) रहन्छ । राजतन्त्रले बढी निरङ्कुशता लाद्यो भने जनताले विद्रोह गरेर प्रजातान्त्रिक प्रणाली (Democratic System) को स्थापना गर्छन । यो व्यवस्थामा पनि विकृति आउन सक्छ । त्यसपछि जनताको विद्रोहद्वारा साम्यवादी प्रणाली (Communist system) को स्थापना हुन्छ। समयको परिवर्तनसँगै यो शासन व्यवस्थामा पनि विचलन आयो भने फेरि जन-विद्रोहबाट राजतन्त्रात्मक प्रणाली (Monarchy System) को स्थापना हुन्छ । यसरी यी ३ वटा शासन प्रणालीहरू आफ्नो चक्रमा घुमिरहन्छन ।

माथि उल्लिखित ३ वटा शासन प्रणालीहरूमध्ये राजतन्त्रात्मक प्रणाली (Monarchy System) र साम्यवादी प्रणाली (Communist system) निरङ्कुश हुन सक्छन । यी शासन प्रणालीहरू निरङ्कशुतामा मात्र सीमित नरहेर एकाधिकार तथा पारिवारिक उत्तराधिकारी शासन सत्ता प्रणालीमा पनि रुपान्तरित हुन सक्छन् । जसमा जनताले शासकको शासन माथि अङ्कुश लगाउने ठाउँ हुँदैन र सत्तासीन शासकले आफ्नो लहड तथा झोंक अनुसार शासन सत्ता सञ्चालन गर्न सक्छ । जसबाट देशका जनताहरू प्रताडित हुन सक्छन । त्यसबाट छुटकारा पाउन लागि जनताले दशकौं कुर्नुपर्ने र हजारौं व्यक्तिले बलीदानी दिनुपर्ने हुनसक्छ। त्यसैले यी शासन प्रणालीहरूमध्ये प्रजातान्त्रिक प्रणाली (Democratic System) मात्र यस्तो शासन प्रणाली हो। जसमा जनताले शासक (नेता) माथि अङ्कुश लगाउने अवसर पाउँछन् र लगाउन सक्छन् । किनभने यस शासन प्रणालीमा आवधिक निर्वाचन हुन्छ। प्रजातान्त्रिक प्रणाली (Democratic System) पनि शासक (नेता) हरू विचलनको मार्गमा जान सक्छन् तर निश्चित अवधिको लागि मात्र। तसर्थ देश जनताको लागि देशको राज्य व्यवस्था सञ्चालन

गर्ने शासन प्रणालीमध्ये प्रजातान्त्रिक प्रणाली (Democratic System) एउटा उत्तम विकल्प हो । प्रजातान्त्रिक प्रणालीमा आवधिक निर्वाचनबाट देशको नेतृत्व चयन गरिन्छ । हाल नेपालमा सञ्चालित आवधिक निर्वाचन प्रणालीमा प्रत्यक्ष निर्वाचित तथा समानुपातिक प्रणालीबाट नेतृत्व छनौट गर्ने परिपाटी रहेको हुँदा, यसले  राजनीतिक व्यवस्थामा सामान्यतया पहुँच तथा उपस्थिति हुन नसक्ने वर्ग, लिङ्ग, जाति, समुदाय तथा क्षेत्रको पनि प्रतिनिधित्व हुने व्यवस्था रहेको छ । यसले गर्दा पनि प्रजातान्त्रिक शासन व्यवस्था बढी लोकप्रिय देखिन्छ ।

अमेरिकाका सोह्रौं महामहिम राष्ट्रपति अब्राह्म लिङ्कनको भनाइ अनुसार, **“जनताले जनताको लागि जनताद्वारा गरिने जनताको शासन व्यवस्थालाई प्रजातन्त्र (Democracy) भनिन्छ ।”**

प्रजातन्त्र (Democracy) २ प्रकारका हुन्छन् ।

क) प्रत्यक्ष प्रजातन्त्र (Direct Democracy)

ख) प्रतिनिधिमूलक प्रजातन्त्र (Representative Democracy)

क) प्रत्यक्ष प्रजातन्त्र (Direct Democracy):- सम्पूर्ण मतदाताहरू भेला भई नेतृत्व चयन गर्ने परिपाटीलाई प्रत्यक्ष प्रजातन्त्र (Direct Democracy) भनिन्छ । यो परिपाटी प्राचीन कालमा युनानी नगर राज्य ग्रीकमा सञ्चालन गरिएको पाइन्छ । हाल यो शासन व्यवस्था अस्तित्वमा रहेको छैन ।

ख) प्रतिनिधिमुलक प्रजातन्त्र (Representative Democracy)

निश्चित उमेर समूहलाई आधार मानी वालिग मताधिकारको प्रयोग गरी निर्वाचनद्वारा मतदान गरेर सबभन्दा बढी मत प्राप्त गर्ने व्यक्तिलाई जनताको प्रतिनिधि वा नेता चयन गरी देशको शासन व्यवस्था सन्चालन गर्ने जिम्मा दिने परिपाटीलाई प्रतिनिधिमुलक प्रजातन्त्र (Representative Democracy) भनिन्छ । हाल विश्वमा यही प्रजातान्त्रिक प्रणालीको प्रयोग भइराखेको छ ।

**यसका पनि निम्न प्रकारहरु छन् ।**

अ) द्वि-दलीय प्रणाली (Bi-Party System)

आ) बहु-दलीय प्रणाली (Multi-Party System)

**अ) द्वि-दलीय प्रणाली** (Bi-Party System)**:-** यो प्रणालीमा देश भरिमा दुई वटा दलहरु (Parties) मात्र अस्तित्वमा रहन्छन् । अरू दलहरू भए पनि उनीहरूको अस्तित्व नगण्य हुन्छ । संसदमा उनीहरूको उपस्थिति हुनु र नहुनुमा केही फरक पर्दैन । देशको जनसंख्या तथा भौगोलिक क्षेत्रलाई आधार मानी निर्वाचन क्षेत्रको संख्या निर्धारण गरिन्छ । हरेक निर्वाचन क्षेत्रमा आ-आफ्नो दलको तर्फबाट उम्मेद्वारहरू आ-आफ्नो मनोनयन (Nomination) दर्ता गराउँछन । हरेक देशको कानून अनुसार निर्वाचक मण्डल (Electrol Voting) वा वालिग मताधिकारद्वारा जनताले निर्वाचनद्वारा प्रत्यक्ष मतदान गर्छन् र सबभन्दा बढी मत प्राप्त गर्ने व्यक्ति विजयी घोषित भई आफ्नो निर्वाचन क्षेत्रको नेतृत्व गर्छन् । जुन दललाई बहुमत प्राप्त हुन्छ, त्यस दलले सरकार गठन गरी देशको शासन व्यवस्था सञ्चालन गर्छ । **बहुमत भन्नाले देशभरिमा निर्धारण गरिएको जम्मा प्रतिनिधिहरूको संख्याको कम्तीमा पचास प्रतिशतले हुन आउने संख्याभन्दा एक जना प्रतिनिधिको संख्या बढता हुनुपर्छ ।** हाल यो शासन प्रणाली संयुक्त अधिराज्य वेलायत र संयुक्त राज्य अमेरिकामा कायम छ । यी देश आफुलाई प्रजातन्त्रको जननी तथा ठुलै हस्ती ठान्दछन् ।

**आ) बहु-दलीय प्रजातान्त्रिक प्रणाली (Multi-Party Democratic System):-** यो प्रणालीमा देश भरिमा दुई वा दुई बढी दलहरु (Parties) रहन्छन् । देशको जनसंख्या तथा भौगोलिक क्षेत्रलाई आधार मानी निर्वाचन क्षेत्रको संख्या निर्धारण गरिन्छ । हरेक निर्वाचन क्षेत्रमा दलको तर्फबाट उम्मेद्वारहरू आ-आफ्नो निर्वाचन क्षेत्रमा मनोनयन (Nomination) दर्ता गराउँछन ।

हरेक देशको कानून अनुसार निर्वाचक मण्डल (Electrol Voting) वा वालिग मताधिकारद्वारा जनताले निर्वाचन मार्फत मतदान गर्छन् र सबभन्दा बढी मत प्राप्त गर्ने व्यक्तिहरु विजयी घोषित भई आफ्नो निर्वाचन क्षेत्रको नेतृत्व गर्छन् । जुन दल लाई बहुमत प्राप्त हुन्छ । उस दलले सरकार गठन गरी देशको शासन व्यवस्था सञ्चालन गर्छ । **बहुमत भन्नाले देशभरिमा निर्धारण गरिएको जम्मा प्रतिनिधिहरुको संख्याको कम्तीमा पचास प्रतिशतले हुन आउने संख्याभन्दा एक जना प्रतिनिधिको संख्या बढता हुनुपर्छ ।** हाल यो शासन प्रणाली विश्वका अधिकांश प्रजातान्त्रिक शासन प्रणाली रहेको देशहरूमा कायम छ । नेपालको परिप्रेक्ष्यमा जन-नेता वी.पी. कोइरालाले चयन गरेको र हाल नेपालका सञ्चालित प्रजातान्त्रिक शासन प्रणाली पनि यही हो ।

## २.१.३ समाजवाद (Socialism)

[१२] समाजवाद (Socialism) को उत्पत्ति अंग्रेजी भाषाको Socious शब्दबाट भएको हो । यसको अर्थ समाज (Society) हुन्छ । समाजवादको सम्बन्ध समाज सुधारसँग छ । यसका विभिन्न सम्प्रदायहरु छन् । समाजवादका सम्बन्धमा विभिन्न विद्वानहरुले दिएको परिभाषा यस प्रकार छ :-

“समाजवाद श्रमिकहरुको त्यस्तो संगठन हो, जसको उद्देश्य पुँजीवादी सम्पत्तिलाई समाजवादी सम्पत्तिमा परिवर्तन गर्न राजनीतिक सत्ता प्राप्त गर्नु हो ।”- **इमाइल**

“समाजवाद त्यस्तो प्रजातान्त्रिक आन्दोलन हो जसको उद्देश्य समाजमा एउटा यस्तो आर्थिक संगठन स्थापित गर्नु हो जसले एक पटकमा धेरै न्याय र स्वतन्त्रता दिन सकोस् ।”-**सेलर्स**

“सङ्क्षेपमा समाजवादले निजी स्वामित्वमा रहेका धेरै सम्पत्तिहरूको माग गर्दछ, यसरी प्राप्त सम्पत्ति समुदायको स्वामित्वमा हस्तान्तरण हुनुपर्दछ र समाजले नै त्यसको प्रयोग गर्नुपर्दछ भन्ने चाहना हुन्छ ।”-**अलेक्जेण्डर ग्रे**

“समाजवाद त्यो नीति वा सिद्धान्त हो जसको उद्देश्य प्रजातान्त्रिक केन्द्रीय शक्तिद्वारा पहिलाको भन्दा धनको श्रेष्ठ वितरण र उत्पादन प्राप्त गर्नु हो ।”-**इन्साइक्लोपिडिया ब्रिटानिका** [१२]

माथिका परिभाषा अनुसार “समाजवाद” भनेको यस्तो व्यवस्था हो जसमा राज्य (सरकार) ले आफ्नो देशको जनतालाई गास, बास र कपासको आवश्यक व्यवस्था गर्ने । नागरिकलाई शिक्षा, स्वास्थ्य, पेसा व्यवसाय, रोजगार, स्वतन्त्रता, भूमि र सम्पत्तिको न्यायोचित तथा समान वितरण गर्ने वा सरल र सहज रुपमा पहुँच पुऱ्याउने, श्रमिक र उद्योगीहरु बीच सुमधुर सम्बन्ध कायम गरेर देशको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक क्षेत्रमा व्यापक सुधार गरी देशलाई समुन्नत तथा विकसित बनाउन मद्दत गर्दछ । सुरु-सुरुमा **‘समाजवाद’** शब्दको प्रयोग प्रायजसो कम्युनिष्ट (साम्यवादी) विचारधारासँग सम्बन्धित व्यक्तिहरुले बढी गरेका छन् । कार्ल मार्क्सले त वर्ग संघर्षद्वारा स्थापित गरिने समाजवाद नै साम्यवाद हो जसमा वर्ग संघर्षद्वारा सर्वहारा वर्गको अधिनायकत्व गर्न सकिन्छ भनेका छन् । यस मान्यतालाई अन्य कम्युनिष्ट नेताहरुले अङ्गिकार गरेका छन् । वी.पी. कोइराला पनि सुरुमा यस विचारधाराबाट प्रभावित भएका थिए । पछि उनको विचार साम्यवादी शासन प्रणालीभन्दा प्रजातान्त्रिक शासन प्रणालीमा बढी केन्द्रीत भयो । उनले नेपालको सन्दर्भमा **‘समाजवाद’** को ढाँचा परिर्वतन गरी राज्यले उत्पादन तथा वितरणका सम्पूर्ण क्षेत्रहरुमा सरकारको मात्र नियन्त्रण नराखी आवश्यक परेमा सरकारले हस्तक्षेप गर्न सक्ने अधिकार सुरक्षित राखी उत्पादन तथा वितरण प्रणालीलाई निजीकरण गरी प्रतिस्पर्धात्मक खुला वजार अर्थतन्त्रको नीति लिई यसलाई साम्यवादमा मात्र हैन प्रजातान्त्रिकशासन प्रणालीमा पनि लागु गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरे । जसको उनले **‘प्रजातान्त्रिक समाजवाद’** नामाकरण गरेका छन् । जो नेपाली कांग्रेस पार्टीको मूलभूत सिद्धान्तको रुपमा रहेको छ ।

[१२] स्रोतः राजनीतिक विचारधारा र वादहरु डा. बुद्धिप्रसाद भण्डारी लिखित तेश्रो संस्करण २०७१ मा प्रकाशित पुस्तकको पेज नं.२९० मा उल्लिखित

प्रजातान्त्रिक समाजवादको विश्लेषण यस पुस्तकको यसै अध्यायको **खण्ड ख** को बुँदा नं. १ मा गरिएको छ ।

[१३] जनताको सम्पूर्ण पक्षमा समानताको लागि प्रेरणा दिने त्यसको सधैं वकालत गर्ने विज्ञान समाजवाद हो । समाजवाद आफैमा एउटा दर्शन हो । यो दर्शनले नागरिक बीचको समानताका लागि आवश्यक सामाजिक न्याय तथा समानताको सिद्धान्तमा आधारित कार्यक्रम ल्याउन महान प्रेरणाका कारण नेपाली कांग्रेसले यसलाई प्रजातन्त्र पछिको अर्को आदर्शका रुपमा सममाजवादलाई वरण गरेको छ ।

मार्क्सवादको समाजवाद (साम्यवाद) क्रान्तिकारी देखिए पनि त्यसका कमजोरीहरुबाट शिक्षा लिँदै वेलायतका युवाहरुले सबै जनताको कल्याण र सुखका लागि समाज पुनर्निर्माण गर्ने उद्देश्यले नयाँ सोच अघि सारे । त्यो सोचलाई उनीहरूले फेवियनवाद भने । मार्क्सवादले नागरिकलाई धनी र गरीब गरी दुई वर्गमा बाडेर गरिबहरुले क्रान्ति गरी धनी वर्गको सम्पत्ति (पूँजी) माथिको स्वमित्वलाई आफ्नो नियन्त्रणमा राख्नु पर्दछ, भनेका थिए । नागरिकलाई विभाजन गरेर एकले अर्का विरुद्ध क्रान्ति गर्नु श्रेयस्कर हुँदैन । व्यवस्थित तथा वैधानिक प्रक्रियाबाट र सबैको सुखको लक्ष्यसहित समानता कायम गर्ने दिशामा हिँडनु पर्दछ भन्ने मान्यता ती युवाहरुले राखे । यो मान्यता राख्नेहरूले पूँजीवादको प्रतियोगिताले बहुसंख्यकको हित गर्दैन भन्दै समाजवादको वकालत गरेका थिए । उनले समाजवादको व्यवस्थित व्याख्या अघि सारे । समाजवाद केवल आर्थिक समानतामा मात्र सीमित विषय होइन । समग्रमा समानता क्रान्तिबाटभन्दा पनि विधिबाट स्थापित हुने कुरा हो भन्ने बहस त्यतिबेलाबाटै भएको पाइन्छ । त्यस क्रममा समाजवादको विकासका लागि अथवा विकासवादी समाजवादका लागि बेलायती युवाहरुले 'फेवियन समाज' का नामबाट निम्न ४ वटा आधारहरु प्रस्तुत गरे ।

१) परिवर्तन प्रजातान्त्रिक तरिकाले हुनुपर्दछ, अर्थात् यो अधिकांश जनताको

सहमतिले हुनुपर्दछ,

२) यो बिस्तारै बिस्तारै क्रमिक रूपले हुनुपर्दछ,

३) अधिकांश जनताले यो परिवर्तनलाई अनैतिक मान्नु हुँदैन र

४) परिवर्तन वैध र शान्तिपूर्ण उपायद्वारा हुनुपर्दछ ।

उल्लिखित फेवियन समाजले थालेको बहससँगै विश्व समाजवादी आन्दोलनको सुरुवात भएको पाइन्छ । त्यसपछि यो क्रमले निकै तीब्रता पायो । विश्व समाजवादी आन्दोलनमा नेपाली कांग्रेसका संस्थापक महामानव वी.पी.कोइरालाको भूमिका र योगदान चीर स्मरणीय छ। उनले खास गरी विपन्न र विकासोन्मुख देशलाई लक्षित गरेर समाजवादको मोडेलको व्याख्या गरेका छन्। उनले गरीब देशहरुमा विकासका लागि ठूला ठूला साधन नहुने हुँदा विकासमा जनताको प्रत्यक्ष सहभागितालाई सुनिश्चित गर्नु पर्ने तर्क अगाडि सारेका छन् । यसका लागि जनतालाई अधिकारसम्पन्न बनाउनुपर्ने उनको तर्क छ ।

त्यसै गरी वी.पी.ले समाजवादको व्याख्या गर्दा खेरि विश्वको कूल उत्पादनको लाभ अमेरिकामा बस्ने विश्व जनसंख्याको दश प्रतिशतभन्दा पनि कम नागरिकले लिइरहेका छन् । यो असमानताको अन्त्य नगरी विश्वसमाजवादको आन्दोलन सफल हुँदैन भनी महत्त्वपूर्ण तर्क अगाडि सारेका छन्। वी.पी.का यी २ वटा तर्कहरुले विश्व समाजवादी आन्दोलन नयाँ ढंगले सोच्ने शैलीको विकास भएको उनको हैसियत उच्च हुन पुगेको जानकारहरुको भनाइ छ । त्यसैगरी वी.पी.कोइरालाले समाजवाद सबै ठाँउका लागि एउटै कुरा भएको चर्चा गर्दै 'तर समाजको तत्कालीन अवस्था र ऐतिहासिक विवेचनाका आधारमा त्यहाँका लागि समाजवादभित्रका प्राथमिक मुद्दाहरु भने फरक हुन सक्ने' बताएका छन् । [१३]

[१३] स्रोतः नेपाली कांग्रेसको यात्रा विपुल पोखरेलद्वारा लिखित २०६७ भदौ २४ मा प्रकाशित पुस्तकको पेज नं.२२ र २३ मा उल्लिखित

# खण्ड 'ख'

## २.२ नेपाली कांग्रेस पार्टीको आधारभूत सिद्धान्त

**(Fundamental Doctrine of Nepali Congress Party)**

वी.पी.कोइरालाले प्रजातान्त्रिक समाजवादको सैद्धान्तिक आधारभूत मान्यताहरू आफैले राजनीतिक सिद्धान्तको रुपमा तयार गरी लिपिवद्ध गरेको कुनै दस्तावेज भेटिदैन । तैपनि उनले आफ्नो जीवनकालमा सञ्चालन गरेको राजनैतिक सत्ता र साङ्गठनिक संरचना अनुसार शासन प्रणालीको व्यवहारिक प्रयोगबाट स्वयं सिद्धान्तको निर्माण गरिनु पर्छ, भन्ने सोच राखेको पाइन्छ । राजनैतिक सत्ता र पार्टीको सांगठनिक संरचनाको व्यवहारिक प्रयोगको पूर्ण सफलता पश्चात् एउटा दृष्टान्त (Paradism) को आधारमा सिद्धान्तको निर्माण गरिँदा निर्मित सिद्धन्त प्रति देशको जनतामा कुनै आशंका नरही सर्व स्वीकार्य हुने हुदाँ सोही अनुसार गर्नुपर्छ भन्ने मान्यता नेता वी.पी.कोइरालाको रहेको पाइन्छ । यद्यपी उनले आफ्ना साहित्यिक रचनाहरुमा भने आफ्नो पार्टीले स्थापित गर्ने आधारभूत सैद्धान्तिक मूल्य मान्यताहरुको सामान्यतया उल्लेख गरेको पाइन्छ ।

**नेपाली कांग्रेस पार्टीको आधारभूत सिद्धान्त निम्नानुसार छन् :-**

२.२.१ प्रजातान्त्रिक समाजवाद (Democratic Socialism)

२.२.२ आधारभूत आवश्यकतामा नागरिकको सहज पहुँच (Easily Access of Civil in Fundamental necessity)

२.२.३ नागरिक स्वतन्त्रता र समानता (Freedom and Equality for Civil)

२.२.४ निर्वाचन प्रणालीद्वारा नेतृत्व छनौट (Choosing the Leadership by Election system)

२.२.५ कानुनी राज्य (Rule of Law)

२.२.६ समानताको लागि समावेशीकरण सिद्धान्तको अवलम्बन

(Implement of Equity Theory for Equality)

२.२.७ सामाजिक न्यायको अवलम्बन (Impletment of Social Justice)

२.२.८ क्रान्तिकारी भूमि सुधार वा भूमिको न्यायोचित वितरण

(Revolutionary Land Reform or Equitable Distribution of Land)

## २.२ प्रजातान्त्रिक समाजवाद (Democratic Socialism)

## परिचय (Introduction)

[१४] नेपालको सन्दर्भमा समाजवादको कुरा गर्दा वी.पी.कोइरालाको सोचको समाजवादलाई बुभ्नुपर्ने हुन्छ । वी.पी.ले विपन्न र विकासोन्मुख देशहरुका लागि अगाडि सारेको समाजवादलाई **'प्रजातान्त्रिक समाजवाद'** भनेर बुभ्ने गरिन्छ । एउटै वाक्यमा भन्नु पर्दा **'आर्थिक रुपमा समानता र राजनीतिक रुपले स्वतन्त्रताको प्राप्तिलाई नै प्रजातान्त्रिक समाजवाद'** भनिन्छ । यहाँ नागरिकहरुले समानता आर्थिक वा राजनैतिक रुपमा मात्र खोजेर हुँदैन । दुवै रुपमा नेपाली समान हुनुपर्दछ । आर्थिक समानताका लागि त नागरिक स्वतन्त्रता सहितको राजनैतिक समानता अनिवार्य हुन्छ। भन्ने मत वी.पी.को रहेको छ । यही दुई सवाललाई जोडेर उनको सिद्धान्तलाई **'प्रजातान्त्रिक समाजवाद'** भनिएको हो ।

प्रजातन्त्रले मानिसको स्वतन्त्रतालाई बुझाउँछ भने समाजवादले मानिस मानिस बीचको सामाजिक तथा आर्थिक न्यायलाई बुझाउँछ । प्रजातन्त्र रहेन भने समाजवादमा दमन हुन्छ र समाजवाद भएन भने प्रजातन्त्रमा शोषण हुन्छ । यस बिषयमा वी.पी.को यो भनाइलाई स्मरण गर्दा निम्न विषयलाई अध्ययन गर्दा बुभ्न सजिलो हुनेछ । **'चीनमा सैद्धान्तिक रुपमा शीघ्रातिशीघ्र समाजवाद ल्याउने प्रयास भैरहेको छ ,तर प्रजातन्त्र छैन त्यसैले त्यहाँ राजनैतिक समानता छैन ।**

**आर्थिक पक्षमात्र समाजवाद होइन ।....त्यस्तै भारतमा प्रजातन्त्र छ तर आर्थिक विषमता पनि अत्याधिक छ र उत्पादनको स्तर पनि अत्यन्तै निम्न छ । त्यहाँ कुन चाँहि नीति या योजना ठीक छ भन्ने कुरामा मत भेद छ ।'** वी.पी.कोइरालाको यो विश्लेषणका आधारमा आर्थिक अथवा राजनैतिक समानताको कुरालाई मात्र उठाउने हो भने त्यो वास्तवमा समाजवाद हुनसक्दैन भन्न सकिन्छ । वी.पी.ले आफ्नो जीवनको उत्तरार्द्धमा आएर व्यक्त गरेको विचार **'मानिस ब्रेडले होइन, ब्रेनले चलेको हुन्छ'** भन्ने सम्भनु पर्दछ ।

प्रजातान्त्रिक समाजवादका आधारभूत सिद्धान्तका रुपमा निम्न कुराहरुलाई स्वीकारिन्छ :-

- सबै मानिस बराबर छन् ,
- राज्यव्यवस्थाको स्थापना मानिसहरुले आफ्नै कल्याणका लागि गरेका हुन् ,
- राज्यको स्रोत र सम्पदामा सबै देशबासीको साभा अधिकार छ ,
- सुखमय जीवनको खोजीका क्रममा द्वन्द्व उत्पत्ति हुने गर्दछ ,
- त्यो द्वन्द्वलाई व्यवस्थापन गर्नु पर्दछ र
- द्वन्द्व व्यवस्थापन गर्ने उत्तम विकल्प प्रजातान्त्रिक समाजवाद हुन सक्छ ।

यो सैद्धान्तिक धरातलमा प्रजातान्त्रिक समाजवादको विकास भएको पाइन्छ । सैद्धान्तिक रुपमा समाजवादले सबैलाई एउटै प्रेरणा दिए पनि समाजअनुरुप त्यसको प्राथमिकताको सूची फरक हुन्छ ।

नेपाली समाजका लागि वी.पी.कोइरालाले यस्तै एउटा सूची बनाए, जुन आजसम्म पनि सजीव र औचित्यपूर्ण छ ।

वी.पी.कोइरालाका अनुसार नेपालमा समाजवाद भनेको ;

- व्यक्तिगत स्तन्त्रता,
- मौलिक अधिकार,

- दल (Party) दर्ता गर्न पाउने अधिकार,
- बालिग मताधिकारबाट चुनावको व्यवस्था,
- प्रधानमन्त्री तथा मन्त्रीमण्डलको संसदप्रति उत्तरदायित्व,
- राजाको संवैधानिक स्थान, (तत्कालीन अबस्थामा यो मुद्दा निकै परिवर्तनकारी मुद्दा थियो, गणतन्त्र स्थापना भैसकेको अवस्थामा यसको औचित्य समाप्त भएको छ । अव यहाँ लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणको सवाललाई ध्यान दिनुपर्ने हुन्छ ।)
- कानूनी शासन,
- जाली फटाहाहरूको उन्मुलन,
- पिछडिएका वर्ग, जातिलाई उनीहरुको उन्नतिका लागि हरक्षेत्रमा विशेष तात्कालिक प्रोत्साहन,
- शासनको विकेन्द्रीकरण,
- झोडा (भूमि) समस्या र नयाँ बसोबासको तत्कालीन समाधान तथा जोत्ने व्यक्तिको नाममा जमिन दर्ता गराउने,
- राष्ट्रिय हितलाई ध्यानमा राखेर भूतपूर्व सैनिकहरूलाई विकास कार्यमा बढी भन्दा बढी मौका दिने,
- उत्पादन वृद्धिका लागि राष्ट्रिय पूँजीपतिलाई दुरुपयोग हुनबाट जोगाउने व्यवस्था,
- किसानहरूको कानूनी अधिकारको दृढतापूर्वक संरक्षण,
- प्रजातान्त्रिक नियमानुसार शिक्षा पद्धतिमा र शिक्षण संस्थाहरुको स्वतन्त्रताको रक्षा,
- मजदुरहरुको कामको सुरक्षा गरी शोषणको अन्त्य र
- तटस्थ परराष्ट्र नीतिको अक्षरशः तथा इमान्दारीपूर्वक पालना ।[१४]

[१४] स्रोतः नेपाली कांग्रेसको यात्रा विपुल पोखरेलद्वारा लिखित २०६७ भदौ २४ मा प्रकाशित पुस्तकको पेज नं.२३ देखि २५ मा उल्लिखित

माथिका तथ्यहरुलाई हेर्दा **'प्रजातान्त्रिक समाजवाद'** यस्तो शासकीय सिद्धान्त हो जसको इमान्दारीका साथ अक्षरशः लागु गरेमा जुनसकै देशको चौतर्फी विकास गर्न मद्दत पुग्छ। झन् नेपाल जस्तो अल्पविकसित देशका लागि त यो अति उपयोगी हुन्छ। तर यसको सही प्रयोग भने हुनुपर्छ।

नेपाली कांग्रेस पार्टीको मूल आधार नै प्रजातान्त्रिक समाजवाद हो। यसलाई उसले प्रयोग नगर्ने त कुरै भएन। यदाकदा यस पार्टीमा केही नेताहरुमा व्यक्तिगत रुपमा सैद्धान्तिक विचलनको छनक देखिएको अनुमान गरिए पनि आखिर सही बाटोमा आउनै परेको छ र आउन जरुरी पनि छ। पछिल्लो चरणमा कांग्रेसको नेतृत्वमा व्यक्तिवादी सोच र स्वार्थको अलि बढी हावी भएको आभास पाइन्छ। यसमा नेतृत्वले समयमै वी.पी.कोइरालाको जस्तै त्याग गरी उनले अपनाएको प्रजातान्त्रिक समाजवादको सही बाटो पक्रन जरुरी पनि छ। यदि यसो हुन सक्यो भने देश विकासको साथै नेपाली कांग्रेस पार्टी नेपाली राजनीतिको अभिन्न अङ्गको रुपमा हुनसक्छ। अन्यथा, नेपाली कांग्रेस पार्टीको अस्तित्व संङ्कटमा पर्न सक्छ। किनभने, बाटो बिराएर हिँडेपछि कुनै पनि व्यक्ति, संस्था वा सङ्गठन जसलाई पनि आफ्नो लक्ष्यमा पुग्न गाह्रो पर्दछ। नेपाली कांग्रेसले यो कुराको हेक्का राख्न पनि जरुरी छ।

## २.२.१ प्रजातान्त्रिक समाजवादका आधारभूत मान्यताहरु

## Fundamental Values of Demoratic Socialism

[१५]२.२.१.१ संवैधानिक सर्वोच्चता (Constitutional Supremacy)

२.२.१.२ बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली (Competitive Multiparty System)

२.२.१.३ शक्ति पृथकीकरणको सिद्धान्त (Theory of Power Separation)

२.२.१.४ आवधिक निर्वाचन प्रणाली (Periodic Election System)

२.२.१.५ तानाशाही व्यवस्थाको अन्त (End of Autocrat System)

२.२.१.६ देशको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनितिक र भौतिक विकास (Economic, Social, Cultural, Political and Physical Development of Country)

२.२.१.७ सु-शासन (Good Governance)

२.२.१.८ उत्पादनमा जोड र वितरणमा आंशिक सामाजिकीकरण (Focusing in Production and Partial Socialization in Distribution)

२.२.१. ९ निजीकरण र खुला बजार अर्थतन्त्र (Privatization and Open Market Economy) [१५]

## २.२.१.१ संवैधानिक सर्वोच्चता (Constitutional Supremacy)

कुनै पनि देशको शासन व्यवस्था सञ्चालन गर्न संविधान चाहिन्छ। संविधान भनेको देशको मूल कानून हो । देशको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न जे जति ऐन कानून बनेका हुन्छन, तिनीहरु सवै संविधानको अधिनमा रहेर बनेका हुन्छन् । सोही कानून अनुसार देशको दैनिक प्रशासनिक कार्य सम्पादन गरिन्छ ।

आवश्यकता अनुसार समयसापेक्ष संविधान संशोधन गर्न सकिन्छ । संविधानमा राज्यका प्रमुख तीन अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको व्यवस्था तथा कार्य विभाजन गरिएको हुन्छ । त्यति मात्र नभई संविधानमा विभिन्न संवैधानिक अङ्ग तथा परिषद्हरूको व्यवस्था पनि गरिएको हुन्छ । संवैधानिक अङ्गहरूमा राष्ट्रिय योजना आयोग, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, महान्याधिवक्ताको कार्यालय आदि पर्दछन भने परिषद्हरूमा

[१५] स्रोत : आफ्नै नोट कपीमा टिपिएको तर स्रोत नखुलाइएको

संवैधानिक परिषद, राष्ट्रिय सुरक्षा परिषद, न्याय परिषद आदि पर्दछन् । जसले संविधान तथा ऐन कानूनको अधिनमा रही आ-आफ्नो क्षेत्राधिकार अन्तर्गत् तोकिएका कार्यहरु सम्पादन गर्दछन । प्रजातान्त्रिक शासन व्यवस्थामा संविधानको दायराभन्दा बाहिर गएर कसैले पनि आफ्नो इच्छानुसार कार्य गर्न पाउँदैन । यदि त्यसो भयो भने त्यसले सजायको भागिदार हुनुपर्दछ । प्रजातान्त्रिक समाजवादी शासन प्रणालीमा संविधान नै सबैभन्दा माथि रहन्छ । संविधान जनताको सर्वोपरि हितलाई ध्यानमा राखेर निर्माण गरिएको हुन्छ ।

संविधान एउटा लिखित दस्तावेज मात्र हो । यो आफै केही बोल्दैन र गर्दैन । यसमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्ने जिम्मा त सरकार तथा सत्ताको नेतृत्व गर्ने व्यक्ति तथा दल (Party) को हो । संविधानमा तथा ऐन, कानूनमा भएका व्यवस्थाहरुको अक्षरशः कार्यन्वयन गर्ने जिम्मा सरकारको र पालना गर्नु पर्ने जिम्मा सरकार र जनता दुवैको हो । प्रजातान्त्रिक शासन प्रणालीमा जनता सार्वभौमसत्ता सम्पन्न हुन्छन । यस व्यवस्थामा शासकीय सत्ता सरकारमा र राजकीय सत्ता जनतामा निहित हुन्छ । यसमा यदि शासकले शासकीय सत्ताको दुरुपयोग गर्ने चेष्टा गरेमा जनताले आफूमा निहित राजकीय सत्ताको प्रयोग गरी त्यस्ता शासकलाई सत्ताच्यूत गर्न सक्छन । प्रजातान्त्रिक शासन प्रणाली शक्ति पृथकीकरणको सिद्धान्त आधारित हुने भएकोले सरकार निरङ्कुशता तिर जान सक्तैन किनभने सरकारलाई नियन्त्रण गर्ने व्यवस्थापिका र न्यायपालिका जस्ता राज्यका अन्य अङ्गहरु पनि हुन्छन् । जो सरकारलाई आफ्नो मार्गबाट विचलित हुनबाट रोक्छन् । त्यसबाट पनि नियन्त्रण गर्न सकिएन भने आवधिक निर्वाचन त छँदैछ । प्रजातन्त्रमा अन्तिम विकल्पको रुपमा जन विद्रोह त सधैं सुरक्षित रहन्छ नै । यी सबै कुराको संविधानमा व्यवस्था गरिएको हुन्छ । यसको दायरा भित्र रहेर यिनको प्रयोग गर्न सकिने हुनाले प्रजातान्त्रिक शासन प्रणालीमा संवैधानिक सर्वोच्चता रहेको हुन्छ ।

### २.२.१.२ बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली (Competitive Multiparty System)

बहुदलीय प्रतिस्पर्धा प्रजातान्त्रिक शासन प्रणालीको सुन्दर पक्ष हो । दलीय प्रतिस्पर्धा निर्वाचनको माध्यमबाट हुन्छ। **'बहुदलीय'** भन्ने शब्द बाट नै प्रष्ट हुन्छ कि निर्वाचनमा दुई वा दुई भन्दा बढी दल समावेश हुन्छन् । जसमा विभिन्न सैद्धान्तिक विचारधारा बोकेका दलहरू हुन्छन्। जनताले निर्वाचनको माध्यमबाट जाहेर गरेको अभिमत अनुसार दलहरूले देशको शासन सत्ता सञ्चालन गर्ने अवसर प्राप्त गर्छन् । प्रजातान्त्रिक शासन प्रणालीमा यो प्रक्रिया निरन्तर चलिरहन्छ । निर्वाचनमा हरेक पार्टीले बहुमत प्राप्तिका लागि पार्टीको तर्फबाट विभिन्न योजना तथा कार्यक्रमहरु समावेश गरेर आ-आफ्नो दलको घोषणापत्र जारी गरी निर्वाचनमा भाग लिन्छन्। निर्वाचन परिणाम अनुसार संसद्मा स्पष्ट बहुमत संख्या प्राप्त दलले सरकार गठन गर्ने अवसर पाउँछ । सरकार गठन गरी देशको शासन सत्ता चलाउँछ । नेपालको सन्दर्भमा **संसदमा स्पष्ट बहुमत संख्या भन्नाले देश भरिमा निर्धारित संसद सदस्यहरुको संख्याको पचास प्रतिशतले हुन आउने संख्यामा थप एक जना सदस्यको संख्यालाई बुझाउँछ।** निर्वाचन परिणाम अनुसार यदि कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गर्न नसकेमा दुई वा दुई भन्दा बढी दलहरू मिलेर बहुमत संख्या पुऱ्याएर मिलिजुली (संयुक्त) सरकार गठन गर्न सकिन्छ। यदि संयुक्त सरकार गठन गर्ने वतावरण पनि नभए संसदमा प्रतिनिधित्व गर्ने दलहरुमध्ये सबैभन्दा ठुलो दल वा संसद सदस्य बढी भएको दलले अल्पमतको सरकार गठन गर्ने मौका पाउँछ । यसरी अल्पमतको सरकार गठन गरेको दलले संविधानमा तोकिएको समयावधि भित्र संसदमा आफ्नो बहुमत कायम रहेको सिद्ध गर्नुपर्छ। यदि बहुमत सिद्ध गर्न नसकेमा सरकारबाट बाहिरिनु पर्छ। संवैधानिक व्यवस्थानुसार आवधिक निर्वाचनमा भाग लिएका दलहरू मध्ये कुनै दलले पनि स्पष्ट बहुमत प्राप्त नगरेको अवस्थामा दुई वा दुई भन्दा बढी दलहरू मिलेर मिलिजुली सरकार गठन गरि विश्वासको मत नलिएमा वा मिलिजुलि सरकार हुन नसकेमा संसदमा रहेका दलहरू मध्ये सबैभन्दा ठुलो दलले अल्पमतको सरकार गठन गर्ने

मौका पाई तोकिएको समयावधि भित्र विश्वासको मत नलिएमा वा मिलिजुली सरकारमा सहभागी दलहरू मध्ये कुनै दलले सरकारलाई दिएको समर्थन फिर्ता लिई संसदमा सरकार विरुद्ध अविश्वास प्रस्ताव पारित भएमा अल्पमतमा परेको सरकारको प्रधानमन्त्रीले मध्यावधि निर्वाचनको घोषणा गर्न सक्छ । यदि बहुमत प्राप्त दलका निर्वाचित केही संसद सदस्यहरु व्यवस्थापिका (संसद) मा सरकारको विपक्षमा भइ अविश्वासको प्रस्ताव पारित भएमा पनि मध्यावधि निर्वाचन हुनसक्छ । मध्यावधि निर्वाचन तथा आवधिक निर्वाचन हुने अवस्था आएमा संविधान तथा निर्वाचन ऐन कानून बमोजिम निर्वाचन आयोगद्वारा निर्वाचन तथा मतदान कार्य मार्फत् फेरि दलीय प्रतिस्पर्धा गराई निर्वाचन परिणाम अनुसारको सरकार गठन गर्ने प्रक्रिया दोहोरिन्छ । सरकार गठन भइसकेपछि सरकार गठन गर्ने दलले आफ्नो दलको योजनानुसार सरकार सञ्चालन गर्छ ।

### २.२.१.३ शक्ति पृथकीकरणको सिद्धान्त (Theory of Power Separation)

[१६] राज्यका अनेकौं कार्यहरु हुन्छन् । राज्य एउटा अमूर्त मान्यता भएकोले राज्यको नाममा सरकारले कार्य गर्दछ । यस मानेमा सरकार राज्यको अभिकर्ता (Agent) हो । राज्यको नाममा परम्परागत रुपले सरकारले तीन प्रकारको कार्य गर्दछ । (क) विधि निर्माण (ख) नीति निर्माण र कार्यान्वयन (ग) अपराधीलाई दण्ड दिनु, कानूनको व्याख्या गर्नु र न्यायसम्पादन गर्नु । आफ्ना यी तीन कार्यहरु सरकारले क्रमश: यी तीन अंगहरु क) व्यवस्थापिका (Legisture) ख) कार्यपालिका (Excutive) ग) न्यायपालिका (Judiciary) को माध्यमबाट सम्पादन गर्दछ । व्यवस्थापिकाले कानूनको निर्माण गर्दछ, कार्यपालिकाले ती कानूनहरु कार्यान्वयन गर्दछ र न्यायपालिकाले विद्यमान कानूनको आधारमा न्याय सम्पादन गर्दछ। ती कानूनको जनता, व्यवस्थापिका र कार्यपालिकाले पालना गरे/नगरेको हेर्छ। कानूनको पालना नगर्नेलाई दण्ड सजाय तोक्छ । यसलाई सरकारको त्रिअङ्गी सिद्धान्त (Trinity Theory of Government) भन्दछन् । राज्यका यी तीन अङ्गहरुका अधिकारहरु एउटैसँग

केन्द्रित राख्ने वा अलग अलग राख्ने भन्ने विषयमा विद्वानहरुको मत बाँडिएको छ । एक थरी तीनवटै अधिकारहरु एकै सँग हुनुपर्ने र अर्को थरी अलग अलग हुनुपर्ने विचार राख्दछन् ।

**शक्ति पृथकीकरण सिद्धान्तका मूल धारणाहरु यस प्रकार छन् :-**

(क) व्यक्तिको स्वतन्त्रताको रक्षाका लागि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सम्बन्धी शक्तिहरु एक ठाउँमा केन्द्रीत हुनु हुदैन । यो अलग अलग व्यक्ति वा व्यक्तिसमूहमा बाँडिनुपर्छ र अलग-अलग ढङ्गले प्रयोग हुनुपर्छ ।

(ख) सरकारको प्रत्येक अङ्ग या हाँगाका शक्तिहरुको स्पष्ट सीमाङ्कन हुनुपर्छ र तिनका कार्यक्षेत्रहरु पनि निश्चित गरिनु पर्दछ ।

(ग) आफ्नो कार्यक्षेत्र र सिमानाभित्र प्रत्येक विभाग पूर्णतः स्वतन्त्र एवं सर्वोच्च हुनुपर्छ । तिनले एक अर्काको अधिकार क्षेत्रको अतिक्रमण गर्नु हुँदैन ।

(घ) शक्तिको पृथकीकरण यस प्रकारले हुनुपर्दछ, जसले एउटा विभागले अर्को विभागको शक्ति र अधिकारका लागि अवरोध र सन्तुलन (Checks and Balance) को काम गर्न सकोस् । यसबाट व्यक्तिको स्वतन्त्रताको रक्षा पनि हुन्छ र सरकारको कुनै अङ्ग निरङ्कुश हुन पनि पाउँदैन । [१६]

व्यवस्थित तथा न्याय सङ्गत ढङ्गबाट राज्यलाई सञ्चालन गर्न राज्य शक्तिको बाँडफाड गर्ने परिपाटी लाई शक्ति पृथकीकरणको सिद्धान्त भनिन्छ। फ्रान्सेली प्रसिद्ध दार्शनिक मान्टेस्क्यूले सर्वप्रथम यो सिद्धान्तको अवधारणा ल्याएका थिए । उनले सन १७४८ मा प्रकाशित आफ्नो पुस्तक 'The Sprit of Law' मा यसको उल्लेख गरेका छन् । सरकारका प्रमुख तीन अङ्गहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको सम्पूर्ण अधिकार एउटैलाई दिने हो भने त्यो अत्यन्त

[१६] स्रोतः आधुनिक राजनीतिक सिद्धान्त कृष्ण पोखरेलद्वारा लिखित २०७० मा प्रकाशित पुस्तकको पेज नं. ११५ र ११६ मा उल्लिखित

तानाशाह हुनसक्छ । त्यसैकारण कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको फरक फरक क्षेत्राधिकार तोकी एकले अर्कोलाई नियन्त्रण गर्न सक्ने जिम्मेवारी प्रदान गरियो भने कोही पनि आफ्नो मार्गबाट विचलित हुन पाउँदैन भन्ने निष्कर्ष उनले निकालेका छन् । संवैधानिक व्यस्थाअनुसार कार्यपालिकालाई राज्यको दैनिक प्रशासन सञ्चालन गर्ने जिम्मा रहेको हुन्छ । त्यसका लागि आवश्यक पर्ने कानूनको मस्यौदा, देशको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रम अनुसार बजेट तयार गरी संसदमा पेश गर्ने कार्य गर्ने गर्दछ । आफ्नो देश भित्र विभिन्न विकासका आयोजनाहरुको तर्जुमा, सञ्चालन, रेखदेख तथा मूल्याङ्कन गर्ने जिम्मा पनि कार्यपालिकाकै हुन्छ । संसद अधिवेशन सञ्चालन नभएको अवस्थामा तत्काल कानूनी समस्या आएमा अध्यादेश मार्फत कानूनको व्यवस्था गर्ने अधिकार पनि यसलाई नै हुन्छ ।

व्यवस्थापिकालाई ऐन कानूनको विधेयक माथि छलफल/बहस संशोधन तथा पास गर्ने, देशको बार्षिक नीति कार्यक्रम तथा बजेटमाथि छलफल संशोधन तथा पास गर्ने र कार्यपालिका तथा न्यायपालिकाका प्रमुख आफ्नो मार्गबाट विचलित भए वा हुने सम्भावना देखिए उनीहरुलाई सचेत गराउने यसो गर्दा उनीहरुले नमानेमा संसदमा अविश्वास तथा महाभियोगको प्रस्ताव पास गरेर पदमुक्त गर्न सक्ने अधिकार पनि व्यवस्थापिकासँग रहेको हुन्छ ।

संविधान तथा ऐन कानूनमा भएका व्यवस्थाहरुको उचित व्याख्या, तिनीहरुको सही प्रयोग भए/नभएको र सरकार तथा जनताका बीच भएको विवाद तथा मुद्दाहरुको अन्तिम न्यायिक निरुपण गर्ने अधिकार न्यायपालिकालाई हुन्छ । संविधान तथा ऐन कानूनको पालना नगर्ने जोसुकैलाई दण्ड सजाय तोक्ने कार्य पनि न्यायपालिकाले नै गर्दछ ।

यसरी सरकारका यी तीन अङ्गहरुलाई फरक फरक कार्यको विभाजन गरी कार्यान्वयनको अधिकार दिँदा कोही पनि आफ्नो काम र कर्तव्यबाट विमुख हुन पाउँदैन र हुने चेष्टा पनि गर्दैन, गरीहाले पनि आ-आफ्नो अधिकारको

प्रयोग गरेर नियन्त्रण गर्ने कुरा त छदैछ ।

### २.२.१.४ आवधिक निर्वाचन प्रणाली (Periodic Election System)

संविधान तथा ऐन/कानूनमा भएको व्यवस्थानुसार तोकिएको समयावधी भित्र मतदानमा भाग लिन उमेर पुगेका नागरिकहरुबाट निर्वाचन प्रक्रियाबाट मतदान मार्फत् देशको शासन सञ्चालन गर्ने, प्रतिनिधि छनौट गर्ने प्रणालीलाई आवधिक निर्वाचन प्रणाली भनिन्छ । निर्वाचन प्रणाली मार्फत् देशको शासन सत्ता सञ्चालन गर्ने जनप्रतिनिधिहरुको संस्था व्यवस्थापिका संसदको गठन हुन्छ । जसबाट देशको कार्यकारी सरकार कार्यपालिको निर्माण हुन्छ, र दैनिक प्रशासन सञ्चालन गरिन्छ । प्रजातान्त्रिक शासन प्रणालीमा निर्वाचन हुने अवधि तोकिएको हुन्छ । सामान्यतया निर्वाचनद्वारा गठन गरिएको संसदको अवधि पाँच बर्षको हुन्छ । हरेक देशमा आ-आफ्नो देशको संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार संसदको समयावधि तोकिएको हुन्छ । सोही अवधीमा निर्वाचन सम्पन्न गरी संसद गठन गरिन्छ । निर्वाचन आयोगले संविधान तथा निर्वाचन सम्बन्धी ऐन कानुनमा तोकिएको व्यवस्थानुसार सरकार तथा देशको सुरक्षा संयन्त्रसँग छलफल गरी आन्तरिक तथा बाह्य कार्यक्रम तय गरी सार्वजनिक गर्छ । जसमा निर्वाचन कार्यालयको स्थापना, निर्वाचन शिक्षा कार्यक्रम, मतदान कार्यको लागि आवश्यक जनशक्तिको व्यवस्था, निर्वाचन सम्बन्धी आवश्यक सामाग्रीहरुको खरिद र अन्य बन्दोबस्तीका सामाग्रीहरुका साथै राजनैतिक दल दर्ता, दर्ता भएका दललाई चुनाव चिन्ह वितरण गर्छ । उम्मेद्वारहरुको मनोनयन दर्ताको समयावधि, दर्ता भएका मनोनयनमाथि दावी विरोध र दर्ता भएको मनोनयन फिर्ता लिने समयावधि प्रदान गर्छ । रीतपूर्वक दर्ता नभएका मनोनयनको खारेजी, उम्मेद्वारहरुको अन्तिम नामावली प्रकाशन, उम्मेद्वारहरुलाई चुनाव चिन्ह प्रदान र उम्मेद्वारहरुलाई चुनाव प्रचार प्रसार समयावधि तोक्नुका साथै निर्वाचन सम्बन्धी अन्य कार्यक्रमहरु तय गर्दछ । निर्वाचन आयोगले तय गरेको कार्यक्रमअनुसार दलहरुले देशका सबै निर्वाचन क्षेत्रमा आफ्नो पार्टीको तर्फबाट उम्मेद्वारहरुको घोषणा, उम्मेद्वारहरुको मनोनयन दर्ता तथा निर्वाचन

क्षेत्रमा पार्टी र उम्मेद्वारहरुको तर्फबाट गर्नुपर्ने प्रचारप्रसार तथा विभिन्न चुनावी सभा, सम्मेलन, जुलुस, ऱ्यालीहरु गरी जनतालाई आफ्नो पार्टी र उम्मेद्वारहरूको पक्षमा मतदान गर्न मतदातालाई प्रेरित गर्छन् । संवैधानिक तथा कानूनी व्यवस्थानुसार निर्वाचन क्षेत्र र मतदान केन्द्रहरू निर्धारण गरिएका हुन्छन् । निर्वाचनमा स्वतन्त्र, निष्पक्ष भयरहित ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न मतदान केन्द्रहरुमा निर्वाचन आयोगले मतदान तथा सुरक्षा टोली नियुक्त गरी खटाउँछ। निर्वाचन आयोगले नियुक्त गरी खटाएको मतदान तथा सुरक्षा टोलीहरू खटिएको मतदान केन्द्रमा गई स्थानीय राजनीतिक दलका अगुवाहरुसँग मतदान कार्य भव्य र सभ्य ढङ्गबाट सम्पन्न गर्नको लागि आवश्यक बैठक तथा छलफल गरी मतदान सम्बन्धी आवश्यक जरुरी सूचना जारी गरी जनतालाई मतदान कार्यमा भाग लिन आव्हान गर्दछ । जनताहरु तोकिएको मतदान केन्द्रमा गई आफूले चाहेको उम्मेद्वारलाई मतपत्र मार्फत आफ्नो मत जाहेर गर्छन्। मतदान कार्य सम्पन्न भएपछि मतदाताहरुले जाहेर गरेका मतपत्रहरु राखिएका मतपेटिकाहरू सिलबन्दी गरी तोकिएको मत गणना स्थलमा लगेर उम्मेद्वार तथा उनीहरुका प्रतिनिधिहरूको रोहवरमा मुचुल्का गरी मतपेटिका खोली मत गणना गरिन्छ। मतगणना गणना गर्दा जम्मा खसेको मतको कूल सदर मत मध्ये जुन दलको उम्मेद्वारको पक्षमा सबभन्दा बढी मत प्राप्त हुन्छ। उसलाई विजयी घोषित गरिन्छ। संवैधानिक व्यवस्थानुसार मध्यावधि निर्वाचनको परिकल्पना पनि गरिएको हुन्छ । मध्यावधि निर्वाचन भनेको संवैधानिक तथा कानूनी व्यवस्थानुसार तोकिएको समयावधी अगावै गरिने निर्वाचनलाई भनिन्छ । आवधिक निर्वाचन होस् या मध्यावधि निर्वाचन होस्, सरकारले निर्वाचनको मिति तोकी निर्वाचन आयोगलाई निर्वाचन गर्ने जिम्मा दिएको खण्डमा देशको सुरक्षा निकायसँग परामर्श गरी निर्वाचन स्वच्छ, स्वतन्त्र तथा भयरहित ढङ्गबाट गर्न सकिने वातवरण रहेको निश्चित भएपछि, निर्वाचन कार्यक्रम तय गरी निर्वाचन गराउनु आयोगको दायित्व हो । व्यवस्थापिकाको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणाली अनुसार हुन्छ। तर संसद मार्फत गरिने निर्वाचनहरू निर्वाचक मण्डल (Electoral voting) निर्वाचन प्रणालीद्वारा हुन्छन्। जसमा राष्ट्रपति, उपराष्ट्रपति, प्रतिनिधि सभाका

सभामुख, उपसभामुख, राष्ट्रिय सभाका सदस्य, अध्यक्ष, उपाध्यक्ष आदि पदको निर्वाचनहरू यस प्रणालीद्वारा गरिन्छन् ।

## २.२.१.५ तानाशाही व्यवस्थाको अन्त (End of Autocrat System)

कुनै देश वा राज्यमा शासकले जनताको चाहाना तथा भावनाको वास्ता नगरी आफ्नै इच्छानुसार शासन सत्ता सञ्चालन गर्ने परिपाटीलाइ तानाशाही शासन व्यवस्था भनिन्छ । तानाशाह र प्रजातन्त्रिक शासन प्रणाली एक अर्काका ठीक विपरित शासन प्रणाली हुन् । जो एकसाथ कहिल्यै रहन सक्दैनन् । प्रजातान्त्रिक शासन प्रणाली जनचाहाना अनुसार चलाइन्छ भने तानाशाह शासन प्रणाली शासकको स्वेच्छाचारी ढङ्गबाट सञ्चालन गरिन्छ । तानाशाही शासन व्यवस्था शासकको इच्छा तथा लहडमा सञ्चालन हुने भएकाले यो निरङ्कुशतातिर जान सक्छ । किनभने यस्तो शासन प्रणालीमा शासकलाई अङ्कुश लगाउने कसैको हिम्मत हुँदैन । शासक जनताको हितभन्दा आफ्नो सुख सयलमा बढी केन्द्रीत रहन सक्छन् । शासकको लागि शासन गर्नु भनेको आफ्नो विलासिता बाहेक अरु केही होइन भन्ने ठानी त्यसैमा तल्लीन रहन सक्छन् । देशको अधिकांश बजेट देशको विकास भन्दा शासकको मोजमस्ती तथा खनपानमा खर्च हुन सक्छ । फलस्वरुप देशको विकासमा अवरोध हुनसक्छ । देशको विकास भएन भने जनताले सुखको साटो दु:ख पाउँछन । उनीहरुको जीवनस्तर नाजुक स्थितिमा पुग्छ । आखिर निरङ्कुश शासकप्रति जनताको वितृष्णा बढ्दै जान्छ । प्रजातान्त्रिक शक्ति जनतालाई साथमा लिएर शासकको विरोधमा उत्रन्छ । शासक सहज रूपमा जनताको माग पुरा गर्ने पक्षमा नभई दमनकारी नीति लिएर आफ्नो सत्ता टिकाउन भरमग्धुर प्रयास गर्छ । यो शैली हरेक निरङ्कुश शासकमा देखिन्छ र गर्छन् पनि । प्रजातान्त्रिक शक्ति र जनता शासकले जस्तोसुकै दमनकारी नीति लिए पनि आफ्नो ज्यू-ज्यानको प्रवाह नगरी आफ्नो लक्ष्य प्राप्तिको लागि आन्दोलनलाई जारी राख्छन् । त्यसपछि तानाशाही शासक आफूसँग रहेको अन्तिम शक्ति देशको सुरक्षा फौजको प्रयोग गरी आन्दोलनकारीमाथि निर्मम तरिकाले गोला बारुदको प्रयोग गरी जनहत्याको मार्गमा अगाडि बढ्छ । जनता तथा प्रजातान्त्रिक

शक्ति त्यसको पनि कुनै वास्ता नगरी आन्दोलन जारी राख्छन् । यहाँ सम्म कि आन्दोलनमा जति मारिन्छन् त्यति आन्दोलन झन बढी चर्किन्छ। अन्ततः निरङ्कुश शासकमाथि राष्ट्रिय तथा अन्तराष्ट्रिय दवाव पर्छ । फलस्वरुप उसले आन्दोलनकारीको माग अनुसारको शासन व्यवस्था स्वीकार गर्न बाध्य हुनुपर्छ र गर्छ पनि । यसरी प्रजातान्त्रिक शासन प्रणालीमा निरङ्कुश शासन तथा शासकलाई जनआन्दोलनको माध्यामद्वारा अन्त गर्ने व्यवस्था सुरक्षित रहन्छ ।

नेपाली कांग्रेसले पनि नेपालका निरङ्कुश शासकका विरुद्ध बेला बेलामा आन्दोलन गरी प्रजातन्त्र स्थापना गरेको इतिहास साक्षी छ। जो यसै पुस्तकको **'अध्याय तीन'** मा उल्लेख गरिएको छ ।

## २.२.१.६ देशको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनितिक र भौतिक विकास (Economic, Socio–Cultural, Political and Physical Development of Country)

व्यक्ति, परिवार, समाज तथा देशलाई सकारात्मक परिर्वन गर्नु/गराउनु वा प्रगति तथा उन्नतिको मार्गमा लैजानुलाई विकास भनिन्छ । देशको विकास जहिले पनि सकारात्मक वा प्रगतिको बाटोतिर जान्छ । अर्थात् पहिलेको अवस्था भन्दा नागरिकको जीवनस्तरमा बढी सुख सुविधा प्राप्त हुन्छ। देशको विकास भए/नभएको थाह पाउन यसका केही मापदण्डहरु निर्धारण गरिएका छन् ।

### देश विकासका निर्धारित मापदण्ड निम्नानुसार छन् :-

क) आर्थिक विकास (Economic Devlopment)

ख) सामाजिक विकास (Social Devlopment)

ग) साँस्कृतिक विकास (Cultural Devlopment)

घ) राजनीतिक विकास (Political Devlopment)

ङ) भौतिक विकास (Physical Devlopment)

**क) आर्थिक विकास (Economic Devlopment) :-** नागरिकमा सम्पत्तिको सम्पन्नता हुनुलाई आर्थिक विकास भन्ने गरेको पाइन्छ । सम्पत्तिको सम्पन्नता भन्नाले हरेक नागरिकले आफूलाई आवश्यकता भएको वस्तुको सरल र सहज रुपमा हुने उपलब्धता अथवा जुन वस्तुको जतिबेला आवश्यक पर्छ, त्यो वस्तु त्यतिबेला उपलब्ध हुने अवश्था लाई नै सम्पत्तिको सम्पन्नता भनिन्छ। कुनै पनि देशको आर्थिक सम्पन्नता हुनमा त्यो देशको कूल राष्ट्रिय आम्दानी, गार्हस्थ आम्दानी, गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आयमा वृद्धि हुनुपर्छ । कूल राष्ट्रिय आम्दानी भन्नाले कुनै देशमा एक वर्ष भरिमा उत्पादन भएको वस्तु तथा सेवाको मूल्यलाई जनाउँछ । यसमा वैदेशिक अनुदान तथा रोजगारबाट प्राप्त रकमलाई समेत समावेश गरिएको हुन्छ। कूल गार्हस्थ आम्दानी भन्नाले कुनै देश भित्र एक वर्षभरिमा उत्पादन भएको वस्तु तथा सेवाको मूल्यलाई जनाउँदछ। कूल गार्हस्थ उत्पादन भन्नाले कुनै देशको आफ्नै देशभित्र उत्पादन भएको वस्तु तथा सेवाको मूल्यको परिमाणलाई जनाउँदछ । प्रतिव्यक्ति आय भन्नाले कुनै देशको एक जना व्यक्तिको बार्षिक क्रयशक्ति (आम्दानी) लाई जनाउँछ। जसलाई कुनै देशको कूल राष्ट्रिय आम्दानीलाई त्यो देशको कूल जनसंख्याले भाग गर्दा निस्कने भागफलको अङ्कलाई प्रतिव्यक्ति आय भनिन्छ। देशको कूल राष्ट्रिय आम्दानी, कूल गार्हस्थ आम्दानी तथा उत्पादन र प्रतिव्यक्ति आय वृद्धिका लागि देशको सवल आर्थिक नीति हुनुपर्दछ। सवल आर्थिक नीति भन्नाले आफ्नो देशको लागि आवश्यक पर्ने बस्तु तथा सेवा आफ्नै देशमा उत्पादन गरिनुपर्छ । सकभर देशको आर्थिक नीति आयातमुखी नभई निर्यातमुखी हुनुपर्छ। जसको माध्यमबाट विदेशी मुद्रा आर्जन गर्न सकिन्छ। त्यसको लागि आफ्नै देशभित्र उद्योग तथा कल-कारखाना खोलिनुपर्छ र त्यसका लागि आवश्यक जनशक्तिको उपलब्धता पनि आफ्नै देशभित्र हुनुपर्दछ । यदी उद्योग सञ्चालनका लागि आफ्नो देशमा दक्ष जनशक्ति उपलब्ध हुन नसकेको खण्डमा आफ्नो देशमा भएको जनशक्तिलाई तालिम दिलाई दक्ष

नहुन्जेलसम्मका लागि देश बाहिरबाट जनशक्ति मगाई कार्य सञ्चालन गर्ने बरु आफ्नो देशका उद्योगबाट बढीभन्दा बढी बस्तु उत्पादन गरी विदेशमा निर्यात गर्न सक्नुपर्दछ । जसबाट विदेशी मुद्रा आर्जन हुने र देशको मुद्रा बाहिरिन नपाई देशको राष्ट्रिय आम्दानीमा टेवा पुग्दछ । आर्थिक विकासका लागि कृषि उत्पादनमा वृद्धि हुनु पनि जरुरी छ । किनभने मानिसलाई बाँच्नको लागि चाहिने खाद्यन्न बाली उत्पादन हुने मुख्य आधार नै कृषि प्रणाली हो । यदी कृषि कार्यबाट बाली नाली उत्पादन नहुने हो भने जतिसुकै अर्थोपार्जन गरे पनि त्यसको कुनै अर्थ रहदैन । विना अन्न पानीले त बाँच्नै सकिदैन । अन्न उत्पादनको लागि जग्गा जमिन अनिवार्य हुन्छ । त्यति मात्र नभई बासस्थानको लागि पनि जमिन नै चाहिन्छ । तसर्थ मानव जीवनका लगि भूमि तथा कृषि उत्पादनको अत्यन्तै महत्वपूर्ण स्थान रहेको छ । जनसंख्या दिनानुदिन तीब्र गतिमा बढने र जमिन जग्गा सीमित हुने हुँदा परम्परागत तरिकाले कृषि कार्य गर्दा उत्पादन सिमित हुने भएकाले आधुनिक तरिकाबाट कृषि कार्य गर्नु अत्यन्त जरुरी हुन्छ । आधुनिक तरिकाले कृषि कार्य गर्दा कृषि उत्पादनमा वृद्धि हुन गई खाद्यान्न संकटबाट बच्न सकिन्छ । जसका लागि आधुनिक मल, बिउ र कृषि औजारहरुको प्रयोग गर्नु पर्दछ । आधुनिक मल र बिउ बाट कृषि उत्पादनमा वृद्धि हुन्छ भने कृषि औजारको प्रयोबाट कृषि कार्य छिटो छरितो र सरल तरिकाले गर्न सकिन्छ । वी.पी. ले परिकल्पना गरेको प्रजातान्त्रिक समाजवादमा उद्योग, उद्योगबाट उत्पादित वस्तुमा आत्मनिर्भर र कृषिमा आधुनिक प्रविधिको प्रयोग अनिवार्य शर्तका रुपमा राखिएको छ ।

**ख) सामाजिक विकास (Social Devlopment)** :- निर्धारित क्षेत्रभित्र बसोबास व्यक्तिहरुको समूहलाई समाज भन्दछन् । समाज भनेको विभिन्न क्षमता, रुप, रङ, वर्ग, लिङ्ग, जाति, भाषा, धर्म, सस्कृति, भेष भूषा, लवाइ खवाइ, चाल चलन, रितीविाज भएका मानिसहरूको मिश्रित रुप हो । समाजमा रहेका सबै सदस्यहरु बीच एक-आपसमा गरिने व्यवहारिक समानतालाई नै समाजिक विकास भनिन्छ । अर्थात् विविधतामा एकता भएको समाजलाई नै समाजिक विकास भनिन्छ ।

हरेक समाजले आफ्नै मापदण्ड अनुसारका चालचलन, रितीरिवाज, संस्कार, चलन व्यवहार आदिको निर्धारण गरेको हुन्छ । त्यसैको आधारमा समाजको विशिष्टता मापन गरिन्छ । विशिष्टताकै आधारमा समाज कति विकसित छ ? भन्ने कुरा थाह पाउन सकिन्छ । जाति, धर्म, लिङ्ग, वर्ग, वर्ण, भाषा, भेष भूषा आदिका आधारमा विभेद नगरिने समाजलाई विकसित समाज मानिन्छ । किनभने समाज भनेको विभिन्न क्षमता भएका व्यक्तिहरुको मिश्रित रुप हो । समाजमा मजदुर देखि मालिकसम्मको आ-आफ्नो स्थानमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मालिकलाई मजदुरको आवश्यकता पर्छ भने मजदुरलाई पनि मालिकको आवश्यकता पर्छ । किनकि मजदुरलाई काम चाहिन्छ । कामबाट दाम पाइन्छ । जसबाट उसको जीवन निर्वाह हुन्छ भने मालिकलाई काम चाहिन्छ । किनकि ऊ आफ्नो लगानी बढाएर बढी सम्पत्ति आर्जन गर्न चाहन्छ । तसर्थ समाजमा रहेका हरेक वर्गहरु आपसी सहिष्णुताका साथ मिलेर बसेको अवस्थामा मात्र समाजिक विकास हुन सक्छ । यसका लागि देशको शासन प्रणाली नागरिकको हितमा हुनुका साथै देशमा राजनैकि स्थिरता हुन जरुरी हुन्छ । सबै प्रकारका शासन व्यवस्थाहरुमा आ-आफ्नै किसिमका समाज सञ्चालन  र विकास गर्ने मापदण्ड निर्धारण गरिएका हुन्छन् । सोही मापदण्ड अनुसार समाज सञ्चालन गरिन्छ । प्रजातान्त्रिक शासन प्रणालीमा सामाजिक विकास गर्ने अवसर धेरै मात्रामा हुन्छ । किनभने यस प्रणालीमा जनताहरूले विरोध गर्ने र सरकारको निरङ्कुशतामा अंकुश लगाउने मौका पाउँछन् । जसको कारण सरकार जनचाहाना अनुसारको सामाजिक विकास गर्न बाध्य हुन्छ । यसरी यो प्रणाली जन-नियन्त्रणमा हुने हुँदा यसमा शोषण र विभेद रहित समाजको निर्माण गर्ने आधारशीला बन्छ । शोषण र विभेदरहित समाज सामाजिक विकासका लागि अनिवार्य शर्तका रुपमा लिइन्छ ।

**ग) सांस्कृतिक विकास (Cultural Devlopment) :-** समाजले अङ्गिकार गरेका मूल्य मान्यता परम्परा, रीतिविाज, रहन सहन, चाडपर्व, भेषभुषा, आदिको समष्टिरुपलाई संस्कृति भनिन्छ । परम्परा र संस्कृतिभित्र जन्म, विवाह, मृत्यु र पूजापाठ आदि गरिने संस्कारहरु पर्दछन् । पम्परागत आफ्ना

पुर्खाहरूले चलाएका पुराना कतिपय चालचलनहरु तत्कालीन समयमा सान्दर्भिक भए पनि समय-सापेक्ष परिवर्तन गर्न आवश्यक भएमा परिवर्तन गरिनुपर्छ । पुराना स्थिापित मुल्य मान्यताहरु परिवर्तन गर्न त्यति सजिलो त हुँदैन । पुराना स्थिापित मूल्य मान्यताहरु जसले वर्तमान समाजलाई नकारात्मक प्रभाव पार्दैनन् तिनलाई यथावत् कायम राखिनु पर्दछ । जुन मान्यताले वर्तमान समाजको सामाजिक वातावरणलाई प्रभावित गर्छन् तिनीहरुलाई सुधार गरेर लैजानुपर्छ । समयको गति सँगै मानिसको इच्छा आकांक्षा र व्यवहारमा पनि परिवर्तन आउँछ र आउनु स्वभाविक पनि हो । मानिस सकेसम्म आफूलाई कसैको अधिनमा नराखी स्वतन्त्र हिसाबले जिउन चाहन्छ । हरेक समाजमा केही संभ्रान्त वर्ग पनि हुन्छन् । उनीहरू समाजमा आफ्नो बोलवाला स्थिति कायम राख्न चाहन्छन् । त्यसको लागि केही आचारसंहिता तयार गरी समाजमा लागु गरिएका हुन्छन् । जसलाई परम्परा वा संस्कार भनिन्छ । यसलाई उनीहरू सधैंभरी कायम रहिरहुन् भन्ने चाहन्छन् । किनभने उनीहरुबाट स्थिापित मूल्य मान्यताबाट आफूलाई मात्र नभई आफ्ना सन्ततिले पनि फाईदा लिन सकून् भन्ने रहस्य लुकेको हुन्छ । जुनसुकै समाजमा पनि आधारभूत मूल्य मान्यताहरू स्थिापित हुनु आवश्यक पनि हुन्छ । पृथ्वीमा रहेका सम्पूर्ण प्राणीहरुमध्ये मानिसलाई सर्वश्रेष्ठ प्राणी मानिनुको कारण पनि यही नै हो । संसारका अन्य प्राणीहरु वर्तमानको जीविकालाई मात्र ध्यान दिन्छन् भने मानिस वर्तमानको निर्वाह मात्र नभई विगतलाई मध्यनजर गरी आगत (भविष्य) लाई समेत नजरअन्दाज गरी त्यसको सहजताका लागि योजना तथा कार्यक्रम बनाई आफू र आफ्नो भावी पुस्तालाई समेत सुख-सयलमा राख्न सक्दछ । त्यसैकारण मानिसले व्यक्तिबाट परिवार, समुदाय हुँदै राज्यको निर्माण गरेको हो । मानिसलाई इमान्दार, नैतिवान्, चरित्रवान् र समाजप्रति उत्तरदायी बनाउन आफ्नो मार्गबाट विचलित हुन नदिई नैतिक बन्धनमा राख्नको लागि केही मानवीय आधारभूत सामाजिक मूल्य मान्यताहरुको किटान गरी तिनलाई लिखित तथा मौखिक रुपमा आचारसंहितामा समावेश गरी समाजमा लागू गरेको हुन्छ । जसलाई सांस्कृतिक मूल्य मान्यता भनिन्छ । कतिपय मूल्य मान्यताहरुले निरङ्कुशतालाई बढावा दिएको हुन सक्छ ।

यस्ता मान्यताहरुलाई परिवर्तन गर्न आवश्यक पर्छ ।
यस्ता कुसंस्कार परिवर्तन गरि सभ्य तथा समतामूलक समाज निर्माणका लागि पनि प्रजातान्त्रिक शासन प्रणाली सहायक सिद्ध हुन्छ ।

**घ) राजनीतिक विकास (Political Devlopment) :-** कनै पनि देश तथा राज्य व्यवस्था सुचारु ढङ्गबाट सञ्चालन गर्न बनाइएको नीतिगत संयन्त्रलाई राजनीतिक व्यवस्था भनिन्छ । विभिन्न राजनीतिक प्रणालीका बारेमा विस्तृत जानकारी यस पुस्तकको अध्याय दुई को **'खण्ड क'** को बुँदा नं. २ मा उल्लेख गरिएको छ । सरकारले देशका सबै जनताहरुलाई राज्यको मूलधारमा समावेश गरी देश र शासन व्यवस्था प्रति अपनत्वको भावना जागृत गराउनु पर्दछ । यसका लागि राज्यका सम्पूर्ण क्षेत्रमा समावेशीकरणको सिद्धान्त अपनाएर समाजमा पछि परेका वर्गको सहभागीतामा वृद्धि गराउनु आवश्यक हुन्छ । पिछडिएको जाति वर्ग, क्षेत्र, लिङ्ग, समुदाय र क्षेत्रको सहभागितामा वृद्धिका साथ-साथै उनीहरुको मागको उचित सम्बोधन र क्षमता विकासमा पनि जोड दिनु पर्दछ । यसरी राज्यको सबै क्षेत्रमा  सम्पूर्ण जनताको सहभागिता गराई सरकार प्रति सबै जनताको अधिकार सुनिश्चितता कायम हुने राजनीतिक संस्कारको विकास गरिनु पर्छ ।

**५) भौतिक विकास (Physical Devlopment) :-** भौतिक विकास जनताको दैनिक जन-जीवनसँग प्रत्यक्ष सम्बन्धित हुन्छ । जुन देशमा जनतालाई यातायात, शिक्षा, स्वास्थ्योपचार, खानेपानी, सुचना-सञ्चार प्रविधि, औद्योगिक उत्पादन तथा बजार व्यवस्थापन, कृषि पशुपालन, व्यापार व्यवसाय आदि सबैको सर्वसुलभता हुने व्यवस्था भएमा देशको भौतिक विकास भएको मानिन्छ ।

माथि उल्लिखित सबै कुराहरुको सबै जनतामा सहज रुपमा उपलब्धता देशको शासन प्रणालीमा निर्भर रहन्छ । जुन देशमा एकतन्त्रिय शासन रहन्छ । त्यो देशमा उर्पयुक्त कुराहरुको उपब्धता सरकारको कार्यशैली अनुसार छिटो र ढिलो हुनसक्छ । तर प्रजातान्त्रिक शासन प्रणालीमा सरकारमाथि

जनता र दवाब समूहको प्रभाव रहने हुँदा सरकारले यी कार्यहरुलाई प्राथमिकता दिई छिटो र छरितो ढङ्गबाट गर्ने कोसिस गर्छ । यसका लागि सरकार स्वयं, विदेशी दातृ-संस्था तथा जन-सहभागिता गराई देशको भौतिक विकासका तत्पर रहन्छ ।

**२.२.१.७ सु-शासन (Good Governance) :-** देश र जनता सर्वोपरि हितलाई ध्यानमा राखी गरिने शासन सत्तालाई सु-शासन भनिन्छ । देशको चौतर्फी विकास गर्नको लागि सु-शासन अनिवार्य शर्तका रुपमा लिइन्छ । समान राजनीतिक सहभागिताको सु-निश्चितता, दिगो विकास, भ्रष्टाचारमुक्त प्रशासन सु-शासन मापनका आधार हुन् । समान राजनीतिक सहभागिताको लागि राजनीतिक क्षेत्रमा पिछडिएका वर्ग, क्षेत्र, समुदाय, लिङ्ग आदिलाई राजनीतिक मूलधारमा समावेश गर्ने वातावरणको सिर्जना गर्नुपर्छ । त्यस्तै राज्यको प्रशासनिक क्षेत्रमा पनि सबैको समान सहभागिताको लागि आवश्यक प्रक्रिया अपनाइनुपर्छ । राज्यको विभिन्न निकायहरूमा पिछडा वर्गको सहभागिता गराएर मात्र पुग्दैन । सहभागी भएको क्षेत्रमा कार्य गर्न सक्ने दक्षता भएन भने सहभागिताको पनि कुनै औचित्य रहदैन । तसर्थ उनीहरुको सहभागिताका साथ साथै मागहरुको सम्बोधन र कार्य दक्षतामा वृद्धि गराउनु पनि अनिवार्य शर्तका रुपका लिइनु पर्छ । सु-शासनको अनिवार्य रुपमा दिगो विकासलाई लिइन्छ । दिगो विकास भन्नाले देशमा सञ्चालन गरिने विकासका आयोजनाहरुले मानव जीवन र वातावरणमा प्रभाव नपर्ने तथा राज्यको लगानी खेर नजाने र पटक पटक लगानी गर्नु नपर्ने गरी निर्माण तथा सम्पन्न हुने आयोजनालाई बुझिन्छ । यसका लागि विकास आयोजना छनौट गर्दा माथि उल्लिखित कुराहरुलाई ध्यान पुऱ्याएर गर्नुपर्छ । सरकारले सम्पूर्ण जनताहरुका आवश्यकता परिपुर्ति गर्ने खालका सञ्चालित आयेजनाहरुको समय समयमा अनुगमन तथा मूल्याङ्कन गरी आर्थिक प्रलोभन लेनदेनको चलखेल भई आयोजनाको लागि निर्धारित गरिएको बजेट र समयको दुरुपयोग भई न्यून गुणस्तरको कार्य हुनबाट जोगाउनुपर्छ । यदि आर्थिक हिनामिना तथा गुणस्तरहीन काम गर्ने व्यक्तिलाई कुनै पक्षपात नगरी विनासर्त दण्ड सजाय गरिनुपर्छ । जसले गर्दा भविष्यमा यस्ता कार्य दोहोरिन नपाउँन् । भ्रष्टाचारको मामलामा सरकार कत्ति पनि लचिलो हुनुहुँदैन ।

लचिलो नहुने कुरा बोलीमा मात्र नभई व्यवहारमा पनि उतार्नुपर्छ। नत्र भने सरकार जनताको अविश्वासको पात्र बन्न सक्छ । भ्रष्टाचारमुक्त प्रशासन संयन्त्र पनि सु-शासनको एउटा मानक हो । जुन देशको कर्मचारी प्रशासन संयन्त्रमा ढिलासुस्ती, आर्थिक चलखेलद्वारा काम गर्ने गराउने परिपाटी, कुनै व्यक्तिको भनसुन तथा सिफारिसमा काम कारवाही गरिन्छ भने त्यो देशका सर्वसाधारण जनताले कहिल्यै पनि सरकारी सेवा सजिलै तरिकाले लिन सक्दैनन्। प्रजातान्त्रिक शासन प्रणालीमा पनि यस्तो परिपाटी विद्यमान रहेको छ भने सर्व-साधारण जनताको लागि यो कुनै निरङ्कुश तानाशाही शासन व्यवस्थाभन्दा कम पिडादायी हुदैन । तसर्थ देशमा जनतालाई सु-शासन अनुभूति दिलाउन यस्ता कार्य सञ्चालन बन्द गरिनु पर्छ। र आफ्नो कर्मचारी प्रशासनलाई हर हमेशा चुस्त दुरुस्त तथा भ्रष्टाचारमुक्त राख्नुपर्दछ। जनताले मागेको सेवामा आवश्यक प्रक्रिया पुगेको छ भने सम्बन्धित कर्मचारीले कत्ति ढिला नगरी प्रदान गर्ने, यदि प्रक्रिया नपुगेको भएमा सोको जानकारी गराइ सोहीअनुसार कार्य गर्ने/गराउने परिपाटी बसाल्नुपर्छ।

**२.२.१.८ उत्पादनमा जोड र वितरणमा आंशिक सामाजिकीकरण (Focusing in Production and Partial Socialization in Distribution)** :- देश विकासका लागि उद्योग तथा कृषि उत्पादनको वृद्धिमा जोड दिइनु पर्छ । उद्योगहरु प्रायःजसो कृषि तथा खानीमा आधारित हुन्छन् । ती उद्योगबाट बजारमा मागअनुसारका तयारी वस्तुहरु प्रशस्त मात्रामा उत्पादन गरी आपूर्ति गर्न विशेष जोड दिइनुपर्छ। उद्योगबाट तयारी वस्तु उत्पादनका लागि आफ्नै देश भित्र कच्चा पदार्थको उत्पादन तथा आपूर्तिको व्यवस्था गरिनुपर्छ। जसका लागि उद्योग सञ्चालन भएका क्षेत्र वरिपरिका किसान लाई कच्चा पदार्थको खेति गर्न प्रोत्साहन गर्नुपर्छ। कच्चा पदार्थ उत्पादक किसानलाई अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनुपर्छ। उत्पादन वृद्धिका लागि सरकारले उद्योगलाई पनि अनुदानको व्यवस्था गर्नुपर्छ। यसरी सहुलियतको व्यवस्था गर्दा उत्पादित वस्तुहरुको लागत घट्न गइ उपभोक्ताहरुले सस्तो मूल्यमा तयारी वस्तु प्राप्त गर्दछन् । उत्पादित वस्तुहरुमा सबैको सहज रुपमा पहुँच हुनसक्छ। उद्योगबाट वस्तु उत्पादन गरेर मात्र पुग्दैन।

उत्पादित वस्तुहरु सजिलै बजारमा र समाजमा पुऱ्याउन र त्यसको प्रबर्द्धधन गर्नु पनि त्यत्तिकै आवश्यक हुन्छ । त्यसको लागि सरकारले आवश्यक व्यवस्था गर्नुपर्छ । त्यसका लागि सञ्चार माध्यमबाट विज्ञापन मार्फत प्रचार प्रसार गरि सबैलाई जानकारी दिनुपर्छ ।

उत्पादित वस्तुहरुको प्रबर्द्धधनका लागि समय समयमा विभिन्न स्थानहरुमा उत्पादित कृषि तथा औद्योगिक वस्तुहरुको प्रदर्शनी मेला आयोजना गरिनु पर्छ । जसबाट सर्वसाधारण जनताले ती वस्तुहरुको अवलोकन गर्ने र उपयोगिता जान्ने अवसर प्राप्त गर्न सकून् । उत्पादित वस्तुहरु सर्वसाधारण जनताको पहुचमा पुऱ्याउनका लागि सरकाले ती वस्तुहरुको वितरणमा सहजताको लागि आवश्यक पहल गर्नुपर्दछ । जसको लागि जनताको आर्थिक स्थितिको मूल्याङ्कन गरी निम्न आयस्तर भएका तथा पिछडिएका वर्ग समुदायको लागि निश्चित मापदण्ड तय गरी विशेष अनुदानको व्यवस्था गरी उनीहरुको ती बस्तुहरुको सरल र सहज पहुँच पुऱ्याउनु पर्छ । कृषिको लागि आवश्यक मल, बिउ, वैकल्पिक उर्जा र इन्धनमा जस्तै अन्य सर्वसधारणको पहुँचमा नरहेका बस्तुहरुमा सरकारले आंशिक तथा पूर्ण अनुदानको व्यवस्था गरेर भए पनि यी वस्तुको जनतामा पहुँच पुऱ्याउनु पर्छ । यसरी अनुदानको व्यवस्था गर्दा सरकारी रकमको दुरुपयोग हुन दिनु हुँदैन । यदि यसो भएमा दुरुपयोग गर्ने व्यक्तिलाई तरुन्त सजाय गरेर रकम दुरुपयोग गर्ने प्रचलनलाई दुरुत्साहित गर्नुपर्दछ । त्यसको लागि पनि सरकार तथा उद्यमीहरुको संयुक्त प्रयास हुन जरुरी हुन्छ । यसरी सरकारले आफ्नो देशमा उत्पादित वस्तुको वितरणमा सामाजिकीकरण अर्थात समाजमा प्रवाहीकरण गर्नुपर्छ । जसको लागि सरकारले उत्पादकलाई अनुदान तथा कर छुटको व्यवस्था गरि थप प्रोत्साहित गर्नुपर्छ ।

**२.२.१.९ निजीकरण र खुला बजार अर्थतन्त्र (Privatization and Open Market Economy) :-** उत्पादनका साधनहरु सरकारको मातहतमा मात्र सीमित नराखी सरकारको स्वीकृति लिई नियमानुसार व्यक्तिको स्वमित्वमा रहने गरी सन्चालन अनुमति प्रदान गरिने परिपाटीलाई निजीकरण भनिन्छ ।

यस व्यवस्थामा सरकारले निर्धारण गरेको शर्त अनुसार राज्यलाई कर तथा अन्य सेवा सुविधा उपलब्ध गराएर उद्योग सञ्चालनको सम्पूर्ण जिम्मा उद्योगपति व्यक्तिको हुन्छ । जसमा उद्योग स्थापना गर्न आवश्यक लगानी, कच्चा पदार्थको व्यवस्था, सन्चालनका तथा व्यवस्थापन लागि आवश्यक जनशक्तिको व्यवस्था, उत्पादित वस्तुहरु विक्रीवितरणको लागि बजार व्यवस्थापन जस्ता कार्यहरुको जिम्मा लगानीकर्ताको हुन्छ । राज्य पनि उनीहरुको कार्यमा सहयोगी भूमिकाको रुपमा उपस्थित हुन्छ । यसमा राज्यको भूमिका भनेको कानूनी जटिलतालाई सहजता बनाउने, भूमि, पानी, आदिको उपलब्धता, बजार तथा आवश्यक पूर्वाधारको निर्माण तथा स्तरोन्नतिमा जोड दिनुपर्ने हुनुपर्छ । यसरी सरकारले आफ्नो देशभित्र उद्योग व्यवसायीलाई ढुक्कसँग लगानी गर्न सक्ने वातावरण तयार गर्नुपर्छ । राज्यले उद्योग व्यवसाय निजीकरण गरी सञ्चालन गर्ने नीति लिइसकेपछि खुला बजार अर्थतन्त्रको नीति पनि अपनाउन जरुरी हुन्छ । खुला बजार अर्थतन्त्र भनेको स्वदेश तथा  विदेशमा उत्पादित वस्तुहरुको बजारमा सरल र सहज रुपमा आयात तथा निर्यात गर्न सकिने व्यवस्था हो । यसरी राज्यले निजीकरण र खुला बजार अर्थतन्त्रको निति लिइसकेपछि आफ्नो तथा अन्य देशमा उत्पादित वस्तुहरु सजिलैसँग आयात तथा निर्यात गर्न सकिन्छ । त्यस्तै व्यापार व्यवसाय पनि गर्न सकिन्छ ।

**राज्यले खुला बजार अर्थनीति र औद्योगिक निजीकरणको नीति लिएमा निम्नानुसारका उपलब्धिहरू हुन्छन् :**

[१७]१) स्वदेशी तथा विदेशी लगानीकर्ताहरु आफूसँग भएको पूँजी लगानी गरी धमाधम उद्योगहरु खोल्छन्,

२) वस्तु तथा सेवाको प्रयाप्त उपलब्धता हुन्छ ,

३) देशमा रोजगारीको सिर्जना हुन्छ ,

४) देशको राजस्वमा वृद्धि हन्छ ,

५) विकासका पूर्वाधारहरुको विकास हुन्छ र

६) जनताको जीवनस्तरमा सुधार आउँछ । [१७]

## २.२.२ आधारभूत आवश्यकतामा नागरिकको सहज पहुँच (Easily Access of Civilian in Fundamental necessity)

हरेक देशको बलियो आधारशीला भनेको देशको नागरिक हो । देशका नारिकहरुको सम्पन्नता र समृद्धिसँग गाँसिएको हुन्छ। नागरिकको सम्पन्नता र विपन्नता देशले अङ्गिकार गरेको आर्थिक कार्य प्रणालीमा निर्भर रहन्छ।

**[१८] नेपालको सन्दर्भमा वी.पी.कोइरालाको आर्थिक सोच :**

नेपालका लागि समाजवादको मोडेल नै विश्वविख्यात समाजवादी नेता वी.पी.कोइरालाले अगाडी सारेको आर्थिक सोच हो । जसलाई हामी वी.पी.वाद पनि भन्दछौं । उनले अगाडी सारेको आर्थिक सोचअनुसार **'सबै नेपालीको एउटा आफ्नो घर होस, सबैले पढ्न-लेख्न पाउन्, सबैको घर, घरमा एउटा गाई होस्, पेटभरि खान पाउन्, एकसरो लुगा लगाउन पाउन् भनेर हामी राजनीतिमा लागेका हौं, मन्त्री हौंला, मोटर चढौंला भनेर राजनीतिमा लागेका होइनौं',** वी.पी. कोइरालाको यो भनाईले उनको राजनीतिक लक्ष्य स्पष्ट पार्दछ । वी.पी.कोइरालाको शासन अवधिको क्रियाकलाप तथा उनका भाषण, लेखहरु पढ्दा उपर्युक्त लक्ष्य प्राप्त गर्नका लागि उनले स्पष्ट मार्गचित्र पनि कोरेका छन् । त्यसैले वी.पी.जीवन्त छन् । र उनको यो सोच नेपाली राजनीतिमा स्थापित छ। यसैकारण उनी लोकप्रिय नेता भएका हुन । उनको लोकप्रियतालाई नेपालको भूगोलमा मात्र सीमित गर्न सकिन्न । उनी समाजवादी आन्दोलनमार्फत् विश्व-परिदृश्यमै चम्किला नेताका रुपमा स्थापित भएका छन् । वी.पी.को आर्थिक विचारका बारेको सामान्य चर्चा निम्नानुसार गरिएको छ ।

[१७]स्रोतः श्री सिद्धेश्वरी मा.वि.का प्रधानाध्यापक विष्णुप्रसाद भण्डारी सँग मोवाइलमा सम्पर्क गरेर सोद्धा निजले बताएअनुसार

वी.पी. ले आफुलाई अर्थशास्त्री मानेका छैनन्, र उनले भनेका छन् । **'म अर्थशास्त्री होइन तर मेरो एउटा सोच छ जसअनुसार आम नेपालीको जीवनस्तरलाई उठाएर मध्यम वर्गीयस्तरमा ल्याउन सकिन्छ ।'**
उनको यो भनाइले उनी आफ्नो समाजवादी कार्यक्रममा कति स्पष्ट विश्वस्त थिए भन्ने कुराको सङ्केत गर्दछ । वी.पी.काइरालाको आर्थिक सोचलाई प्रष्ट्याउने उद्देश्यले प्रकाशित **'B.P.'s Economic Thought'** भन्ने किताबमा उनको आर्थिक कान्तिको मार्गचित्र उल्लेख छ ।

**त्यस पुस्तकका आधारमा वी.पी.को आर्थिक सोचलाई निम्न बुँदाहरुमा यसरी व्यक्त गर्न सकिन्छ ।**

क) कृषि उत्पादनमा विकास,

ख) उद्योग नीति,

ग) विदेशी सहयोग,

घ) आर्थिक नीति र जनताको सम्बन्ध,

ङ) प्राकृतिक सम्पदा र

च) उत्पादनमा वृद्धि ।

**क) कृषि उत्पादनमा विकास :-** कृषिको उत्पादनका लागि नेपालीले आर्थिक तथा प्राविधिक दुबै रुपले प्रयोग गर्न साधन र स्रोतको प्रयोग गर्नुपर्दछ । उन्नत हलो, उन्नत नश्लका गोरु, उन्नत जातको बीउ, सिँचाईको उचित व्यवस्था, मलखादको उचित व्यवस्थामा ध्यान दिनुपर्दछ । आफ्नो क्षमताभन्दा ठूलो साधन, जस्तो ट्रयाक्टर आदिको प्रयोग गरिनु हुँदैन । उत्पादनको ठूलो हिस्सा त्यस साधनको प्रयोगका लागि खर्च हुन्छ भने त्यसले श्रमिकको जीवनस्तर उकास्न मद्दत गर्दैन । त्यसकारण आफ्नै क्षमताको साधनको उपयोग गरी कृषि उत्पादनमा विकास गर्नुपर्छ ।

यसरी शुरुवात गरियो भने आवश्यकतानुसार उत्पादन बढ्ने शर्तमा ठूला प्रविधिहरुको प्रयोग गर्न सकिन्छ । अन्यथा प्रविधि भित्र्याउने नाममा ठूलो पूँजी बाहिरिने खतरा रहन्छ ।

**ख) उद्योग नीति :-** देशका उद्योगहरु नेपालीहरु आफैले सन्चालन गर्नुपर्दछ । यसका लागि प्राविधिकहरु समेत नेपालले नै तयार गर्नुपर्छ । अझ हामीले सञ्चालन गर्ने उद्योगहरु हामीसँग भएको कच्चा पदार्थमा नै आधारित हुनुपर्छ, अन्यथा कच्चा पदार्थ र प्रविधि दुबै आयात गर्दा उद्योगबाट उत्पादित बस्तु महंगो पर्न जान्छ । कच्चापदार्थ पाउन सजिलो हुने ठाउँमा उद्योग स्थापना गरिनुपर्छ र ग्रामीण क्षेत्रका जनताले नै त्यसबाट काम र दाम पाउने वातावरण बनाउनुपर्छ । काम भन्नाले उद्योगमा मात्रै नभएर कच्चा पदार्थ उत्पादनमा समेत पाउने अवसरलाई सम्झनु पर्दछ, भने दाम भन्नाले श्रम र कच्चा पदार्थ बिक्री गरेर हुने आम्दानीलाई बुझ्नुपर्छ । यसो गर्दा बेरोजगारी र श्रमशक्ति पलायन हुने खतराबाट बच्न सकिन्छ ।

**ग) विदेशी सहयोग :-** वर्तमान युगमा आर्थिक विकासका लागि विदेशी सहयोग आवश्यक छ । तर नेपालमा अहिले जसरी विदेशी सहयोगको प्रयोग भइरहेको छ त्यो नेपालको हितमा छैन । किनभने अहिलेको विदेशी सहयोगको प्रयोगले कोही नेपालीलाई रातारात धनी बन्ने त कोहीले त्यो सहयोगको भान नै नपाउने वातावरणको विकास भएको छ । अर्थात् टाठाबाठाले विदेशी सहयोग बाट आफ्नो दुनो सोझ्याउने सर्वसाधारणले थाहै नपाउने परिस्थिति रहेको छ ।

त्यसैले विदेशी सहयोगबाट निर्देशित लक्ष्य प्राप्त गर्न सकिरहेको अवस्था छैन । उक्त सहयोगले यहाँ कामै नगरेर चाँडै धनी बन्ने चरित्र भएका, वी.पी.कै शब्दमा भन्दा **'भूँइफुट्टा वर्ग'** को उदय भएको छ । उनीहरुले विदेशी बैंकमा पैसा राख्छन्, छोराछोरी उतै पढाउँछन् र मौका परे आफूहरु पनि

उतै जान्छन् । त्यसले देशको भलो हुँदैन । विदेशी सहयोगलाई ठाडै अस्वीकार नगरे पनि त्यसलाई व्यवस्थित
ढङ्गले योजना बनाई खर्च गर्ने संयन्त्र बलियो बनाउनुपर्छ ।

**घ) आर्थिक नीति र जनताको सम्बन्ध :-** अर्थनीतिमा जनताको प्रत्यक्ष प्रभाव हुनुपर्छ । यसको लागि जनताको सानो सानो पूँजी संकलन गरेर त्यसलाई ठूलो बनाई परिचालन गर्नुपर्दछ । यसका लागि सहकारीको व्यवस्था हुनुपर्छ र यसले सहयोग र प्रश्रय पाउनुपर्छ । यसो गरेमा जनता उद्योग र व्यपारको कामदार पनि हुन्छ र मालिक पनि । यसले जनता आफै आफ्नो पूँजीको लागि सचेत हुन्छ । उ जिम्मेवार हुन्छ जसले विकासका लागि धेरै ठूलो मद्दत पुग्न जान्छ ।

**ङ) प्राकृतिक सम्पदा :-** प्राकृतिक सम्पदाको सके जति आफैले प्रयोग गर्नुपर्छ । यो प्रयोग गर्न चाहिने प्रविधि सबै आफै विकसित गर्नुपर्छ नसके प्रविधि आयात गरेर भए पनि त्यसको प्रयोग आफैले गर्न सके आर्थिक रुपले सबल भइन्छ । यसका लागि त्यो क्षमता विकास गर्न ध्यान दिनुपर्छ ।

**च) उत्पादनमा बृद्धि :-** एक माना दुध एक सय जनालाई बराबर वितरण गर्नु समाजवाद होइन भन्ने उदाहरण दिँदै वी.पी.ले वितरण प्रणालीलाई व्यवस्थि गर्न उत्पादनमा जोड दिएका छन् । उत्पादन नभए वितरण वैज्ञानिक हुदैन । कतिपय अर्थविद्हरुले वितरण प्रणालीमा मात्र विशेष जोड दिने गरेका छन् । त्यसमा वी.पी.को असहमति छ । वितरण प्रणालीलाई उचित ढङ्गले व्यवस्थित गर्न उत्पादनमा विशेष ध्यान दिनुपर्ने उनको विचार छ । त्यसैले नेपालको सन्दर्भमा एकपटक एउटा अन्तर्वार्तामा वी.पी.ले **'सबैको हातमा हिलो माटो लाग्नैपर्छ'** भनेका छन् । यो कृषि उत्पादन बढाउने सन्दर्भमा भनिएको उनको भनाई हो । समग्रमा भन्दा वी.पी.को आर्थिक सोच धेरै हदसम्म गान्धीवादी आर्थिक सोचसँग मिल्छ ।

वी.पी. हरेक सुधारको थालनी प्राथमिक स्तरबाट चाहान्थे । उनी सूमेकको **'Small is beautiful'** का पक्षमा थिए । उनका अनुसार **'८० देखि ९० प्रतिशत रोगहरु दूषित पिउने पानीबाट लाग्छ । हामीले जनतालाई स्वच्छ पिउने पानी मात्र उपलब्ध गराउन सक्यौं भने पनि ८० प्रतिशत रोगबाट उनीहरुको रक्षा गर्न सकिन्छ ।'** वी.पी.को यस्तै प्राथमिक सुधारको अवधारणाको परिस्कृत रुपलाई नै आजभोलि **'ग्रामीण अर्थनीति' (Rural Economy)** पनि भनिन्छ । यो अर्थनीति नेपालजस्तो गाउँ नै गाउँले भरिएको देशको लागि अत्यन्त व्यवहारिक प्रमाणित भएको छ । यसको आधारबाट थाह पाउन सकिन्छ कि **'ग्रामीण विकास' (Rural Deveploment)** भनेको वी.पी.को जस्तै गाउँमुखी विकास योजना र साना उद्योग सञ्चालनलाई प्राथमिकता दिनुपर्ने मान्यता नै हो ।[१८]

माथि उल्लखित तथ्यहरूको आधारमा वी.पी.कोइरालाले परिकल्पना गरेको समाजवादी सिद्धान्तमा  मानिसलाई बाँच्नका लागि आवश्यक पर्ने न्यूनतम आधारभूत आवश्यकतामा देशका हरेक नागरिकको सरल र सहज रुपमा पहुँच हुनुपर्दछ भन्ने नै हो, भनेर सहजै अनुमान गर्न सकिन्छ ।

उनले अघि सारेका मान्यताहरुमा राजनीति केवल नेता बनेर मन्त्री बन्ने, गाडी चढेर मोजमस्ती गर्ने र आफु आफ्ना आफन्तहरुलाई सुख सयलमा राख्नका लागि मात्र गरिनु हुँदैन । हरेक नागरिकलाई सानो घर, सानो खेत बारी, एउटा दुहुनो गाई, सबैले पेटभरी खान, एकसरो लुगा लगाउन, पढ्न लेख्न तथा उनीहरुलाई बाँच्नका लागि अत्यावश्यक पर्ने अन्य कुराहरुको व्यवस्था गर्नको लागि गर्नुपर्छ ।

छोटकरीमा राजनीति आफु र आफन्तको सुविधाका लागि मात्र नभई लोक कल्याणकारी कार्यको लागि गरिनुपर्छ भन्ने मान्यता अङ्गालेको पाइन्छ । साथै देशको आर्थिक उन्नतिका लागि स्वदेशी उद्योग स्थापना गर्ने, कच्चा पदार्थ उत्पादन आफ्नै देशमा गर्ने ।

[१८] स्रोत: नेपाली कांग्रेसको यात्रा विपुल पोखरेलद्वारा लिखित २०६७ भदौ २४ मा प्रकाशित पुस्तकको पेज नं.२५ देखि २७ मा उल्लिखित

आवश्यक जनशक्ति तयार गर्ने, आवश्यक परे मात्र विदेशी जनशक्ति प्रयोग गर्ने । ती विदेशी जनशक्तिबाट पनि स्वदेशी जनशक्तिलाइ ज्ञान सीप सिकाउने व्यवस्था मिलाइनु पर्छ भन्ने वीपी कोइरालाको विचार रहेको छ । आफ्नो देशको प्राकृतिक स्रोत साधनको उपयोग देशभित्रै गर्ने । उत्पादित वस्तुको उपयोगितालाई मध्यनजर गर्दै उद्योगका लागि अनिवार्य आवश्यकाताको कच्चा पदार्थ मात्र विदेशबाट आयात गर्ने ।

किसानहरुको स-सानो पूँजी सङ्कलन गरी त्यसलाई सहकारिताका माध्यमबाट परिचालन गर्नुपर्दछ भन्ने मान्यता जननेता वीपी कोइरालाको रहेको छ । सरकार र जनताको सहभागितामा देशको कृषि तथा औद्योगिक उत्पादनमा वृद्धि गरी न्यायोचित वितरण प्रणालीमा जोड दिने । जनतालाई स्वच्छ सफा पिउने पानीको व्यवस्था गर्ने जस्ता कार्यमा समेत जोड दिनुपर्ने मान्यता वी.पी.ले अघि सारेका छन : यिनै मान्यताका आधारमा भन्न सकिन्छ । नेपाली कांग्रेस र वी.पी.को प्रजातान्त्रिक समाजवाद जनताको न्यूनतम आधारभूत आवश्यकतामा सरल र सहज रुपमा अनिवार्य पहुँच हुनुपर्छ, भन्ने पार्टी तथा सिद्धान्त हो ।

'देशको आर्थिक विकासका लागि माथि उल्लिखित कुराहरुका साथ साथै सरकारले राष्ट्रिय गौरवका आयोजनाहरु आफ्नो देश तथा परदेशमा कार्यरत स्वदेशी कर्मचारीहरु र उद्योगी व्यवसायीहरुलाई सरकारसँगको साझेदारीमा निर्माण गर्ने नीति पनि अपनाउन सकिन्छ । जसका लागि सरकारले कर्मचारी तथा उद्योगी व्यवसायीहरुलाई आयोजनाको सम्पूर्ण निर्माण योजनाको रुपरेखा, लागत अनुमान, त्यसबाट लाभान्वित संख्या, आयोजना सम्पन्नपछि देश र जनतालाई हुने फाइदा आदिको जानकारी दिई त्यसमा लगानीको लागि आव्हान गर्नुका साथै आयोजनाबाट प्राप्त हुने प्रतिफलको लाभांस समेत बाँडफाँडको नीति तय गर्नुपर्छ । सरकारद्वारा लगानीकर्ताको लगानीको सुरक्षा र सही सदुपयोगको ग्यारेन्टी गरिनुपर्छ । यसरी जनता, कर्मचारी र सरकारको साझेदारीमा विकास आयोजना निर्माण तथा सञ्चालन गर्ने परिपाटी विकसित भएको खण्डमा आफ्नो देशको विकासको लागि वैदेशिक

लगानीको भर पर्नु नपर्ने र जनताले वैदेशिक ऋणको भारी पनि बोक्नु नपर्ने परिस्थिति निर्माण गरी देश र जनताको आर्थिक अवस्था मजबुत बनाउन मद्दत पुग्छ । यसरी देशका उद्यमी व्यवसायी तथा राष्ट्रसेवक कर्मचारीलाई आफ्नो देशप्रति थप उत्तरदायी र जिम्मेवार बनाउन सकिन्छ । र देश विकासको मेरुदण्डको रुपमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरू पनि सहज रुपमा निर्माण तथा निर्धारित समयमा तोकिएको लक्ष्य पुरा गर्न सक्ने गरी सम्पन्न गर्न सकिन्छ । नेपाल जस्तो अल्पविकसित देशमा यो नीति अत्यन्त उपयोगी र सहायक सिद्ध हुनसक्छ ।'

## २.२.३ नागरिक स्वतन्त्रता र समानता (Freedom & Equality for Civil)

नेपाली कांग्रेस पार्टीले अङ्गिकार गरेको नागरिक स्वतन्त्रता भन्नाले 'राज्यले कानुनमा व्यवस्था भएको नागरिकको अधिकारमा हस्तक्षेप भएमा वा हुने सम्भावना देखिएमा त्यसको विरुद्धमा आवाज उठाउने र आन्दोलन आदि गरेर आफ्नो अधिकार स्थापित गराउने पद्धतिलाई नागरिक स्वतन्त्रता भनिन्छ । छोटकरीमा भन्नुपर्दा नागरिकले आफ्नो अधिकारको लागि संघर्ष गरेर उक्त अधिकारलाई स्थापित गर्न पाउने व्यवस्थालाई नै नागरिक स्वतन्त्रता भन्दछन् । यो व्यवस्थामा नागरिकहरू शासकले आफूमाथि गरेको वा गर्नसक्ने संभावित अन्यायको विरोध, अनसन, हड्ताल आदि गर्न पाउँछन । यहाँसम्म कि आवश्यक परे आन्दोलन गरेर शासन व्यवस्था समेत परिवर्तन गर्न सक्ने हैसियत .राख्दछन् । यसरी आन्दोलनद्वारा आफ्नो अधिकार स्थापित गर्न पाउने व्यवस्था प्रजातान्त्रिक शासन प्रणालीमा सुरक्षित हुन्छ ।

**नेपालको संविधान २०७२ अनुसार हरेक व्यक्तिलाई निम्नानुसारका वैयक्तिक स्वतन्त्रता रहने छन् :-**

- विचार तथा अभिव्यक्तिको स्वतन्त्रता,
- बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,
- नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने स्वतन्त्रता,
- राजनैतिक दल खोल्ने स्वतन्त्रता,

- संघ र संस्था खोल्न पाउने स्वतन्त्रता र
- नेपालको कुनैपनि भागमा पेशा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना सञ्चालन गर्ने स्वतन्त्रता ।

नागरिकलाई स्वतन्त्रता मात्र हैन, समानता पनि चाहिन्छ । **'हरेक व्यक्तिलाई उत्पत्ति, जात जाति, वर्ग, धर्म, लिङ्ग, वर्ण, कूल्, गोत्र, सम्प्रदाय, आर्थिक अवस्था, शारीरिक अवस्था, अपाङ्गता, भाषा, वैचारिक आस्था, क्षेत्र आदिका आधारमा भेदभाव गर्न नगरिने परिपाटीलाई नागरिक समानता भनिन्छ ।'** अर्थात् सबैलाई समान व्यवहार गर्नुलाई नै नागरिक समानता भन्दछन । प्रजातान्त्रिक व्यवस्थामा नागरिकले शासक, प्रशासक, सरकार, संसद, सुरक्षाकर्मी आदि नागरिक प्रति उत्तरदायी जिम्मेवार पक्ष आफ्नो जिम्मेवारी तथा कर्तव्यबाट विमुख भएको अवस्थामा जनताले विरोध गर्न पाउँछन् । यसको अर्थ यो होइन कि जनताले आफ्नो सानो स्वार्थको लागि स्वेच्छाचारी ढङ्गबाट राष्ट्रको राष्ट्रियता, सार्वभौमसत्ता, भौगालिक अखण्डता विरुद्ध अवान्छित क्रियाकलाप गर्न र बिना कारण कसै माथि दोषारोपण तथा गाली गलौज गर्न पनि पाउँछन । जनताले पनि अधिकार खोज्नुभन्दा पहिले देशले आफूलाई दिएको कर्तव्य पुरा गर्नुपर्छ । जसले आफ्नो कर्तव्य पुरा गर्दैन, उसले अधिकार पनि खोज्न पाउँदैन । काम नगर्नेलाई खाने अधिकार पनि हुदैन । नेपाली कांग्रेस पार्टी आफ्नो स्थापनाकालदेखि हालसम्म नागरिक स्वतन्त्रता र समानताको पक्षमा छ, रहिरहने छ । यदी यस पार्टी भित्र पनि कुनै नेता तथा कार्यकर्ताले नागरिक स्वतन्त्रता र समानताको वरखिलाफमा गए वा जाने चेष्टा गरेमा त्यसको पनि विरोध हुनुपर्छ र हुन्छ पनि । किनभने कुनै पनि व्यक्ति वा पार्टी नागरिक स्वतन्त्रता र समानताको विरुद्धमा जान्छ भने त्यो कदापि प्रजातान्त्रिक हुन सक्दैन ।

### २.२.४ निर्वाचन प्रणालीद्वारा नेतृत्व छनौट (Choose the Leadership by Election system)

प्रजातान्त्रिक शासन प्रणालीको मुख्य आधार निर्वाचन प्रणाली हो । निर्वाचन भनेको जनताले आफ्नो मत जाहेर गरेर नेतृत्व चयन गर्ने परिपाटी हो । नेपाली कांग्रेस पनि निर्वाचन प्रणालीबाट नेतृत्व छनौटमा विश्वास गर्ने पार्टी हो । यसले आफ्नो स्थापना कालदेखि नै नेतृत्व चयन गर्दा सर्वसम्मत तथा प्रजातान्त्रिक प्रक्रियाअनुसार निर्वाचनद्वारा गर्ने गरेको छ । प्रजातन्त्रमा निर्वाचन मात्र एउटा यस्तो संयन्त्र हो जसमा जनताले उम्मेद्वारहरुको चरित्र, व्यक्तित्व, इमान्दारिता, नैतिकता क्षमता आदि लाई जनताले आफ्नो कसीमा राखेर जाँच्ने अवसर पाउँछन् र जाँच्दछन् पनि । हाल नेपालमा मिश्रित निर्वाचन प्रणाली रहेको छ। नेपाली कांग्रेस पार्टीले नेपालमा संविधानसभाको चुनाव हुनुपूर्व प्रत्यक्ष निर्वाचन प्रणाली र संविधानसभाको चुनाव र सो पछिका निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली (प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली) अपनाएको छ ।

**निर्वाचन प्रणाली निम्न प्रकारका हुन्छन् :-**

- प्रत्यक्ष निर्वाचन प्रणाली (Direct Election System)
- अप्रत्यक्ष निर्वाचन प्रणाली (Indirect Election System)

**प्रत्यक्ष निर्वाचन प्रणाली (Direct Election System) :-** मतदाता आफै मतदान गर्न तोकिएको मतदानस्थलमा उपस्थित भई मतदान गरी प्रतिनिधि छान्ने प्रक्रियालाई प्रत्यक्ष निर्वाचन प्रणाली भनिन्छ । कानूनमा तोकिएबमोजिम मतदान गर्न योग्यता पुगेका, निर्वाचन आयोगद्वारा जारी गरिएको पछिल्लो मतदाता सूचिमा नाम समावेश भएका र साथमा मतदाता परिचय पत्र वा परिचय खुल्ने अन्य प्रमाण भएका व्यक्तिहरुले मात्र निर्वाचनमा मतदान गर्न पाउँछन । नेपालमा यो निर्वाचन प्रणाली धेरै पहिलेदेखि नै प्रचलनमा रहको प्रणाली हो । विश्वका सबै प्रजातान्त्रिक मुलुकहरुमा यो निर्वाचन प्रणाली लागु रहेको छ। प्रजातान्त्रिक अभ्यास गर्ने क्रममा यस प्रणालीमा केही सुधार र प्रक्रियाहरु थपघट भएका छन ।

त्यसका बारेमा तल उल्लेख गरिएको छ ।

**प्रत्यक्ष निर्वाचन प्रणाली दुई प्रकारका छन् :**

क) बहुलता/बहुमतीय प्रणाली (Plurality/Majoritarian or First-past the Post System)

ख) समानुपातिक प्रणाली (Propotional Representaion System)

**क) बहुलता/बहुमतिय प्रणाली** (Plurality/Majoritarian or First-past the Post System) **:-** यो प्रणालीबाट देशभरिमा निर्धारित निर्वाचन क्षेत्रहरुमा एक निर्वाचन क्षेत्रमा एक प्रतिनिधिका दरले जति निर्वाचन क्षेत्र तोकिएका छन् त्यति नै प्रतिनिधिहरु छानिन्छन् । यस प्रणालीमा तोकिएको मतदान स्थलमा मतदाताहरूले मतपेटिकामा खसालेका सदर मत गणना गर्दा प्रतिस्पर्धी उम्मेद्वारहरुमध्ये जसले बढी मत प्राप्त गर्छ त्यसैलाई विजयी घोषित गरिन्छ । नेपालमा यस प्रणालीबाट प्रतिनिधि सभा र प्रदेश सभाका बहुमतीय प्रणालीमा प्रतिस्पर्धी उम्मेद्वारहरु छानिन्छन् ।

**ख) समानुपातिक प्रणाली** (Propotional Representaion System) **:-** यस प्रणालीमा पूरै देश तथा प्रदेशलाई एक निर्वाचन क्षेत्र मानिन्छ । बहुमतीय निर्वाचन प्रणालीमा प्रत्यक्ष निर्वाचन प्रणालीमा मतदाताहरूले आफुले चाहेको उम्मेद्वारलाई मत दिन्छन् भने समानुपातिक निर्वाचन प्रणालीमा पार्टीलाई । यस प्रणालीमा देश तथा प्रदेशभरिमा निर्धारण गरिएको प्रतिनिधिहरूको पद संख्यालाई निर्वाचनमा खसेको कूल सदर मत संख्यालाई देश तथा प्रदेशमा निर्धारित पद संख्याले भाग गर्दा आउने संख्यालाई प्रतिनिधि छान्ने आधार मतसंख्या मानिन्छ । सोही संख्याको आधारमा निर्वाचनमा प्रतिस्पर्धी पार्टीहरुले आफुलाई प्राप्त मतको आधारमा प्रतिनिधिहरु छान्न पाउँछन । तोकिएका मतदान स्थलहरुमा मतदाताहरुले मतपेटिकामा खसालेका सदर मत गणना गर्दा प्रतिस्पर्धी पार्टीहरुले प्रतिनिधि छान्ने आधार मतसंख्याको परिधिभित्र रहेर आफुले प्राप्त गरेको मतअनुसार

संसद सदस्यहरु छनौट गर्दछन् । संसदहरुको छनौट प्रक्रिया निर्वाचन सम्बन्धी ऐन कानूनमा तोकिएको व्यवस्थानुसार हुन्छ ।

**अप्रत्यक्ष निर्वाचन प्रणाली (Indirect Election System) :-** अप्रत्यक्ष निर्वाचन प्रणाली भन्नाले **निर्वाचक मण्डल (Eloctrol Voting)** बाट प्रतिनिधि छनौट गर्ने प्रक्रियालाई अप्रत्यक्ष निर्वाचन प्रणाली भनिन्छ । निर्वाचक मण्डल भन्नाले प्रत्यक्ष निर्वाचन प्रणालीबाट जनताहरूबाट चुनिएको सभालाई बुझिन्छ । नेपालमा राष्ट्रिय सभाका केही सदस्यहरु, प्रतिनिधि सभाको सभामुख र उप-सभामुख र राष्ट्रिय सभाका अध्यक्ष र र उपाध्यक्ष को निर्वाचन यस प्रणालीबाट गरिन्छ ।

## २.२.५ कानूनी राज्य (Rule of Law)

संविधानको अधिनमा रही राज्यका प्रमुख अङ्गहरु, अन्य संयन्त्रहरु तथा नागरिहरुले आ-आफ्नो तर्फबाट गर्नुपर्ने काम, कर्तव्य र अधिकारहरुको बाँडफाँड सहित तय गरिएको आचारसंहिताको लिखतलाई नै कानून भन्दछन् । कानून राज्यलाई व्यवस्थित ढङ्गबाट सञ्चालन र नागरिकका समस्या समाधान गर्न बनाइएको हुन्छ । कानून लिखित र अलिखित गरी दुई किसिका हुन्छन् । जुन देशमा कानूनको सही ढङ्गले पालना गरी दैनिक प्रशासनिक कार्य सम्पादन गरिन्छ । त्यसलाई नै कानूनी राज्य भनिन्छ ।

कानूनी राज्यमा जनतालाई परेको समस्यालाई सर्वोपरि ध्यानमा राखि काम गरिन्छ । शासक आफूलाई जनताको सेवक सम्झेर आफ्नो जिम्मेवारी इमान्दारी पूर्वक निर्वाह गर्छन् । कानूनी राज्यमा पक्षपातरहित ढङ्गबाट कानूनको कार्यान्वयन हुन्छ । जसमा जनताले सरकार र शासकलाई आफ्नो अभिभावकको रुपमा लिन्छन् । कानूनी राज्यमा जनताको जीउ धनको सुरक्षाको साथै उनीहरुलाई विभिन्न प्रकारका अन्य अधिकारहरू पनि प्रदान गरिएका हुन्छन् ।

जसमा स्वतन्त्र रुपमा  आफ्नो पेसा व्यवसाय र रोजगारी गर्ने, नागरिक स्वतन्त्रता तथा समानताको आदि अधिकारहरु पर्छन् । कानूनमा पदीय जिम्मेवारी अनुसारको काम, कर्तव्य, र अधिकार तोकिएको हुन्छ । आवश्यकता र औचित्यका आधारमा तथा समयसापेक्ष कानूनमा संशोधन गरिन्छ । कानूनको दृष्टिमा सबै नागरिक समान हुन्छन् । देशका सम्पूर्ण नागरिकहरुले कानूनको पालना गर्नुपर्छ । कानून अनुसार तोकिएको जिम्मेवारी पुरा गर्ने व्यक्तिलाई पुरस्कार र कानून विपरित कार्य गर्नेलाई दण्डको व्यवस्था गरिएको हुन्छ । जुन देशमा कानूनको पालना हुँदैन त्यस देशको प्रगति पनि सम्भव हुदैन । कानूनको पालना देशमा मात्र हैन । हरेक घर, परिवार, संगठन आदि सबैले गर्नुपर्छ । नेपाली कांग्रेस कानूनी राज्यको परिकल्पना र कानूनको पालना गर्ने पार्टी हो । यस पार्टीको सांगठनिक संरचनामा स्थापनाकालदेखि हालसम्म सम्पूर्ण पक्षलाइ समेटेर समान व्यवहार गरेको पाइन्छ । जसमा महिला, दलित, आदीवासी जनजाति, पिछडिएको वर्ग, क्षेत्र र समुदायको समानुपातिक रूपमा सहभागिता गराइएको पाइन्छ । त्यति मात्र नभई नेपाली कांग्रेस पार्टीलाई सरकार गठन गर्ने अवसर पाएका बेला पनि यसले सबै पक्षलाई समेटेर सरकार निर्माण गर्ने गरेको पाइन्छ । यसका लागि यस पार्टीको सांगठनिक संरचनाका समितिहरुको नामावली तथा विभिन्न समयमा गठन गरेका मन्त्रीपरिषद् नामावलीलाई लिन सकिन्छ । नेपाली कांग्रेस पार्टी कानूनी राज्यको पक्षमा छ/छैन भन्ने कुरा यसबाट नै प्रष्ट थाह पाउन सकिन्छ ।

## २.२.६ समानताको लागि समावेशीकरण सिद्धान्तको अवलम्बन (Implement of Equity Theory for Equality)

[१९] समावेशीकरण भनेको अपनत्वको अनुभूति हो । जसले हरेक नागरिकलाई हरेक क्षेत्रमा आफ्नोपन प्रदान गर्छ । आफू सम्मानित भएको महसूस गराउँछ । आफ्नो हैसियत र पहिचानको महत्वमाथि सचेत गराउँछ ।

अझ राम्रो गर्नका लागि अरूहरूबाट प्राप्त सहयोग र प्रतिबद्धताले थप मद्दत पुऱ्याउँछ । साथै विविधता बीच सह-अस्तित्वमा जिउन प्रेरणा प्रदान गर्छ । महामानव वी.पी.कोइरालाले नेपालको सन्दर्भमा समाजवाद भनेर सूचिकृत गरेका बुँदाहरु हेर्दा त्यहाँ समावेशीकरणको सवाललाई सम्बोधन गरेको र सबै वर्गलाई प्राथमिकता दिएको भेटिन्छ । नेपाली कांग्रेसले ती प्राथमिक बुँदाहरुलाई आफ्नो समाजवादी कार्यक्रमको आधार बनाएको छ । त्यसकारण समावेशीकरण कांग्रेसको प्रमुख मध्येको एक मुद्दा हो । 'पिछडिएको वर्ग र जातिलाई उनीहरुको उन्नतिका लागि हरक्षेत्रमा विशेष तात्कालिक प्रोत्साहन' गर्ने कुरालाई नेपाली कांग्रेसले अङ्गिकार गरेको छ । यो कुराले नेपाली कांग्रेसले समावेशीकरणलाई जोड दिँदै आएको तथ्यलाई स्पष्ट पार्दछ । नेपाली कांग्रेसले लोकतन्त्रको विशेषताहरूलाई सधैं पछ्याउँदछ । यो उसको चरित्र नै हो । लोकतन्त्रले जनतालाई विभाजन गर्ने मतलाई अस्वीकार गर्दछ । त्यसकारण सबै नागरिकलाई अधिकारका दृष्टिले समान गराउने योजना नै कांग्रेसको लक्ष्य हो । यो समावेशीकरणको सिद्धान्तमा आधारित छ ।

अहिले समावेशीकरणको मुद्दा निकै उठेको छ । तर, नेपाली कांग्रेसको पृष्ठभूमि हेर्ने हो भने उसले आफ्नो स्थापनाकालदेखि नै सबै तहमा सबै जात, वर्ग र भूगोलको प्रतिनिधित्व गराउँदै आएको सन्दर्भलाई भुल्नु हुँदैन । लोकतन्त्रको अभ्यास गर्ने क्रममा सबै पक्षको सहभागितालाई सुनिश्चित गर्ने काम कांग्रेसले गरेको छ ।

यसको प्रमाणका लागि हामी देहायबमोजिमका उदाहरणलाई लिन सकिन्छ । बि.सं.२००७ सालको क्रान्ति सफल भएपछि बनेको संयुक्त सरकारमा नेपाली कांग्रेसले भूगोलाई प्राथमिकता दिएर आफ्ना तर्फबाट पाँच जनाको नाम प्रस्ताव गऱ्यो ।

**जसमा**

**१) वी.पी.कोइराला गृहमन्त्री पूर्वी नेपालबाट,**

**२) गणेशमानसिंह उद्योग वाणिज्य मन्त्री काठमाडौंबाट,**

**३) सुवर्ण शमशेर जबरा अर्थमन्त्री काठमाडौंबाट,**

**४) भद्रकाली मिश्र यातायात मन्त्री तराईबाट र**

**५) भरतमणि शर्मा पश्चिम नेपाल (दाङ) बाट ।**

त्यस्तै नेपाली कांग्रेसले २०१५ सालको निर्वाचनमा दुई तिहाइ बहुमत ल्याएर विशुद्ध समावेशी प्रतिनिधित्वको सरकार दियो । त्यो सरकारमा नेपालको इतिहासमै पहिलो पटक महिलाको प्रतिनिधित्व भएको हो । प्रथम निर्वाचित सरकार निम्न बमोजिको थियो ।

**१) प्रधानमन्त्री :- वी.पी.कोइराला**

**२) उपप्रधानमन्त्री :- सुवर्ण शमशेर जबरा**

**३) मन्त्री :- गणेशमान सिंह**

**४) मन्त्री :- सूर्यप्रसाद उपाध्याय**

**५) मन्त्री :- रामनारायण मिश्र**

**६) मन्त्री :- काशीनाथ गौतम**

**७) मन्त्री :- परशुनारायण चौधरी**

**८) मन्त्री :-शिवराज पन्त**

**९) मन्त्री :- सूर्यनाथ दास**

**१०) मन्त्री :-प्रेमराज आङ्गदाम्बे**

**११) मन्त्री :-डा.तुलसी गिरी**

**१२) उपमन्त्री :- ललित चन्द**

**१३) उपमन्त्री :- द्वारिकादेवी ठकुरानी**

**१४) उपमन्त्री :- मीनबहादुर गुरुङ**

**१५) उपमन्त्री :- जमानसिंह गुरुङ**

**१६) उपमन्त्री :- नेवबहादुर मल्ल**

**१७) उपमन्त्री :- योगन्द्रमान शेरचन**
**१८) उपमन्त्री :- शिवप्रताप शाह**
**१९) उपमन्त्री :- दिवानसिंह राई**

माथि उल्लिखित नामहरुले पनि मन्त्रीमण्डलको समावेशीकरणको तहलाई मापन गर्न सक्दछ। यसैगरी नेपाली कांग्रेसले आफ्नो सांगठनिक संरचनामा पनि समावेशीकरणलाई जोड दिएको पाइन्छ। नेपालका राजनैतिक दलहरुमा नेपाली कांग्रेस मात्र एउटा यस्तो पार्टी हो जसको केन्द्रीय तहमा सबैभन्दा बढी जनजाती नेताहरु सहभागी हुदै आएका छन् । त्यसै गरी देशकै पहिलो महिला मन्त्री र महिला उप-प्रधानमन्त्री पनि यसै पार्टीबाट भएका छन् । दलितबाट देवव्रत परियार, आदिवासी समुदायबाट परशुनारायण चौधरी पार्टीका भएका हुन् । अहिले त यो क्रम बढिरहेको छ । नेपाली कांग्रेस भित्रको समावेशीकरणको यो क्रमबद्धता, यसका विद्यार्थी नेताहरुका लागि झन् महत्वपूर्ण छ। वी.पी. कोइरालाले आदिवासी जनजातिमा पर्ने पार्टीका महामन्त्री समेत भैसकेका नेता परशुनरायण चौधरीलाई जनमत संग्रहताका 'भावी प्रधानमन्त्री' भनी चिनाउनु भएको थियो । यसले पनि नेपाली कांग्रेसको उच्च नेतृत्वमा जनजातिको पहुँच रहेको देखाउँछ भने नेताहरुको जनजातिलाई हेर्ने दृष्टिकोण कस्तो छ भन्ने पनि देखाउँछ।

त्यसैगरी २०५४ सालमा प्रधानमन्त्री शेरबहादुर देउवाले अध्यादेश मार्फत् जारी गरेको विकेन्द्रीकरण ऐन अनुसार स्थानीय निर्वाचनमा प्रत्येक वडा समितिमा कम्तीमा एक जना महिलाको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने व्यवस्था भएको, त्यस्तै वर्तमान स्थानीय निर्वाचनमा पनि सबै समावेशी क्लष्टरहरुको अनिवार्य प्रतिनिधित्वको ढोका खोल्ने गरी नेपाली कांग्रेसकै अगुवाइ र प्रस्तावमा आवश्यक ऐन कानून परिमार्जन गरिएको पक्षलाई समेत भुल्नु हुँदैन । अहिले पनि नेपाली कांग्रेसले आफ्नो सांगठनिक संरचनामा विकट कर्णाली क्षेत्रदेखि आदिवासी, जनजाती, दलित, मधेशी,

महिला, अल्पसंख्यक समुदायको अनिवार्य प्रतिनिधित्व गराउने गरी आफ्नो विधान परिमार्जन गरेको छ । आफ्नो स्थापनाकालदेखि अहिलेसम्म हेर्दा नेपाली कांग्रेस पार्टीसमावेशीकरणको अभ्यासमा कहीँ कतै चुकेको छैन । तर पनि, नेपालमा पिछडिएको वर्ग ठूलो भएकोले उनीहरुको उन्नतिका लागि नेपाली कांग्रेस पार्टी सदासर्वदा चिन्तित र उनीहरुको उन्नतिको योजना बनाउन दत्तचित्त छ ।

वि.सं. २०४६ सालको ऐतिहासिक राजनैतिक परिवर्तनपछि नेपाली कांग्रेसले समावेशीको मुद्दालाई पनि संगसंगै उठाएको हो । त्यसवेला खास गरी नेपाली कांग्रेसका सस्थापक तथा सर्वमान्य नेता गणेशमान सिंहले समावेशी र आर्थिक क्रान्तिको मुद्दालाई जोडदारसँग उठाइरहेका थिए । पार्टी संरचनाभित्र तथा राज्यका संरचनाहरुमा समावेशीकरणको मान्यतालाई अङ्गिकार गर्ने नीति नेपाली कांग्रेसले लिँदै आएको छ । तर, समावेशीकरणको कुरा एउटा निर्णय र एउटा प्रयासले मात्र हुने कुरा होइन, यसका लागि यो अभियान प्रति निरन्तर प्रतिबद्ध भएर अगाडि बढ्नुपर्ने हुन्छ । यो कुरामा नेपाली कांग्रेस प्रतिबद्ध रहदै आएको छ ।

निष्कर्षमा भन्दा नेपाली कांग्रेस पार्टी अधिकार र अवसरका हिसाबले हरेक नागरिक प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा हुनुपर्दछ भन्ने मान्यता राख्दछ । साथै त्यस्तो अवस्था नबनुन्जेलसम्मका लागि पिछडिएको वर्ग र जातिलाई तात्कालीक विशेष प्रोत्साहन दिनु पर्दछ, भन्ने नपाली कांग्रेसको स्पष्ट मान्यता रहेको छ । अझ स्पष्ट हुन जरुरी छ कि नेपाली कांग्रेस दया देखाउने, आरक्षण होइन, पिछडा वर्गको लागि विशेषाधिकार सहितको हक र प्रोत्साहनका रुपमा व्यवस्था गर्नुपर्दछ भन्ने मान्यता बोक्दछ । यही मान्यताले नै समावेशीकरणलाई बलियो ढङ्गले सम्बोधन गर्न सक्दछ । [१९]

[१९] स्रोतः नेपाली कांग्रेसको यात्रा विपुल पोखरेलद्वारा लिखित २०६७ भदौ २४ मा प्रकाशित पुस्तकको पेज नं.३६ देखि ३९ मा उल्लिखित

माथि उल्लेखित तथ्यहरुको आधारमा नेपाली कांग्रेस पार्टीको सैद्धान्तिक मूल्य मान्यता र समावेशीकरण सिद्धान्त एउटा रथका दुईवटा पांग्रा हुन । जो स्थापनाकालदेखि नै समान गतिमा समानान्तर हिसाबलेगुडिरहेका छन् भन्दा अत्युक्ति नहोला । किनभने यसले आफ्नो पार्टीका समितिहरुमा होस् वा आफ्नो नेतृत्वमा सरकार गठन गर्दा होस् समावेशीकरणको सिद्धान्तलाई अपनाएको देखिन्छ । जसमा विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र, लिङ्ग, समुदायको प्रतिनिधित्व गराउँदै आएको छ ।

अचेल समावेशीकरण सिद्धान्तको निकै ठूलो बहस चलेको छ। त्यो सिद्धान्त आफुले स्थापित गरेको भनेर जस लिनको लागि विभिन्न पार्टीहरु तँछाड मछाड गरिरहेका छन् । त्यो त नेपाली कांग्रेसले आफ्नो स्थापनाकाल देखि नै व्यवहारिक प्रयोगमा ल्याउदै आएको छ। यसको सबैले हेक्का राख्न जरुरी छ। वी.पी.कोइरालाले ४८ वर्ष अघि वि.सं. २०१५ सालमा गरेको व्यवहारमा प्रयोग गरेको समावेशीकरणको सिद्धान्तलाई वि.सं.२०६३ सालको अन्तरिम संविधानमा समावेश गरिएको हो । जसको जस लिन नेपालका पार्टीहरू तल्लीन देखिन्छन् । यसको सबैलाई जानकारी हुन जरुरी छ ।

### २.२.७ सामाजिक न्यायको अवलम्बन (Impletment of Social Justice)

समाजमा रहेका जाति, भाषा, धर्म, वर्ग, लिङ्ग, वर्ण, क्षेत्र, अपाङ्ग आदि विभिन्न प्रकारका व्यक्तिहरु बीच समानता कायम गर्नु गराउनु लाई सामाजिक न्याय भनिन्छ । अर्थात् समाजमा रहेका हरेक सबल र दुर्बल सम्प्रदाय बीचको असमानताको दुरीलाई घटाउँदै तिनीहरुबीच समानताको वातावरण स्थापना गर्नुलाई नै सामाजिक न्याय भन्दछन् । सामाजिक न्याय स्थापित गर्न विभिन्न कारणले समाजमा पछि परेका समुदायको अवस्थालाई माथि उठाउन समावेशीकरणको सिद्धान्त अपनाउनु एउटा विकल्प हो । पिछडिएको समुदाय, वर्ग, क्षेत्र, लिङ्ग, जाति आदिलाई राज्य संयन्त्रको मूलप्रवाहमा समावेश गर्न विशेष आरक्षण सहितको समावेशीकरणको सिद्धान्त अपनाएर

राज्यका हरेक क्षेत्रमा उनीहरुको समान प्रतिनिधित्व सुनिश्चित गराउनुका साथसाथै क्षमतालाई पनि अभिवृद्धि गराउनु पर्दछ। समय समयमा यसको पुनरावलोन गरी उनीहरुको समान सहभागिता भए/नभएको जाँचबुझ गर्नुपर्छ । आवश्यकतानुसार समावेशीकरणको सिद्धान्तलाई निरन्तरता दिनुपर्छ । समावेशीकरणको सिद्धान्तलाई नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै अपनाउँदै आएको छ । जसको प्रमाण स्वरुप वि.सं. २००७ सालमा गठन गरिएको अन्तरिम मन्त्रीमण्डलमा नेपाली कांग्रेसले सिफरिस गरेर मन्त्री भएका व्यक्तिहरुको नामावली तथा वि.सं. २०१५ सालको निर्वाचन पश्चात् नेपाली कांग्रेस पार्टीले प्राप्त गरेको दुई तिहाइ बहुमतको सरकारको मन्त्रीपरिषदको नामावलीलाई हेर्दा पनि नेपाली कांग्रेस पार्टी सामाजिक न्यायको पक्षमा छ/छैन भन्ने कुरा घामझैं छर्लङ्ग छ । जसको प्रमाणका लागि यसै **खण्डको बुदा नं. ६** मा उल्लेखित गरिएको छ। अन्य पार्टीहरुले समावेशीकरण सिद्धान्तको बहस चलाउनु भन्दा दशकौं पहिले देखि नै नेपाली कांग्रेसले आफ्नो पार्टीको सांगठनिक संरचना र आफूले गठन गरेको सरकारमा यसलाई व्यवहारमा प्रयोग गर्दै आएको छ । सामाजिक न्यायको सन्दर्भमा कांग्रेस कुरा भन्दा व्यवहारिक प्रयोग गर्ने पार्टी हो भन्दा फरक पर्दैन ।

**२.२.८ क्रान्तिकारी भूमि सुधार वा भूमिको न्यायोचित वितरण (Revolutionary Reform of Land or Equitable Distribution of Land)** :- देशमा रहेको असमान भू-स्वमित्व सम्बन्धी व्यवस्थामा व्यापक परिवर्तन गरी क्रान्तिकारी भूमि सुधार तथा भूमिको न्यायोचित वितरण प्रणाली लागु गर्नु प्रजातान्त्रिक समाजवादको आधारभूत सैद्धान्तिक मान्यता हो । जसको लागि भू-स्वमात्वि सम्बन्धी हद कायम गरी हद भन्दा बढी भएको जमिनमा जमिनदारहरूको स्वामित्व नरहने र त्यस्तो जमिन सरकारले आफ्नो मातहतमा सुरक्षित राखी त्यसको प्रयोग गर्ने वा देशमा

रहेका भूमिहीन किसानहरूलाई उनीहरूको निर्वाहका लागि त्यस्तो जमिनको उपयोग गर्न सकिने व्यवस्था लागू गर्ने सोच जननेता वी.पी. कोइरालाको रहेको थाह पाउन सकिन्छ । जो उनले आत्मवृतान्त कथामा उल्लेख गरेका छन् । त्यतिबेला नेपालमा कसै सँग सयौं विगाह जमिन तथा कसैको नाममा एक टुक्रा जमिन पनि नरही असमान भू-स्वामित्व रहेको थियो । त्यतिबेला सरकारको नजिकमा रहेका आसेपासेहरू नै जमिनदार वर्गमा पर्दथे । यसरी भूमिको हद कायम गरी भूमिको वैज्ञानिक व्यवस्थापन तथा न्यायोचित वितरणबाट देशमा रहेका भूमिहीन तथा सुकुम्वासीहरूको समस्या समाधान गर्ने वि.पी.कोइरालाको धारणा थियो । यसको प्रमुख उदेश्य भुमि व्यवस्थामा व्यापक परिवर्तन गरी तत्कालीन अवस्थामा हदभन्दा धेरै भएको जमिन भुमिहीनलाई समान रुपमा वितरण गरी गरीब निमुखाहरुको जीवनस्तरमा व्यापक परिवर्तन ल्याउनु प्रजातान्त्रिक समाजवादको प्रमुख उदेश्य रहेको थियो । समाजवादको उद्देश्य पुरा गर्नका लागि आवश्यक पर्ने प्रमुख मार्गमध्ये जमिनको समान तथा न्यायोचित वितरण प्रमुख सयन्त्रका रुपमा वी.पी ले लिएका थिए । यही व्यवस्थालाई वि.सं. २०२२ सालमा तत्कालीन राजा महेन्द्रले भूमि सुधार कार्यक्रमको नाममा मोहीयानी हकमा परिणत गरे । जसको कारण सुकुम्बासी समस्या हालसम्म कायमै रहेको छ । अहिले पनि नेपाली कांग्रेस पार्टी भूमिको न्यायोचित वितरणका लागि एउटा स्वायत्त भूमि आयोग गठन गरी सुकुम्वासी समस्या समाधान गर्नुपर्छ भन्ने विचारमा अडिग रहेको छ ।

# अध्याय तीन

## नेपालको निरङ्कुश शासन प्रणाली विरुद्ध नेपाली कांग्रेसको भूमिका

## (Role of Nepali Congress Against Autocracy Govern System of Nepal)

[२०] वि.सं.२००६ साल कार्तिक २१ गते रौतहटको सिमानामा रहेको भारतको बैरगनियाँमा **'नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेस'** बीच एकीकरण भइ **'नेपाली कांग्रेस पार्टी'** स्थापनाको ७ महिना भित्र नै बन्द सम्मेलन गरी **'नेपालमा जहाँनियाँ राणा शासनको अन्त्य गरी, राजसंस्थालाई पुनर्स्थापित गरी प्रजातन्त्रको स्थापनार्थ कि वार कि पार भन्दै सशस्त्र क्रान्तिको विगुल फुकियो ।'** मातृकाप्रसाद कोइराला सर्वसम्मतिले सर्वोच्च कमाण्डर चुनिए भने वीपी कोइराला र सुवर्ण शमशेर संयोजकका रुपमा क्रियाशील रहे । बैरगनियाँ कन्फरेन्स जो नेपाली कांग्रेसको इतिहासमा विशेष महत्व राख्दछ । त्यही नै सशस्त्र क्रान्तिको लाइन स्वीकार गरिएको थियो । सशस्त्र क्रान्तिको उद्घोष गरेको अवस्थामा समेत राजसंस्थाको मर्यादाको सवालमा नेपाली कांग्रेसले विशेष सहानुभूति देखाएको थियो । कतै राणाहरुले राजालाई पदच्यूत गर्छन् कि भन्नेतर्फ नेपाली कांग्रेस सचेत रह्यो । पार्टीको निर्देशन बमोजिम गुप्तरुपले राजदरवारमा गएर राजा त्रिभुवनलाई भेटी, उनलाई पार्टीको सन्देश अवगत गराई, सरकारी सेनाको अवस्था समेत बुझी, उसलाई के कसरी हुन्छ ? आफ्नो पक्षमा पार्ने भन्ने जिम्मेवारीका साथ गणेशमानजी काठमाडौं आए । भर्खरै जेल फोडी भागेर भारत प्रवासमा पुगेका सिंहले पार्टीको आज्ञा शिरोपर गर्ने काम कम चुनौतीपूर्ण थिएन । आफ्नो उद्देश्यमा केही सफलता पाइरहेकै अवस्थामा गणेशमानजीको गतिविधिबारे श्री ३ मोहन शमशेरले चाल पाइहाले । अफसोच ! उनका केही सहयोगीहरू काठमाडौंमै पक्राउमा परे । राजधानीबाट सकुशल राणा प्रशासनको आँखा छलेर उम्कन सफल

गणेशमानजी चितवनको ठोरी भन्ने स्थानबाट भने भाग्ने प्रयास गर्दा असफलता हात लाग्यो । आफ्नो साथमा भएको पेस्तोल देखाउँदासमेत केही सीप नलागेर गिरफ्तारीमा परे । राजालाई भगाएर हेलिकोप्टरबाट पाल्पा पु-याउने र त्यहाँ नयाँ जनसरकार बनाउने, अनि मात्र क्रान्तिको रफ्तार बढाउने योजना बन्यो । पाल्पा जनसरकारलाई भारतद्वारा अन्तराष्ट्रिय मान्यता दिन लगाउने योजना बनेका थियो । पाल्पा कमाण्डरइन्चीफलाई समेत यस योजनामा सहमति ल्याउन वीपी स्वयं त्यहाँ पुगेका थिए । दूर्भाग्य राजा भारतीय दूतावासको शरणमा पुगे ।[२०] गणेशमानजीले राजा त्रिभुवनसँग भेटी नेपाली कांग्रेस पार्टीको योजना अवगत गराएपछि, [२१]वि.सं.२००७ साल कार्तिक २० गते राजा त्रिभुवनले युवराज महेन्द्रसँग सल्लाह गरी भोलि राजदुतावासमा शरण लिन जाने भनी ताहाचल दरबारमा रहेका राजकुमार हिमालय र बसुन्धारालाई दरबार आउनु भनी खबर गरे । उता मावलीमा बसेका नाति ज्ञानेन्द्रलाई चाँहि बोलाउन बिर्सेर हो कि मावलीमा नै छाडिदिए । उनी भगवानको दर्शन गर्ने कार्यक्रम भनी श्री ३ मोहन शमशेरसँग स्वीकृति लिन सफल भए । त्यसबेला श्री ३ को आज्ञाबिना राजपरिवारलाई आफ्नो राजीखुशीले कार्यक्रम तय गर्ने अधिकार खोसेका थिए राणाहरुले । सो दिन दरबारबाट ४ वटा कारहरु निस्किए । पहिलो कारमा राजा त्रिभुवन र उनका दुईवटी महारानीहरु सवार थिए । त्यसपछिका ३ वटा कारहरुमा १७ जना थिए । कारलाई राजाका छोराहरूले हाँकेका थिए । कार, लैनचौर पुगेपछि नार्गाजुन तिर नलागी महाराजगन्जतर्फ मोड्न अंगरक्षक (ए.डी.सी.) ले ड्राइभरलाई भने । उनी अनकनाउँदा राजाले कन्चडमा पस्तोल तेर्स्याएपछि ४ वटै कारहरू भारतीय राजदुतावासमा प्रवेश गराइए । तत्कालीन हिन्द दुतावास, हालको राष्ट्रपति कार्यालय शितल निवासमा तत्कालीन नेपालका लागि भारतीय राजदुत चन्द्रेश्वरनारायण सिंहले राजपरिवार सबैको स्वागत गरे ।

[२०]स्रोतः क्रियशीलता (राजनीति, संगठन र ब्यक्तित्व विकास) रबिन्द्र उप्रेती र देवा उपाध्याय (उप्रेती) द्वारा लिखित दोश्रो संस्करण २०७५ मंसिर २७ मा प्रकाशित पुस्तकको पेज नं. ७ मा उल्लिखित

यो नै राणा शासनको विरुद्धको क्रान्तिमा भारतको पूर्ण समर्थनको सन्देश थियो । यो खबरले संसारभर सनसनी मच्चियो, राजा त्रिभुवनको शरणार्थी यात्रा भनेर । वीवीसीले त यसलाई झनै महत्वकासाथ समाचार बनायो । त्यसपछि राणाहरूको कन्चटबाट चिड्चिड् पसिना नआउने कुरै भएन । भारत सरकारले कडा सुरक्षा प्रबन्धकासाथ वि.सं.२००७ कार्तिक २५ गते दिउँसो १२:३० बजे भारतीय विशेष विमानबाट राजालाई दिल्लीमा पुऱ्याई राणाहरूको शक्तिलाई निकै कमजोर बनाइदियो । श्री ३ मोहन शमशेरले राजा त्रिभुवनलाई भारतीय दुतावासबाट पुनः दरबार फर्काउने अनेक प्रयास विफल भएपछि उनले राजा त्रिभुवनलाई उपत्याकाभित्र घुमफिरका साथै हवाई तथा थानकोटको बाटो प्रयोग गर्न प्रतिबन्ध गर्ने उर्दी जारी गरे । सोही दिन मध्यरातमा मुक्ति सेनाले बिरगन्ज कब्जा गरी वडाहाकिम हिरव्यशमशेर (सुवर्ण शमशेरका पिता) लाई कैद गरिदिए । क्रान्ति सफल पार्न जनसरकार गठन गरियो । तत्कालै वडाहाकिम नियुक्त गरियो । बिरगन्जबाट प्रारम्भ भएको क्रान्तिको ज्वारभाँटा पुरै देशभरि फैलियो । जनताको अभुतपूर्व समर्थन प्राप्त यस क्रान्तिले राणा र यसका भजन मण्डलीहरुको सातो पुत्लो उड्नु स्वभाविक थियो । २००७ सालको क्रान्तिलाई 'बुर्जुगा' क्रान्ति भन्नेहरू समेतको मुखमा दही जम्यो । अतः नेपाली कांग्रेसको नेतृत्वमा भएको यस ऐतिहासिक अभियानले सफलता प्राप्त गऱ्यो । यो युद्धमा ४० जना मुक्तिसेनाका होनाहार योद्धाहरुले शाहदत प्राप्त गरे ।[२१]

[२२] राणा विरोधी आन्दोलन सन्चालन गर्ने निर्णय गरेपछि पार्टीका लडाकु सेनालाई मुक्ति सेनाको नामबाट संगठित गरियो । प्रवासी नेपाली सेवानिवृत सेना प्रहरी तथा कर्मचारीहरु मुक्ति सेनामा सामेल भए । सेनाका हातहतियार वर्माबाट पटना हुँदै नेपाल भित्रिए ।

[२१] स्रोतः क्रियशीलता (राजनीति, संगठन र व्यक्तित्व विकास) रबिन्द्र उप्रेती र देवा उपाध्याय ( उप्रेती) द्वारा लिखित दोश्रो संस्करण २०७५ मंसिर २७ मा प्रकाशित पुस्तकका पेज नं.९ र १० मा उल्लिखित

यस कार्यको संयोजन वी.पी.कोईराला आफैले गरेका थिए। त्यसताका अहिले जस्तो प्रविधियुक्त समय थिएन। प्रत्यक्ष प्रसारण बाहेक अन्य विकल्प थिएन। त्यसैबेला तारिणीप्रसाद कोइरालाले विराटनगरको कटन मिलमा प्रजातान्त्रिक रेडियो नेपालको स्थापना गरेर आन्दोलनको प्रचार प्रसार गरी आन्दोलनकारीहरुको कार्यमा थप उत्साह र उमङ्ग थपिदिएका थिए। जसमा इन्दिरा आचार्य (शैलजा आचार्यकी माता)समचार वाचक थिइन। शान्ति मास्के, शीलु कर्माचार्य आदिले गीत गाउँथे। तारिणीप्रसाद स्वयं गीतमा संगीत भर्थे र उनी गीत पनि गाउँथे। तीन बजेकै थिएन, राति नै चिफ अपरेटरहरू खुसीले नाच्दै उफ्रदै, ताली बजाउँदै, मुखले सिटी बजाउँदै आइपुगे ...धरान, धनकुटा तिर मुक्ति सेना नपुग्दै हाम्रो विजय भइसकेको छ। ए साथी हो, धरान, धनकुटा सरेन्डर ...साथी हो कसरी भो, थाहा छ ? साँच्चै भन्ने हो भने यो विजय प्रजातन्त्र नेपाल रेडियोको करामत हो। यसले प्रयोग गरेको शब्दवाणले छेड्यो सबैलाई। वी.पी. समेत यस कुरामा सहमत भए। धन्य छ, थिङ्क ट्याङ्क तारिणी र उनका सहयागीहरुलाई। २००७ सालमा करिब २५ दिन राणा फौजसँग भीषण युद्धपश्चात विराटनगर मुक्तिसेनाको कब्जामा आएको थियो। क्रान्ति सफल पार्न वी.पी.कोइरालाले भारतीय नेताहरुसँग छलफल गरी हातहतियारको व्यवस्थापन हेतु बर्माबाट प्लेन चार्टर गरेर गोला बारुद आदि भारतको पटनासम्म ल्याई त्यँही डाकी मुक्तिसेनालाई उपलब्ध गराई नेपालको अधिकांश जिल्लामा पठाइयो। त्यसताका हतियार व्यवस्थापनको कठिन चुनौतीलाई सहजीकरण गर्नु चानचुने काम थिएन।

त्यहीबेला रौतहट जिल्लाका करिब १०,००० किसानहरुले राणाशाहीका विरुद्धमा प्रदर्शन गरेका थिए। २००७ सालको क्रान्तिमा ३ महिना सम्म भीषण युद्ध भएको थियो। **युद्ध मोर्चाको नेतृत्व गरेका व्यक्ति र स्थानहरु भैरहवामा थिरबम मल्ल, नेपालगन्जमा डा.के आइ सिंह, विरटनगरमा वी.पी. कोइराला, बिरगन्जमा पुरन सिंहले गरेका थिए। त्यसै गरि मंसिर ५ गते झापा आक्रमण, मंसिर ८ गते के.बी.गुरुङ र छिरिङ शेर्पाको नेतृत्वमा**

**पशुपतिनगर, गोर्खे, फिक्कल, आइतबारे र बुधबारे कब्जा  नरेन्द्र बास्तोला र भैरब बहादुरको नेतृत्वमा झापाका सम्पूर्ण इलाका र धनकुटा क्षेत्रको कब्जा। मंसिर २४ गते भोजपुर। मंसिर २४, २५ गते दिङ्गला मंसिर २४,२६ गते खोटाङ्ग  र ओखलढुङ्गा कब्जा, राणा बडाहाकिमहरुलाई कैद गरी मुक्तिसेना क्रान्तिको उत्कर्षमा पुग्यो। मंसिर ६ गते डा.के.आई. सिंह र बालचन्द्र शर्माद्वारा भैरहवा आक्रमण मंसिर १२ गते कोइलाबास। मंसिर १६ गते कैलाली र कन्चनपुर। मंसिर २८ गते बडाहाकिमलाई मारी धनगढी कब्जा।  पौष १५ गते दाङ, देउखुरी। मंसिर १७ गते फलावाङ्ग। मंसिर २० गते प्युठान। पौष २७ गते स्याङजा र गोरखा। माघ ३ गते सुर्खेत। माघ ७ गते दैलेख। माघ १० गते अछाम र पाल्पा कब्जा गरेका थिए। २००७ साल कार्तिक २७ गते वी.पी. कोइरालाको नेतृत्वमा विराटनगर आक्रमण। पौष ९ गते विराटनगर कब्जा २० गते जनसरकारको घोषणा। २००७ साल मंसिर ४ गते कृष्णप्रसाद उपाध्याय र रुद्रप्रसाद गिरीको नेतृत्वमा उदयपुरगढी आक्रमण एवं महोत्तरी कब्जा।** पार्टीका नेताहरुले ती वीर योद्धाहरुलाई **'जय नेपाल'**  शब्दको अभिवादन टक्र्याएका थिए।[२२]

[२३]वि.सं.२००७ मंसिर ११ गते उपत्याकाबासीले राणाशाही विरुद्ध विशााल प्रदर्शन गरेर राणाहरुलाई तर्साइदिए। ६३ बर्षीय ह्देरत्नको गोली लागि मृत्यु भएपछि पौष २७ गते झनै ठूलो जनसमूह सडकमा ओर्लियो। १४ वर्षीय छात्र भोगेन्द्रमानको गोली लागि मृत्यु भयो।[२३]

[२२] स्रोतः क्रियशीलता (राजनीति, संगठन र व्यक्तित्व विकास) रबिन्द्र उप्रेती र देवा उपाध्याय (उप्रेती) द्वारा लिखित दोश्रो संस्करण २०७५ मंसिर २७ मा प्रकाशित पुस्तकका पेज नं.१४, १५ मा उल्लिखित

[२३] स्रोतः क्रियशीलता (राजनीति, संगठन र ब्यक्तित्व विकास) रबिन्द्र उप्रेती र देवा उपाध्याय (उप्रेती) द्वारा लिखित दोश्रो संस्करण २०७५ मंसिर २७ मा प्रकाशित पुस्तकका पेज नं.११ को दोश्रो अनुच्छेदमा उल्लिखित

[२४]यसरी नेपालमा राणाशासनको विरुद्ध आन्दोलन चर्किरहेको राजा त्रिभुवनको भारतमा शरणार्थी अवस्था भएपछि बुबाको राज्यारोहण हुनु भन्दा पहिल्यै हजुरबुबा राजगद्दीमा आसिन भएका बेला तत्कालीन श्री ३ मोहन शमशेरले राजा त्रिभुवनका माइला नाति ज्ञानेन्द्र शाहलाई नेपालको राजगद्दीमा राखे । र उनको नामको मुद्रा पनि प्रकाशित गरे । मोहन शमशेरको यो कदमको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चर्को आलोचना भयो । उनको यो धृष्टतालाई अन्तराष्ट्रिय मान्यता प्रदान भएन । फलस्वरुप भारतको राजधानी दिल्लीमा कांग्रेस, राजा र राणा बीच त्रिपक्षीय सम्झौता भयो । यस सम्झौतमा निरङ्कुश राणा शासनको अन्त, छिटै संविधानसभा मार्फत संविधानको निर्माण र राजतन्त्र पुनर्स्थापनाको व्यवस्था गरिने उल्लेख गरिएको थियो । जसलाई दिल्ली सम्झौता भनिन्छ । यसै सम्झौताको जगमा टेकेर नेपालमा २००७ साल फागुन ७ गते निरङ्कुश राणा शासनको अन्त भई प्रजातन्त्रको स्थापना भयो । त्यसपछि सम्झौतानुसारको सरकार बन्यो । जसमा प्रधानमन्त्री मोहन शमशेर र गृहमन्त्री वि.पी.कोइराला लगायत १० सदस्यीय मन्त्रीमण्डल बन्यो । यो सरकार बनेको केही दिनमा नै आपसी खिचलो शुरु भयो । राणा र कांग्रेस बीच वैमनस्यता त थियो नै, कांग्रेसका बीच पनि मतभेद शुरु भयो । फलस्वरुप सरकार धेरै दिन चल्न सकेन । गृहमन्त्री वि.पी.कोइरालाले राजीनामा दिए । सरकार ढल्यो । वि.सं.२००८ सालमा कांग्रेसको एकल नेतृत्वमा सरकार बन्यो । जसका प्रधानमन्त्री मातृकाप्रसाद कोइराला बने । त्यसपछि वि.पी. र मातृका प्रसाद कोइराला लगायत पार्टीका अन्य नेताहरु बीच मतभेद जारी रह्यो । यसै बीचमा राजाले चलखेल गर्ने मौका पाए । फलस्वरुप संविधानसभाको निर्वाचनलाई टारिँदै गयो । त्यसपछि वि.सं.२०११ सालमा राजा त्रिभुवनको स्वर्गारोहणपछि राजा महेन्द्रको राज्यारोहण भयो । राजा महेन्द्र ज्यादै महत्वाकांक्षी थिए । उनले संविधानसभाको निर्वाचनको सट्टा वि.सं.२०१५ सालमा आम निर्वाचन गराए । त्यस निर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाइ मत प्राप्त गऱ्यो । वी.पी.कोइराला प्रधानमन्त्री भए । उनले भूमिसुधार लगाएतका थुप्रै सुधारका योजना अगाडि सारे । जसमा राजा महेन्द्रको गिद्दे दृष्टि उनमा पहिले देखि नै थियो ।

उनलाई आफ्नै पार्टीका नेताहरुबाट असहयोग भयो । असहयोग गर्नेहरुमा विश्बन्धु थापा, तुलसी गिरी, डा.के.आई.सिंह, सूर्यप्रसाद उपाध्याय आदी थिए । असहयोग यतिसम्म भयो कि उनका आफ्नै दाजु मातृकाप्रसाद कोइराला पनि उनको विरुद्धमा उभिए । त्यसैबेला राजा महेन्द्रले एउटा गोप्य योजना बनाए, सरकार अपदस्थ गर्ने । उनले वी.पी.कोइरालाका विरोधीहरुलाई आफ्नो योजनामा सामेल गराए । उनका सहयोगी जतिलाई उनीबाट टाढा राखे । उनका विरोधी तथा सहयोगीहरुले पहिले नै राजाले 'कू' गर्ने सङ्केत गरेका थिए । तर वी.पी.ले त्यसलाई विश्वास गरेनन् । गरेर पनि जानु कहाँ ? गर्नु के नै थियो र ? त्यतिबेला उनी दुई तिहाई बहुमत प्राप्त दलको तर्फबाट देशको कार्यकारी प्रधानमन्त्री थिए । साथमा उनलाई विपक्षी दलका नेताको समेत दह्रो समर्थन थियो । देशको कार्यकारी प्रमुख जसले देश र जनताको जीउ धनको सुरक्षाको जिम्मा लिन्छ । ऊ आफै असुरक्षित हुँदा जाने ठाउँ कहाँ नै बाँकी रहन्छ र ? आखिर २०१७ साल पुष १ गते राजा महेन्द्रले १८ महिनाको शिशु अवस्थामा नै प्रजातान्त्रिक शासन व्यवस्था माथि 'कू' गरेरै छाडे । प्रधानमन्त्री वी.पी.कोइराला सिंहदरवार भित्र पार्टीको सभालाई सम्बोधन गरिरहेका बेला उनी सहित त्यहाँ भएका सम्पूर्ण मन्त्रीहरुलाई राजाले सेनाको मद्दतले घेरा हाली दरबारको विलियर्ड कोठामा थुने । ६ महिनासम्म थुनामा रहेका साथीहरु बाहेक बाहिर कसैसँग सम्पर्क गर्न दिइएन । तर थुनामा भने खान बस्नको राम्रो प्रबन्ध गरिएको थियो । पछि थुनुवाहरु मध्ये केहीलाई केही दिनपछि छाडियो । बाँकीलाई सुन्दरीजलको बन्दिगृहमा सारियो । सुन्दरीजल बन्दिगृह २०१७ सालको 'कू' काण्ड भन्दा ६ महिना पछि बनाइएको हो । सुन्दरीजल बन्दिगृहमा सारिएको केही दिनपछि बाहिरी सम्पर्क हुन दिइएको थियो । त्यसपछि वी.पी.ले भारतमा रहेका सुवर्ण शमशेरलाई गोप्य पत्र लेखी केही गर्न भने । उनले अर्को सशस्त्र आन्दोलन गर्ने सल्लाह दिए । वी.पी.ले पनि त्यसमा सहमति दिए । यसरी ८ बर्षको लामो जेल बसाइपछि २०२५ सालमा बन्दीहरुलाई छाडियो । त्यसपछि वी.पी.कोइरालाला पुनः भारत प्रवासमा गए । उनले सुवर्ण शमशेरसँग भेटेर फेरि सशस्त्र क्रान्ति गर्ने योजनानुसार भारतीय नेताको सम्पर्कमार्फत् हतियारको कारोवार गर्ने

गिरोहसँग आवश्यक हतियारको बन्दोबस्त गरे । खरिद गरेका हतियारहरूको केही पैसा तिर्न बाँकी थियो । सशस्त्र आन्दोलन नगर्ने निर्णयपछि उनले ती हतियारहरू उधारोमा बंगलादेशका विद्रोही नेता मजिबुर रहमानलाई बेचिदिए । त्यहाँबाट पैसा आएन । हतियारको पैसा तिर्नको लागि प्लेन अपहरण काण्ड रचियो । त्यसपछि नेपालमा प्रजातन्त्रको पुनःस्थापनाको लागि गरिएको प्रस्तावलाई तत्कालीन भारतीय प्रधानमन्त्री श्री इन्दिरा गान्धीको छुट्टै स्वार्थ रहेको थाह पाएपछि, त्यसलाई स्वीकार गर्न नसकी, नेपालमा तत्कालीन श्री ५ को सरकारले आफु विरुद्ध मुद्दा लगाइ बन्दिगृहको जीवन विताउनुपर्ने कुरा थाह पाउँदा पाउँदै पनि आफ्नो देशको रक्षार्थको निम्ति २०३३ साल पुष १६ गते वी.पी.कोइराला मेमिलापको नीति लिएर नेपाल फर्के । नेपाल फर्केकै दिन उनलाई काठमाडौ विमानस्थलबाटै पक्राउ गरेर पुनः सुन्दरीजल जेल चलान गरियो । उनले विनासर्त नेपालको बन्दिगृहको वास स्विकार गरे । आफ्नो देशको राजनैतिक सत्ता परिवर्तन गर्न विदेशीको साथ र भरोसा भन्दा पनि आफ्नै देश भित्रबाट गर्नुपर्छ । बरु मृत्यु वरणको दुःख सहन गर्नु परेपनि सहनुपर्छ, भन्ने राष्ट्रियताको एउटा अभूतपुर्व दृष्टान्त वी.पी.कोइरालाले प्रस्तुत गरेका छन् । जो प्रत्येक नेपालीले आत्मसाथ गर्न र पालना गर्न अत्यन्त जरुरी छ । नेपाली कांग्रेसले जनमत संग्रहको माग राखी आन्दोलन गर्‍यो । वि.सं. २०३६ सालमा जनमत संग्रहको घोषणा भयो । २०३७ साल वैशाखमा जनमत संग्रह भयो । त्यसमा बहुदलले झिनो मतको अन्तरले पराजय भोग्नुपर्‍यो ।[२४]

त्यसपछि पनि कांग्रेसले हार मानेर बसेन । वि.सं.२०४२ सालमा निरङ्कुश पञ्चायती शासन विरुद्ध सत्याग्रह आन्दोलन शुरु गर्‍यो । यसमा तमाम देशभक्त नागरिक तथा कर्मचारीहरुको सहभागिता रह्यो । कैंयौले यातनाको शिकार हुनुपर्‍यो । तैपनि कांग्रेसले निरङ्कुशता विरुद्धको आन्दालन जारी राख्यो । त्यसपछि नेपाली कांग्रेसले २०४६ सालमा नेपालका वामपन्थी शक्तिसँग हातेमालो गरी आन्दोलन गर्ने निधो गर्‍यो । यसमा वामपन्थीहरु

[२४] स्रोतः खगेन्द्र नेपालीले वाचन गरेको वीपी कोइरालाको आत्मवृतान्त कथा भाग २ YouTube मा Upload भएको Audio Record Video

पनि सहमत भए । २०४६ साल फागुन ७ गतेबाट काङ्वाम मिली अहिंसात्मक आन्दोलन गर्ने कार्यक्रमहरू तय भयो । त्यसै अनुरुप मेचीदेखि महाकालीसम्म नेता कार्यकर्ताहरुलाई उनीहरुको कार्यक्षेत्र तोकियो । नेता कार्यकर्ताहरु आ-आफू खट्नु पर्ने ठाउँमा खटिए । जनआन्दोलनको सर्वोच्च कमान्डरको नेतृत्व गणेशमान सिंहलाई गरेका थिए । उनका साथै कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, साहाना प्रधान, मदन कुमार भण्डारी, गिरिजाप्रसाद कोइराला लगायतका नेताहरुले नेतृत्व गर्ने क्षेत्र तोकियो । सबै आ-आफ्नो क्षेत्रमा तैनाथ भए । आखिर तोकिएकै मितिमा जन-आन्दोलनको शंखघोष भयो । शुरुमा आन्दोलनकारीहरुले जिन्दावाद र मुर्दावादको नारा घन्काए । कैंयौ गिरफ्तार भए, घाइते भए, मारिए, आन्दोलन रोकिएन । आन्दोलनमा खटाइएका कैंयौ नेता कार्यकर्ताहरु आन्दोलनको घोषणा हुनुपूर्व नै गिरफ्तार भएका थिए । निरङ्कुश सरकारले आन्दोलनकारीमाथि जति दमनकारी नीति अपनायो, त्यति नै आन्दोलनकारीको संख्यामा दिन दुईगुना र रात चौगुना वृद्धि हुन थाल्यो । यसरी प्रत्येक दिन आन्दोलनको रुप बढ्दै जाँदा निरङ्कुश सरकारको मुटु हल्लिएको भए पनि उसले आफ्नो शासनको आयू लम्ब्याउन प्रहरी प्रशासन मार्फत् आदोलनकारीहरू माथि अश्रुग्याँस तथा पानीको फोहोरा बर्षायो । जिल्ला जिल्लाबाट आन्दोलनकारीहरुलाई धरपकड, घाइते र मारिने क्रम जारी रह्यो । आखिर २०४६ साल चैत्र २४ गते देशको सबै ठाउँबाट काठमाडौमा विशाल जनसागर उतार्ने निर्णयअनुसार सोही दिन देशभरिबाट काठमाडौमा मानिसहरुको ओइरो लाग्यो । यो देखेर पञ्चायती सरकारको होस हवास उड्यो । तैपनि उसले आफ्नो क्रुरता जारी राख्यो । उसले आन्दोलनकारी माथि अन्धाधुन्द गोली बर्षायो । आखिर आन्दोलनकारीहरूको आवाजको गुन्जायमान ध्वनि तत्कालीन राजा श्री ५ वीरेन्द्रकहाँ पुग्यो । उनले २०४६ साल चैत्र २६ गतेको राती नेपालको संविधान २०१९ बाट निर्दलिय पञ्चायती शासन शब्द हटाई त्यसका केही धाराहरु निलम्बन गरी जनताको मागअनुसारको बहुदलीय प्रजातान्त्रिक शासन प्रणालीको लागु गर्ने घोषणा गरे । यस घोषणानुसार वि.सं.२०४७ साल वैशाख ६ गते नेपाली कांग्रेसका तत्कालीन का.वा.सभापति कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री नियुक्त भए ।

उनले कांग्रेस र वाममोर्चाका नेताहरु संलग्न रहेको ११ जनाको मन्त्रीमण्डल बनाए । तत्कालीन प्रधानन्यायधिस विश्वनाथ उपाध्यायको अध्यक्षमा एउटा संविधान निर्माण आयोग गठन गरियो । यो आयोग आन्दोलनकारी, राजा र स्वतन्त्र नागरिक गरी त्रिपक्षीय सहभागीतामा बनेको थियो । यसपछि २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको २०४७ जारी गरियो । वि.सं. २०४८ सालमा आम निर्वाचन सम्पन्न भयो । नेपाली कांग्रेस पार्टीको बहुमतको सरकार बन्यो । तर कांग्रेस पार्टीभित्र आपसी मतभेदका कारण यो सरकारले २०५१ सालमा मध्यावधि निर्वाचन घोषणा गऱ्यो । मध्यावधि निर्वाचनमा कुनै पनि दलको बहुमत नआएकाले पटक पटक सरकार अदली बदली गर्ने क्रम जारी रह्यो । यहि राजनीतिक अस्थिरताको कारण र सरकारको अकर्मण्यताले नेपालमा २०५२ सालबाट माओवादी द्वन्द्वको शुरुवात भयो । यो द्वन्द्व १२ बर्षसम्म चल्यो । यहि द्वन्द्वमा परी करीब १७ हजार नेपालीले ज्यान गुमाए । धेरै ठूलो मात्रामा धनजनको क्षति भयो । यस द्वन्द्वले देशको विकासको गतिलाई कैयौँ वर्ष पछाडि धकेलिदियो । द्वन्द्वमा संलग्न रहेका कैंयौ व्यक्तिहरुले राजनीतिक उद्देश्य प्राप्ति गर्ने भन्दा पनि आफ्नो पुरानो व्यक्तिगत दुश्मनीको वदला लिने वा रिस साध्ने प्रवृति अपनाए । यो प्रवृतिले कैंयौका व्यक्तिका अनाहकमा ज्यान गए भने सम्पत्ति पनि लुटिए । द्वन्द्वको समर्थन नगर्ने अन्य पार्टीका नेता तथा कार्यकर्ताहरुको भागाभाग भयो । राज्यको सम्पत्तिको अधितम दुरुपयोग भयो । आखिर टाठाबाठा व्यक्तिहरू करोडपति भए भने निमुखा जनता कङ्गालका कङ्गाल नै रहे । यसको बीचमा वि.सं.२०५६ सालमा आम निर्वाचन भयो । यस पटक नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईलाई निर्वाचन पूर्व नै प्रधानमन्त्री घोषित गरिए । फलस्वरुप नेपाली कांग्रेस पर्टीले यसपटक पनि बहुमत प्राप्त गऱ्यो र सरकार बनायो । त्यसपछि नेपालमा नेपाली कांग्रेसले आम निर्वाचनमा बहुमत प्राप्त गरेर सरकार सन्चालन गरेपछि देखापर्ने नियमित रोग फेरि बल्भियो । यस पटक यो रोगले नेपाली कांग्रेसलाई संसदभित्रै अलग्याएर दुई टुक्रा पारिदियो । कांग्रेस फुटेर विभाजन भएपछि बहुमत गुम्यो । फेरि मिलिजुली सरकारको खेल शुरु भयो । यसै बीचमा २०५८ साल जेठ १९ गते राति नारायणहिटी राजदरबार हत्याकाण्ड भयो ।

राजपरिवारका सम्पूर्ण सदस्यहरू तथा नातागोताहरुको ज्यान गयो । अचेतन अवस्थामा तत्कालीन युवराज दीपेन्द्रलाई राजा घोषणा गरियो । उनी पूर्णरुपमा निको भई आफ्नो राजकाज गर्न सक्ने अवस्थामा नहुन्जेलसम्म उनका काका ज्ञानेन्द्र शाहलाई राज्यसहायक नियुक्त गरिए । त्यसको २ दिन पछि उनको पनि स्वर्गवास भयो । त्यसपछि उनका नजिकका हकदार उनका माइला काका ज्ञानेन्द्र शाह नेपालको राजगद्दीमा आसिन भए । माओवादी सशस्त्र द्वन्दको प्रभाव देशमा बढ्दै गयो । सरकार र द्वन्दरत पक्षबीच वार्ता हुँदै र भङ्ग हुँदै गए । त्यसै बीचमा तत्कालीन विद्रोही माआवादीले वार्ता भङ्ग गरी दाङमा तत्कालीन शाही नेपाली सेनामाथि आक्रमण गरी सैनिकहरुको हत्या गरी हातहतियार समेत लुटेर लगे ।  वि.सं.२०५८ साल मंसिर ११ गते नेपालमा संकटकाल घोषणा गरी सेना परिचालन भयो । देशमा सङ्कटकाल घोषणा गरी सेना परिचालन भए पनि माओवादी द्वन्द झन चर्कियो । यसै बीचमा म्याग्दी, भोजपुर, सोलुखुम्बु तथा अछाम जिल्ला सदरमुकाममा धावा बोलेर द्वन्दरत पक्षले तहस नहस पाऱ्यो । त्यसपछि २०५९ असोज १८ गते उनले प्रधानमन्त्री शेरबहादुर देउवा रहेको जन-निर्वाचित सरकार अपदस्थ गरे । जनताले त्यसको विरोध गरेपछि २०६१ साल जेठ २० गते अपदस्थ प्रधानमन्त्री शेरबहादुर देउवाको पुनः बहाली भयो । सरकार र तत्कालीन विद्रोही माओवादी वीच युद्ध विराम तथा वार्ता भयो । यो क्रम केही दिनसम्म चल्यो । वार्ता सार्थक निष्कर्षमा पुग्न सकेन । द्वन्द चर्किंदै गयो । देशमा घोषित निर्वाचन पनि हुन सकेन । यसपछि २०६१ साल माघ १९ गते देशमा शान्ति सुरक्षा कायम गरी निर्वाचन गराउन असक्षम भएको भन्दै प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा रहेको नेपाली कांग्रेस (प्रजातान्त्रिक) र ने.क.पा.एमाले सम्मिलित संयुक्त सरकारलाई पुनः तत्कालीन राजा ज्ञानेन्द्र शाहबाट अपदस्थ गरियो । यो घटनाले नेपालमा रहेका सात राजनीतिक दल र तत्कालीन विद्रोही शक्ति माओवादी शक्तिलाई एक ठाउँमा उभिन बाध्य बनायो । आखिर यिनीहरू एकजुट भएरै छाडे । संयोगबस यस पटक पनि यिनीहरूले एकजुट हुने स्थान भारतको दिल्लीलाई नै रोजे । वि.सं.२०६२ मंसिर ७ गते नेपालका सात राजनीतिक दल र तत्कालीन विद्रोही शक्ति माओवादीबीच भारतको नयाँ दिल्लीमा १२ बुँदे

समझदारी पत्रमा हस्ताक्षर भयो । यो सम्झौता गर्नमा कांग्रेस नेता गिरिजाप्रसाद कोइरालाको ठूलो भूमिका छ। किनभने त्यो समयमा नेपालका उनी सबैभन्दा परिपक्व राजनीतिज्ञ थिए । तत्कालीन विद्रोही पक्ष पनि उनलाई बढी विश्वास गर्थ्यो । वि.सं.२०६२ साल चैत्र २४ गते देखि विना हातहतियार शान्तिपूर्ण आन्दोलन गर्ने निर्णय भयो । त्यो बीचमा तत्कालीन विद्रोही पक्षले युद्ध विराम गर्ने, सात राजनीतिक दलले देशको विभिन्न ठाउँमा संयक्त सभा गोष्ठी गर्ने निर्णय भयो । सोहीअनुसार कार्यक्रमहरु भए । गाउँमा रहेका पार्टी, जनता र तत्कालीन विद्रोही शक्ति बीच आपसी सामन्जस्यताको वातावरण कायम गर्न यसो गरिएको हो । आन्दोलनको स्थान र नेतृत्वको टुङ्गो पनि यति बेला नै तय गर्ने निर्णय भएको थियो ।

वि.सं. २०६२ साल चैत्र २४ गते देशभरिबाट आन्दोलनको शुरुवात भयो । आन्दोलन गाउँ बस्ती हुँदै शहर केन्द्रीत भयो । निरङ्कुश सरकारले आन्दोलनकारी माथि धरपकड शुरु गऱ्यो । आन्दोलन झन चर्किदै गयो । पार्टीका नेता कार्यकर्ताहरु धमाधम पक्राउ परे । उनीहरूलाई यातना दिइयो । आन्दोलन सम्पूर्ण शक्ति काठमाडौ केन्द्रीत गर्ने निर्णय भयो । सबै नेता तथा कार्यकर्ताहरु काठमाडौमा जम्मा भए । आन्दोलनको नेतृत्व नेपाली कांग्रेसका नेता तथा पार्टीका सभापति गिरिजाप्रसाद कोइरालाले गरेका थिए । यसरी देशका विभिन्न ठाउँबाट काठमाडौमा मानिसहरू जम्मा भएपछि काठमाडौमा जनसागर उर्लियो । विशाल जनसागर देखेपछि निरङ्कुश शाही सरकारको मुटु हल्लियो । विगठित प्रतिनिधि सभाको पुनःस्थापना र राजतन्त्रको अन्त गरी गणतन्त्रको स्थापना आन्दोलनकारीको प्रमुख माग थियो । तैपनि उसले आफ्नो शासनको आयु लम्ब्याउन आन्दोलनकारी माथि अन्धाधुन्द गोलीको बर्षा गरायो । जति दमन गरे पनि आन्दोलन दिन दुईगुना र रात चौगुनाका दरले बढ्न थाल्यो । नेपालमा आन्दोलन उत्कर्षमा पुगेकाबेला भारतका तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहले आफ्नो परराष्ट्रमन्त्रीलाई नेपालको शाही सरकारको लागि विशेष दूत बनाएर काठमाडौ पठाए । त्यसको केही दिनपछि वि.सं. २०६३ साल वैशाख ८ गते तत्कालीन राजा ज्ञानेन्द्र शाहको जनताको नाममा प्रथम सम्बोधन आयो । जसमा जनताको नासो जनतालाई फिर्ता गर्ने भनिएको थियो ।

आन्दोलनकारीहरुले यो सम्बोधनलाई ठाडै अस्वीकार गरिदिए र घोषणा गरे । वैशाख १२ गते काठमाडौको टुडिखेलमा १० लाखको जनसागर उतारेर निरङ्कुश शासकलाई जनताको शक्ति प्रदर्शन गर्ने भनेर । सोही योजनानुसार देशका विभिन्न ठाउँबाट बाँकी व्यक्तिहरु काठमाडौ आउन थाले । जनसागर दिनदिनै बढ्न थाल्यो । जिन्दावाद र मुर्दावादका नारा घन्काउँदै, सिटी, मादल बजाउँदै, गाउँदै, नाच्दै जनताहरू स्वतःस्फुर्त ढङ्गले आन्दोलनमा सहभागी भए । जनता मात्र हैन, विभिन्न पेशागत संघ सङ्गठन, वकिल, पत्रकार, शिक्षक, डाक्टर, इन्जिनियर, पाइलट, किसान, मजदुर यहाँ सम्म कि स्वयं सरकारी कर्मचारीले समेत पेन डाउन गरी आन्दोलनको समर्थन गरे । कतिले त जिन्दावाद र मुर्दावादको नारा पनि लगाए । यो देखेर आखिर निरङ्कुश राजाले वि.सं. २०६३ साल वैशाख ११ गते राति सात राजनीतिक दल र तत्कालीन विद्रोही माओवादी मिलेर तय गरेको मार्गचित्र अनुसार वि.सं. २०५९ साल जेठ ८ गते विगठित प्रतिनिधि सभा पुनःस्थापित गरी, उनीहरूकै नेतृत्वमा सरकार गठन वि.सं. २०६३ साल वैशाख १५ गते संसद बैठकको आव्हान गरे । यसरी १९ दिने जनआन्दोलनले तत्कालीन निरङ्कुश शाही शासनलाई आन्दोलनकारीहरूको मार्गचित्र अनुसारको माग पुरा गर्न बाध्य तुल्यायो । उक्त संसदको बैठकबाट जनआन्दोलन-२ का शिखर पुरुष नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला सर्वसम्मत प्रधानमन्त्री छानिए । सातवटै राजनीतिक दलहरु मिलेर संयुक्त सरकार बन्यो । उक्त सरकारले वि.सं. २०६३ साल जेठ ४ गते बसेको मन्त्रीपरिषद्को बैठकले राजामा निहित अधिकारहरू कटौती गऱ्यो । जसलाई प्रतिनिधि सभाको घोषणा २०६३ भनिन्छ । [२५]वि.सं. २०६३ साल असार २ गते सर्वोच्च अदालतका पूर्व न्यायधिश लक्ष्मण अर्यालको संयोजकत्वमा ६ सदस्यीय अन्तरिम संविधान मस्यौदा समिति गठन गरियो । यो समितिमा विवाद आएपछि पुर्नगठन गरी १६ सदस्यीय बनाइयो । मस्यौदा समितिले वि.सं. २०६३ साल भदौ ९ गते आफूले तयार गरेको संविधानको मस्यौदा सरकारीवार्ता टोलीका संयोजक कृष्णप्रसाद सिटौला र नेकपा (माओवादी) वार्तटोलीका संयोजक कृष्णबहादुर महरालाई बुझायो ।

वि.सं. २०६३ साल भदौ ९ गते बुझाएको अन्तरिम संविधानको मस्यौदामा आएका विवादमा लामो बहसपछि वि.सं. २०६३ साल पुष १ गते टुङ्गो लगाइयो ।[२५]

वि.सं. २०६३ साल मंसिर ५ गते जनआन्दोलन २ को बलमा पुनःस्थापित सात दलको सरकार र तत्कालीन विद्रोही शक्ति माओवादी बीच विस्तृत शान्ति सम्झौता भयो । जसको प्रमुख नेतृत्व गिरिजाप्रसाद कोइरालाले गरेका थिए ।

[२६]लामो बहसपछि वि.सं. २०६३ साल पुष १ गते टुङ्गो लगाएको अन्तरिम संविधानको मस्यौदालाई सरकारद्वारा वि.सं. २०६३ पौष ३० गते मन्त्रीपरिषद् बैठकबाट निर्णय गरी सोही दिन प्रतिनिधिसभा समक्ष छलफलको लागि प्रस्तुत गरियो । प्रतिनिधिसभाद्वारा वि.सं. वि.सं. २०६३ साल माघ १ गते अन्तरिम संविधान पारित भएपछि प्रतिनिधिसभा विघटन गरी ३३० जना सांसद रहेको अन्तरिम विधायिका घोषणा गरी अन्तरिम विधायिकाको पहिलो बैठकको पहिलो प्रस्तावका रुपमा नेपालको अन्तरिम संविधान, वि.सं. २०६३ अनुमोदनका लागि पेश गरिएको थियो ।[२६]

त्यसपछि प्रधानमन्त्री यथावत् राखी ८ दलसहितको सरकार बन्यो । त्यही सरकारले २०६४ साल चैत्र २८ गते संविधानसभाको चुनाव सम्पन्न गरायो । त्यसपछि वि.सं.२०६५ साल जेठ १५ गते संविधान सभाको पहिलो बैठक बसी नेपालबाट राजतन्त्रको उन्मुलन गरी विधिवत् रुपमा **गणतन्त्र नेपाल** घोषणा गरियो । गणतन्त्र घोषणा भईसकेपछि संविधानसभाले पूर्वराजा ज्ञानेन्द्र शाहलाई राजाको हैसियतमा उनले प्राप्त गरी प्रयोग गर्दै आएको नारायणहिटी राजदरबार छाडेर नागार्जुन दरबारमा स्थानान्तरण हुने १५ दिनको समयसीमा तोक्यो ।

[२५] स्रोतः यादवचन्द्र निरौला र सिताराम कोइराला, प्राविधिक सहायक प्रतियोगिता दिग्दर्शन, २०६७/०६८पेज नं.१२९ को अन्तिम र १३० को पहिलो अनुच्छेमा उल्लिखित

[२६] स्रोतः चन्द्रसिंह श्रेष्ठ, नेपालको संवैधानिक विकासक्रम (भाग २) २०१९ देखि २०६३ सम्म Goole मा Upload गरिएको Article मा उल्लिखित

संविधानसभाले गरेको निर्णयलाई पनि पूर्वराजा ज्ञानेन्द्र शाहले सहजरुपमा स्वीकार गरी वि.सं. २०६५ साल जेठ २९ गते नारायणहिटी राजदरबार छाडे । त्यसपछि नेपालमा राष्ट्रपति छनौट प्रक्रिया शुरु भयो । जनआन्दोलान-२ शिखरपुरुष गिरिजाप्रसाद कोइरालाले संविधानसभाबाट सर्वसम्मतबाट निर्विरोध गणतन्त्र नेपालको प्रथम राष्ट्रपति बन्ने आकांक्षा राखेकोमा त्यसमा सहमति हुन सकेन । उक्त सहमति हुन नदिन तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को प्रमुख भुमिका रहेको थियो । त्यसपछि नेकपा माओवादीका तर्फ रामराजा प्रसाद सिंह, नपाली कांग्रेसका तर्फबाट डा.रामवरण यादव र नेकपा एमालेका तर्फबाट रामप्रित पासवान राष्ट्रपति पदको लागि उम्मेद्वार भए । पूर्व निर्धारित निर्णयानुसार वि.सं. २०६५ साल साउन ४ गते राष्ट्रपति र उपराष्ट्रपतिको पहिलो चरणको निर्वाचन भयो । यस निर्वाचनबाट उपराष्ट्रपति निर्वाचित भए । राष्ट्रपति पदका ३ जना उम्मेद्वारहरु भएकाले आवश्यक ५० प्रतिशत मत प्राप्त गर्न नसकेकाले त्यही साल साउन ६ गते राष्ट्रपतिको दोश्रो चरणको निर्वाचन भयो । यस निर्वाचनमा पहिलो चरणमा सबभन्दा कम मत प्राप्त गर्ने रामप्रित पासवान दोश्रो चरणको निर्वाचनबाट बाहिरिए । दोश्रो चरणको राष्ट्रपतिको निर्वाचनबाट नेपाली कांग्रेसका उम्मेद्वार डा. रामवरण यादव राष्ट्रपति चुनिए । सबभन्दा ठूलो पार्टीको हैसियतले वि.सं. २०६५ साल श्रावण ३१ गते नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा गणतन्त्र नेपालको पहिलो सरकार बन्यो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को प्रस्तावमा २ वटा निर्वाचन क्षेत्रबाट संविधानसभा चुनाव पराजित भएका नेकपा एमालेका नेता माधव कुमार नेपाललाई मनोनित गरेर संविधानसभाको सदस्य बनाइयो । गणतान्त्रिक नेपालका प्रथम प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले तत्कालीन प्रधानसेनापति रुक्माङ्गत कटुवाल प्रकरणका कारण राजिनामा दिनु पर्‍यो । प्रचण्डले राजीनामा दिएपछि गिरिजाप्रसाद कोइरालाको प्रस्तावमा वि.सं. २०६६ साल जेठ ११ गते तिनै माधव कुमार नेपाल गणतन्त्र नेपालको दोश्रो प्रधानमन्त्री बने । त्यसपछि नेकपा एमालेका नेता माधव कुमार नेपाललाई पनि प्रधानमन्त्री पदबाट राजीनामा दिन आफ्नै पार्टीबाट दबाब आउँदा निजले

राजीनामा दिएपछि, एमालेकै अर्का नेता झलनाथ खनाल गणतन्त्र नेपालको तेश्रो प्रधानमन्त्री भए । झलनाथ खनालले प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि नेकपा माओवादीका अर्का प्रभावशाली नेता डा.बाबुराम भट्टराई प्रधानमन्त्री बने । पहिलो संविधानसभाको समयावधि थपेर २ बाट ४ बर्ष पुऱ्याइयो । तैपनि संविधान बन्न सकेन । प्रधानमन्त्री बाबुराम भट्टराईले वि.सं. २०६८ साल १४ गते संविधानसभा विघटन गरे । त्यसपछि चुनावी सरकारको सम्बन्धमा राजनैतिक दलहरूको बीचमा ठूलो विवाद भयो । दलहरुको आपसी खिचातानीले लामो समय लियो । सहमति हुन सकेन ।

आखिर सम्पूर्ण दलहरुको सहमतिमा बहालवाला सर्वोच्च अदालतका प्रधानन्यायधिस खिलराज रेग्मीलाई मन्त्रीपरिषदको अध्यक्ष बनाएर चुनावी सरकारको गठन गरियो । त्यही सरकारले वि.सं.२०६९ साल चैत्र १ गते त्यस सरकारले संविधानसभाको दोश्रो निर्वाचन वि.सं. २०७० साल मंसिर ४ गते सम्पन्न गरायो । निर्वाचनको सम्पूर्ण नतिजा प्रकाशित भयो । यो निर्वाचनमा नेपाली कांग्रेस सबभन्दा ठूलो पार्टी बन्यो । रेग्मी सरकारले वि.सं. २०७० साल माघ २७ गते निर्वाचित संविधानसभालाई सरकार हस्तान्तरण गरे । सबै दलको सहमतिका आधारमा नेपाली कांग्रेसको संसदीय दलका नेता तथा नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला प्रधानमन्त्री बने । प्रधानमन्त्री हुँदा २ बर्षभित्र संविधान बनाउने र सत्ता हस्तान्तरण गर्ने सर्तअनुसार २०७२ साल असोज ३ गते संविधानसभाबाट नेपालको संविधान वि.सं. २०७२ जारी गरे ।

नेपालमा वि.सं. २०१५ साल देखि हालसम्म भएका बहुदलीय प्रतिस्पर्धात्मक आम निर्वाचन तथा संविधानसभाका निर्वाचनहरुमा नेपाली कांग्रेसले प्राप्त गरेको संसद सदस्य संख्या यस प्रकार छ ।

| क.सं. | निर्वाचन बर्ष | जम्मा संख्या | कांग्रेसको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २०१५ | १०९ | ७४ | प्रतिनिधि सभा प्रत्यक्ष निर्वाचित |
| २ | २०४८ | २०५ | ११४ | प्रतिनिधि सभा प्रत्यक्ष निर्वाचित |
| ३ | २०५१ | २०५ | ८३ | प्रतिनिधि सभा प्रत्यक्ष निर्वाचित |
| ४ | २०५६ | २०५ | ११० | प्रतिनिधि सभा प्रत्यक्ष निर्वाचित |
| ५ | २०६४ | ६०१ | ३७+७३=११० | संविधान सभा प्रत्यक्ष र समानुपातिक |
| ६ | २०७० | ६०१ | १०५+९१=१९६ | संविधान सभा प्रत्यक्ष र समानुपातिक |
| ७ | २०७४ | २७५ | २३+४२=६५ | प्रतिनिधि सभा प्रत्यक्ष र समानुपातिक |

माथिको तालिकामा वि.सं.२०१५ र २०४८ साल भन्दा पछाडि भएका आम निर्वाचन तथा संविधानसभाका निर्वाचनहरूमा नेपाली कांग्रेस पार्टीले संसदमा प्राप्त गरेको संख्यालाई प्रस्तुत गरिएको छ । यो संख्या प्रत्येक निर्वाचनअनुसार फरक फरक रहेको छ । यसमा जुन निर्वाचनमा कांग्रेसको नेतृत्व एकजुट भएर सहभागी भयो, त्यसमा नेपाली कांग्रेसको बहुमत प्राप्त गरेको र उसको नेतृत्व सरकार बनेको र जुन निर्वाचनमा यस पार्टीमा मतभेद भएर सहभागी भयो त्यसमा उसले हार व्यहोरेको छ ।

कांग्रेस पार्टीभित्र घरझगडा हमेसा रहेको पाइन्छ । नेपालको प्रजातान्त्रिक शासन प्रणालीको इतिहासमा जनताले दिएको साथ र समर्थनलाई नेपाली कांग्रेसले सही सदुपयोग गर्न नसकेको कुरा सजिलै थाह पाउन सकिन्छ । वि.सं. २०१५ सालमा कांग्रेसलाई प्राप्त दुई तिहाई बहुमतको आरिसले जलेर निरङ्कुश शासक निरङ्कुशता लाद्ने दाउ कुरेर बसेकै थियो, भने कांग्रेसका तत्कालीन केही अन्तरघाती नेताहरुको साथ सहयोगले त उसलाई झन् थप बल पुऱ्यायो । जसको परिणाम वि.सं. २०१७ सालमा नेपालमा निरङ्कुशता भित्रियो । त्यसपछि लगातार ३० बर्षसम्म उसको रजाँई चल्यो । त्यसपछि वि.सं. २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पनःस्थापना र नेपाल अधिराजयको संविधान वि.सं. २०४७ को निर्माण तथा घोषणापछि वि.सं. २०४८ सालमा भएको प्रतिनिधि सभाको निर्वाचनमा नेपाली कांग्रेसको बहुमतको सरकार बन्यो । उसको आन्तरिक द्वन्दका कारणले पाँच बर्षका लागि गठित उक्त प्रतिनिधि सभा तीन बर्षमै वि.सं. २०५१ सालमा मध्यावधि निर्वाचनमा धकेलियो । अल्पमत र मिलीजुलि सरकारको खेलले देशको स्थिति झन अस्तव्यस्त भयो । त्यसपछि वि.सं. २०५६ सालमा भएको आम निर्वाचनमा नेपाली कांग्रेसको नेतृत्व एकमत भएर चुनावी मैदानमा उत्रिदा नेपाली कांग्रेसको फेरी बहुमतको सरकार बन्यो । त्यस समयमा पनि कांग्रेस आपसी घरझगडाले संसदभित्रै दुई चिरा भयो । त्यसको परिणाम स्वरुप नेपालमा फेरि वि.सं. २०१७ सालको प्रवृत्ति दोहोरियो । साथै राजनैतिक द्वन्द्वको सीमा पनि चरम उत्कर्षमा पुग्यो ।

नेपालमा एउटा गजबको प्रचलन कस्तो रहेको छ ? भने, जब जब देशमा सङ्कट आइपर्छ तब तब देशमा नेपाली कांग्रेसको नेतृत्वको आवश्यकता महशुस गरिन्छ र कांग्रेसले नेतृत्व गरेर देश र जनताले उक्त सङ्कटबाट पार पाएको इतिहास पनि साक्षी छ । चाहे त्यो वि.स. २००७ सालको जहानियाँ राणा शासन विरुद्धको लडाइ होस् या वि.सं. २०४६ सालको निरङ्कुश पञ्चायती शासन विरुद्धको जनआन्दोलन । चाहे वि.सं. २०६२/०६३ सालको जनआन्दोलन-२ होस् या नेपालमा जारी १२ बर्षे सशस्त्र द्वन्द्वको

व्यवस्थापनदेखि संविधानसभाको निर्वाचन सम्पन्न गरी उक्त सभाबाट संविधान जारी गर्ने सन्दर्भमा होस् । सोही संविधान अनुसार स्थानीय तह र प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने मामलामा भने कांग्रेसको नेतृत्व सफल भएको छ ।

यसरी राष्ट्रिय सङ्कट पार लगाउने नेपाली कांग्रेस आफ्नो आन्तरिक द्वन्द्वबाट पार पाउन यसलाई हम्य हम्य परेको छ । अब यसबाट पार पाउनु उसको लागि अनिवार्य शर्त जस्तै भएको छ । जसको लागि कांग्रेसी नेतृत्वको कार्यशैलीमा परिवर्तन हुनु अनिवार्य छ । कुनै अफिसको नेतृत्वले सि.सि.टि.भी.को मूख्य सर्भर सिस्टममा बसी अन्य कार्यकक्षका कार्यहरूको सि.सि.टि.भी.को फुटेज दृष्टिगोचर (Watch) गर्ने प्रणालीजस्तो गरेर पुग्दैन । अब स्वयं नेतृत्व जनताको घरदैलोमा पुग्नु जरुरी छ । राजनीति शहरको महलमा बसेर हैन दुर्गम बस्तीका झुपडीमा पुगेर उनीहरूसँगै रहेर गर्नुपर्छ, भन्ने वी.पी.काइरालाको सोच र देश विकासको लागि ग्रामीण विकास अनिवार्य शर्तको रुपमा राख्ने उनको दुरदर्शी राजनैतिक मान्यतालाई प्रमाणित गरेर देखाउने बेला आएको छ । अब यसो नगरेसम्म नेपाली कांग्रेस पार्टीलाई नेपालको शासन सत्ता सञ्चालन गर्ने अवसर नआउन पनि सक्छ । तसर्थ कांग्रेसले आफ्ना नेता तथा कार्यकर्ता चलायमानको गतिको रफ्तार् बढाउनु पर्ने भएको छ । कार्यकर्ताहरुलाई समय समयमा पार्टीको सैद्धान्तिक प्रशिक्षण दिएर पुनर्ताजगी गरेर विपक्षहरू नेता तथा कार्यकर्ताहरूसँग वैचारिक वहस गर्न सक्ने बनाउन जरुरी छ । जनतालाई पार्टीको आधारभूत सिद्धान्तको ज्ञान दिन सक्ने गरी कार्यकर्ताहरुको क्षमता अभिवृद्धि अनिवार्य गर्नु आवश्यक देखिन्छ ।

# अध्याय चार

## साम्यवाद र प्रजातान्त्रिक समाजवादबीच तुलना ॥॥
## (Comparison between Communism and Democratic Socialism)

### ४.१ विश्वव्यापी साम्यवादको सामान्य परिचय (General Introdution of Universal Communism)

साम्यवाद (Communism) शब्द को पहिलो प्रयोग र यसको मोडालिटी एथेन्सी दार्शनिक प्लेटोले तयार गरेका थिए। उनले 'आदर्श राज्य' नामको साम्यवादी शासन प्रणालीको नमुना बनाएका थिए । जसलाई आदिम साम्यवाद पनि भनिन्छ। प्लेटोले आफूले कल्पना गरेको साम्यवादको बारेमा आफैले भनेका छन् । न त यो व्यवस्था कहीं थियो न हुनसक्छ । यसरी उनी आफै पनि आदर्श राज्यको शासन व्यवस्थाबाट अचम्मित भएका छन् । प्लेटो देखि माओत्सेतुङ्गसम्मका साम्यवादी (Communist) दार्शनिक तथा विचारकहरुले साम्यवाद (Communism) का फरक फरक किसिका ढाँचाका नमुनाहरु पेश गरेका छन् ।

[२७]आधुनिक साम्यवाद को सैद्धान्तिक प्रवर्तक महान जर्मन दार्शनिक कार्ल मार्क्सलाई हुन् । उनले सन् १८४८ मा एङ्गेल्ससँग मिलेर संयुक्त रुपबाट 'साम्यवादी घोषणापत्र' (Communist Manifesto) प्रकाशित गरे । यो समाजवादी विचारधाराको विकास निकै प्रसिद्ध भयो। यसै समयदेखि वैज्ञानिक समाजवादको युगको सुरुवात भयो। यसमा उनीहरुले मुट्ठीभर संभ्रान्त वर्गले भूमि, पुँजी लगायत उत्पादनका सम्पूर्ण साधनमाथि कब्जा जमाइ राखेका हुन्छन् । संभ्रान्त वर्गले सारा श्रमिकहरूलाई उत्पादनका काममा लगाएर उनीहरूलाई उत्पादनको सानो अंश मात्र दिई बाँकी सबै आफै राख्छन् । फलस्वरुप संभ्रान्तवर्ग धनी हुदै जाने र श्रमिकवर्ग गरीब हुदै जाने निष्कर्ष उनले निकालेका छन् । श्रमिक वर्गलाई यस कुराको थाह नै हुदैन । एउटै राज्यका नागरिक कोही धनी कोही गरीब हुनुमा यही असमान वितरण प्रणाली

हो । यो असमान वितरण प्रणालीको अन्त गर्नका लागि सबै श्रमिकहरू एकजुट हुनुपर्ने उनको धारणा छ । "साम्यवादीहरुले आफ्नो दृष्टिकोण तथा उद्देश्य छिपाउनु घृणा हो । उनको स्पष्ट घोषणाअनुसार विद्यमान असमान सम्पूर्ण सामाजिक व्यवस्थालाई बलपूर्वक उखेलेर नै श्रमिकहरुको उद्देश्य पुरा हुनसक्दछ । सर्वहारा अर्थात श्रमिक वर्गहरुसँग दासताको डङ्गुर छ तर खानका लागि केही पनि छैन । विजयका प्राप्त गर्नका लागि उनीहरुसँग संसार नै छ । सबै देशका श्रमिकहरु एक होऊ ।" यसका लागि उनले सन् १८४७ मा श्रमिकहरुको पहिलो काङ्ग्रेसको स्थापना गरे । उनले जसको नाम कम्युनिष्ट लिग (Communist League) राखे । सन् १८६४ मा उनले लन्डनमा अन्तराष्ट्रिय श्रमिक संगठनको गठन गरे । यो नै साम्यवादी इतिहासमा प्रथम अन्तराष्ट्रिय सङ्गठन थियो ।[२७]

## ४.२ कार्ल मार्क्सका प्रमुख सिद्धान्तहरु (Main Theories of Karl Marx)

४.२.१ द्वन्द्वात्मक भौतिकवाद (Dialectical Materialism)

४.२.२ अतिरिक्त मूल्यको सिद्धान्त (Theory of Surplus Value)

४.२.३ वर्ग संघर्ष (Class Struggle)

**४.२.१ द्वन्द्वात्मक भौतिकवाद (Dialectical Materialism) :-** द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त मार्क्सको सम्पूर्ण चिन्तनको मूल आधार हो । मार्क्सले द्वन्द्वको विचार हिगेल (Hegel) बाट र भौतिकवादको विचार फायर्‌वाक (Feurbach) बाट लिएका थिए । हिगेलको द्वन्द्ववादी सिद्धान्तअनुसार कुनै पनि विचारमा वादको उत्पत्ति हुन्छ । त्यसको प्रतिवाद (निषेध) गरिन्छ । वाद र प्रतिवादको संयोजनबाट त्यसको मिलनविन्दु (निष्कर्ष) संवादमा गएर टुङ्गिन्छ ।

[२७] स्रोतः राजनीतिक विचारधारा र वादहरु डा. बुद्धिप्रसाद भण्डारी लिखित तेश्रो संस्करण २०७१ मा प्रकाशित पुस्तकको पेज नं .२०५ मा उल्लिखित

यसरी वाद, प्रतिवाद र संवादको सिद्धान्तबाट संसार सञ्चालित छ, भन्ने उनको मत रहेको छ । उनी वाद, प्रतिवाद र संवादलाई मानव अन्तर आत्माको उपज मान्दछन् । मार्क्स, भने वाद, प्रतिवाद र संवादलाई स्वीकार त गर्छन । तर यो सबै आत्माको उपज हो भन्ने कुरामा मार्क्सको मत भिन्नता रहेको छ । उनी भन्दछन, संसार काल्पनिक भन्दा पनि यर्थाथ वस्तुबाट सञ्चालित छ । कुनै कल्पना गरिन्छ त वस्तुलाई देखेर गरिन्छ । त्यसको रुप, गुण, अवस्था (ठोस, तरल, ग्याँस) अनुसार गरिन्छ । संसारमा जे जति नयाँ वस्तुको उत्पत्ति हुन्छ । यिनै वस्तुहरुको आपसी टक्रावबाट हुन्छ । अर्थात् कुनै तेश्रो वस्तुको निर्माण संसारमा यिनै विद्यमान वस्तुहरुको आपसी संयोजन तथा विच्छेदनबाट हुन्छ भन्ने मार्क्सको मत रहेको छ । उनी आत्माभन्दा पनि भौतिक वस्तुलाई प्रमुख मान्दछन् । भौतिक वस्तुले विचारको सिर्जना गर्नसक्छ । संसारमा अदृश्य वस्तुको कल्पना असम्भव छ, भन्ने मार्क्सको मत रहेको छ । यसरी उनले दुईवटा वस्तुको आपसी द्वन्द्वबाट अर्को नयाँ वस्तुको निर्माण हुन्छ भनी द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तको प्रतिपादन गरे ।

### [२८] ४.२.२ अतिरिक्त मूल्यको सिद्धान्त (Theory of Surplus Value) :-

अतिरिक्त मूल्यको सिद्धान्त मार्क्सको आर्थिक अवधारणाहरुको मूल आधार हो । यसले पुँजीवादी व्यवस्थामा पुँजीवादीहरुद्वारा गरिने श्रम शोषणलाई प्रष्ट पार्दछ । मार्क्सद्वारा प्रतिपादित यो सिद्धान्त श्रमको मूल्य सिद्धान्त (Labour Theory of Value) मा आधारित छ । उनका अनुसार प्रत्येक वस्तुका दुई प्रकारका मूल्य हुन्छन् । एक उपयोग मूल्य र अर्को विनिमय मूल्य । वस्तुको उपयोगको मूल्य भन्दा विनिमयको मूल्यको उच्च स्थान रहेको हुन्छ । प्रत्येक वस्तुको वास्तविक मूल्य त्यो श्रम हो । जसलाई मानव उपयोगी बनाउने उद्देश्यले खर्च गरिएको हुन्छ । मार्क्स, कुनै वस्तुमा खर्च गरिएको सामाजिक दृष्टिले उपयोगी श्रमलाई नै त्यसको वास्तविक मूल्यको निर्धारक तत्व मान्दछन् । वस्तुको विनिमय मूल्यलाई निर्धारण गर्ने काम श्रमिकद्वारा गरिन्छ

। यो श्रम, पुँजी, भूमि र प्रविधिसँग मिलेर गरियो भने बढी उत्पादनशील हुन्छ । पुँजीवादी व्यवस्थामा उत्पादनका अन्य साधनहरु श्रमिकका हातमा नभएर पुँजीपतिहरुका अधिनमा हुन्छन् । यी साधनहरुमाथि पुँजीपतिहरुको स्वामित्व हुने हुँदा श्रमिकले पाउने पुरा पारिश्रमिक पाउन सक्दैनन् । पुँजीपतिहरुले आफूलाई हुने फाइदालाई ध्यानमा राखेर श्रमिकलाई जीवित रहन आवश्यक पर्ने पारिश्रमिक मात्र दिन्छन् । उसको परिश्रमबाट उत्पन्न लाभको ठूलो अंश पुँजीपतिहरुले आफूसँग राख्छन् । यसलाई नै उनले अतिरिक्त मूल्य भनेका छन् । फलस्वरुप पुँजीवादी व्यवस्थामा श्रमिकहरु पुँजीपतिहरुका शोषणका सिकार बन्दछन् ।

यसलाई निम्नलिखित उदाहरणद्वारा प्रष्ट पार्न सकिन्छ । एक मिलमा एक श्रमिकले धोती निर्माण गर्छ । त्यसको पारिश्रमिक स्वरुप उसले ८० रुपैया प्राप्त गर्छ । धोती निर्माणमा त्यति नै रुपैयाको कच्चा पदार्थ लाग्दछ । यसरी धोतीको मूल्य १६० रुपैया हुनजान्छ । पुँजीपति ले त्यो धोतीलाई बजारमा २०० रुपैयामा बेच्दछ । त्यो धोतीको लागत मूल्यभन्दा ४० रुपैया बढी हो । यो ४० रुपैया नै अतिरिक्त मूल्य हो । जसका हकदार श्रमिक पनि हुन्छन् । तर त्यो ४० रुपैया पुँजीपतिहरुले श्रमिकलाई नदिएर आफै लिने हुँदा यसलाई उनी खुला लुट भन्दछन् । मार्क्सका अनुसार त्यसको उन्मुलनका लागि सार्वजनिक स्वमित्व भएको सामाजिक व्यवस्थाको प्रतिपादन गरेका छन् । जसमा व्यक्तिगत पुँजीको स्थान सामूहिक पुँजीले लिन्छ । परिणामस्वरुप त्यसमा कुनै पुँजीपति र श्रमिक हुदैनन् बरु सबै सहकारी उत्पादक हुन्छन् ।[२८]

[२८] स्रोतः राजनीतिक विचारधारा र वादहरु डा. बुद्धिप्रसाद भण्डारी लिखित तेश्रो संस्करण २०७१ मा प्रकाशित पुस्तकको पेज नं.२१२ र २१३ मा उल्लिखित

**४.२.३ वर्ग संघर्ष (Class Struggle) :-** मार्क्स, वर्ग संघर्षलाई सामाजिक परिवर्तनको प्रमुख औजार मान्दछन् । विश्वमा आदिकालदेखि आजसम्म जे जति परिवर्तन भएका छन् ती सबै वर्ग संघर्षको प्रतिफल मान्दछन् । उनका अनुसार समाजमा विद्यमान दुई परस्पर विरोधी हित भएका वर्गहरु कायम रहन्छन । यिनीहरुमध्ये एक साधनसम्पन्न सत्ता प्राप्त तथा अर्को साधनविहीन श्रम विक्रि गरेर जीवन निर्वाह गर्ने वर्ग हुन्छ । पुँजीपति वर्गले देशको सत्ता, भूमि, पुंजी लगायतका उत्पादनका साधनहरुमाथि कब्जा जमाएका हुन्छन् ।

अतिरिक्त मूल्यको सिद्धान्त अनुसारको विनिमय मूल्यको लाभांस पनि पुँजीपति वर्गको पोल्टामै जाने भएकाले उनीहरु धनी हुदै जान्छन् भने श्रमिक वर्ग लाई जीवन निर्वाह गर्न पनि मुस्किल पर्छ । अन्तमा श्रमिक वर्गहरु आपसमा एकजुट भई पुँजीपति वर्गको विरुद्धमा संघर्ष नगरी उनीहरुको जीवनमा परिवर्तन आउदैन भन्ने निष्कर्ष कार्ल मार्क्सको रहेको छ । वर्ग संघर्षद्वारा सर्वहारा वर्गको अधिनायकत्व कायम गर्न सकिन्छ । त्यसका लागि सबै श्रमिक वर्ग एकजुट हुनुपर्छ भन्ने सिद्धान्त उनले प्रस्तुत गरेका छन् । सर्वहारा वर्गको अधिनायकत्व कायम गर्न समपूर्ण मजदुर सङ्गठित भइ संघर्ष गर्नुपर्छ भन्ने कार्ल मार्क्सको सिद्धान्तलाई अर्का साम्यवादी नेता भि.आइ.लेनिनले रुसमा लागू गरे । उनले रुसी जारशाह ले गरेको अत्याचार विरुद्ध रुसी मजदुरलाई एकजुट गरी आन्दोलन गरेर रुसमा साम्यवादी शासन लागु गरे ।

यसै सिद्धान्तको आधारमा मन्चु वंशको तानाशाही शासन विरुद्ध माओत्सेतुङ्ले चीनमा क्रान्ति शुरु गरे । उनले श्रमिक एकताका साथै चीनमा शसस्त्र र सांस्कृतिक क्रान्ति गरी चीनमा साम्यवादी शासन सत्ता स्थापना गरे । माओत्से तुङ्ले क्रान्तिको लागि सर्वहारा वर्गको एकताका साथ साथै शसस्त्र र साँस्कृतिक क्रान्ति पनि गर्नुपर्छ भनेर क्रान्तिको नयाँ सुत्रधार गरे ।

यसरी कार्ल मार्क्सले प्रतिपादन गरेको सैद्धान्तिक जगमा उभिएर विश्वका कैंयन देशहरुमा साम्यवादी शासन लागु भएका छन् । जस्तो रुस, चीन, उत्तर कोरिया, क्यूवा आदि । यसरी साम्यवादी शासन प्रणाली भएका देशहरुमा निरङ्कुशता पनि रहेको हुन्छ ।

## ४.३ नेपालमा मदन भण्डारीद्वारा स्थापित नयाँ कम्युनिष्ट विचारधाराको सामान्य जानकारी

**(General Knowledge of New Established Values of Communist Thought in Nepal By Madan Bhandari )**

नेपालमा पनि जहाँनिया राणा शासनको विरुद्धमा आन्दोलन गर्न तत्कालिन क्रान्तिकारी नेपाली युवाहरुले [२९]सन १९४९ सेप्टेम्बर १५ (२००६ भदौ ३० गते) मा नरबहादुर कर्मचार्य, निरन्जन गोविन्द वैद्य, नारायणविलास जोशी, मोतीदेवी श्रेष्ठ र पुष्पलाल श्रेष्ठ समेत पाँचजना भएर नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरेका थिए । **पार्टी स्थापनाको मिति कुन हो भनेर नेपाल कम्युनिष्ट आन्दोलनमा भयो । यद्यपि नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले सन् १९४९ अप्रिल २२ लाई पार्टीको स्थापना दिवस मानेको छ । यसका अलवा पार्टीको स्थापना कालमा संस्थापकहरु को-को थिए वा थिएनन् ? यो पनि विवादकै विषय रहिआएको छ ।**[२९]

वि.सं. २००६ सालमा भारतको कलकत्तामा स्थापना भएको कम्युनिष्ट पार्टीको उद्देश्य नेपालमा जहाँनिया राणा शासनको अन्त्य गरी जनताको शासन कायम गर्नु थियो । पार्टीले तय गरेको उद्देश्यअनुसार निङ्कुश राणाशाहीका विरुद्धमा आन्दोलनको शुरुवात गरे । कम्युनिष्ट पार्टीको स्थापना भएको केही बर्ष पहिले वि.सं. २००३ सालमा भारतको कलकत्तामै नेपाली राष्ट्रिय कांग्रेस र २००५ सालमा नेपाल प्रजातन्त्र कांग्रेस स्थापना भएको थियो । यी दुई कांग्रेस २००६ सालमा एकीकरण भएर नेपाली कांग्रेस

[२९] स्रोत: भरतमोहन अधिकारीद्वारा लिखित दाश्रो संस्करण २०७१ सालमा प्रकाशित मेरो जीवन यात्रा केही सम्भनाहरु पुस्तकको पेज नं.३० को तेश्रो अनुच्छेदको शुरुका ६ लाइनमा उल्लिखित

नामाकरण गरियो ।जसको उद्देश्य पनि नेपालमा रहेको निरङ्कुश जहाँनिया राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्नु थियो । पार्टीका सिद्धान्त जेसुकै भएपनि कांग्रेस, कम्युनिष्टको तत्कालीन समयमा राणा शासनको अन्त गर्ने सवालमा एकमत भई आन्दोलन गरेर राणा शासनको अन्त गरे । त्यसपछि कम्युनिष्ट पार्टीका नेताहरुमा वैचारिक मतभेदका कारण कम्युनिष्ट पार्टी नेपालको राजनीतिमा त्यति फस्टाएको देखिदैंन ।

वि.सं.२०१७ साल पछि राजा महेन्द्रले स्थापना गरेको पञ्चायती शासनको विरुद्धमा फेरि कांग्रेस र वामपन्थी शक्तिहरु मिलेर वि.सं.२०४६ सालमा जनआन्दोलन गरी प्रजातन्त्रको पुनःस्थापना गरे । प्रजातन्त्रको पुनःस्थापनाको लगत्तै बनेको अन्तरिम सरकारमा वामपन्थी शक्तिहरू पनि सामेल भएका थिए । वि.सं. २०४७ सालको संविधान निर्माण आयोगमा पनि उनीहरुको उपस्थिति थियो । वि.सं. २०४७ सालको संविधान घोषणापछि वामपन्थी नेता मदन कुमार भण्डारीले फरक मतसहित आलोचनात्मक समर्थन गरे । वि.सं. २०४८ सालको निर्वाचन हुनुपूर्व २०४७ असार ७ गते मनमोहन अधिकारीको नेतृत्वमा रहेको नेकपा मार्क्सवादी र मदन भण्डारीको नेतृत्वमा रहेको नेकपा (माले) को एकीकरण गरी [३०]२०४७ साल पुष ११ गते 'नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) घोषणा गरियो ।[३०] जसमा पार्टीको अध्यक्षमा मनमोहन अधिकारी र महासचिवमा मदन कुमार भण्डारी छानिए । त्यसपछि नेकपा (एमाले) पार्टीका तत्कालीन महासचिव मदन भण्डारीले पार्टीको कार्यदिशा राजनैतिक दस्तावेज तयार गरी पार्टीको विभिन्न कार्यसमितिहरुमा छलफल गरी पारित गराए । सोही कार्यदिशा २०४९ सालको पाँचौं महाधिवेशनमा छलफल गरी पारित भयो । जसको नाम **'जनताको बहुदलिय जनवाद'** हो ।

[३०] स्रोतः भरतमोहन अधिकारीद्वारा लिखित दाश्रो संस्करण २०७१ सालमा प्रकाशित मेरो जीवन यात्रा केही सम्झनाहरु पुस्तकको पेज नं.१६९ को पहिलो अनुच्छेदको अन्तिम ३ लाइनमा उल्लिखित

## [३१]४.३.१ जनताको बहुदलीय जनवादका थप १४ विशेषताहरु

१.संविधानको सर्वोच्चता, २.बहुलवादी खुल्ला समाज, ३.शक्ति पृथकीकरणको सिद्धान्त, ४.मानव अधिकारको रक्षा, ५.बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली, ६.आवधिक निर्वाचन, ७.बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष, ८. कानूनी शासन, ९.जनताको जनवादी व्यवस्थाको सुदृढीकरण, १०.राष्ट्रिय हितमा विदेशी पूँजी र प्रविधिको उपयोग, ११. क्षतिपूर्तिको सिद्धान्त, १२. राष्ट्रिय हितमा आधारित विदेश नीति, १३. नेतृत्व र अधिनायकत्वको नयाँ अवधारणा र १४.जनताको बहुदलीय जनवादको नामाकरण ।

माथि उल्लेखित जनताको बहुदलीय जनवादका १४ थप विशेषताहरुको सामान्य चर्चा गरौं । जसले नेपालको कम्युनिष्ट आन्दोलनलाई नेपालको राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधिनता, सार्वभौमसत्ता, विधिको शासन र लोकतान्त्रिकरणसँग एकाकार गरेर समृद्ध देश सुखी जनताको महान लक्ष्य प्राप्तिमा अघि बढ्न मार्गदर्शन र प्रेरणा प्रदान गर्दै त्यसको विकासमा महत्त्वपूर्ण योगदान गरिरहेको छ ।

### १. संविधानको सर्वोच्चता

“संविधान देशको मूल कानून हो र देशका सम्पूर्ण राजनीतिक, आर्थिक क्रियाकलापहरु र वर्गहरुको भूमिका तथा अन्तरसम्बन्धको व्याख्या गर्ने दस्तावेज हो । हरेक वर्ग, व्यक्ति, संस्था वा पार्टी संविधानभन्दा माथि रहन सक्दैन, सबैको निम्ति संविधान अनुल्लंघनीय हुनु पर्छ ।” (नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद पृ.२४) भन्ने मान्यता सामेल गर्दै जनताको बहुदलीय जनवादले जनताको निश्चित अधिकार र कर्तव्यको परिभाषा गर्ने दस्तावेज भएको हुनाले हरकोहीले संविधानको पालना गर्नु पर्दछ भन्ने मान्यता स्थापित गरेको छ ।

## २.बहुलवादी खुल्ला समाज

व्यक्तिले आफ्नो उन्नति र प्रगतिका लागि विचारको अभिव्यक्ति अनिवार्य हुन्छ । त्यसैले हरेक मान्छेलाई देश, जनता, राष्ट्रका निम्ति सोच्ने र चासो राख्ने, बोल्ने र आफ्ना अनुभूतिहरु अभिव्यक्त गर्ने स्वतन्त्रता हुनु पर्दछ ।

कानूनको अधिनमा रहेर सरकार, पार्टी, सामाजिक संस्था, नेता आदिका बारेमा आफ्नो धारणा राख्न पाउने गरी जनताको बहुदलीय जनवादले बहुलवादी खुल्ला समाजको परिकल्पना गरेको छ । "मुलुकको संविधान र नियम कानूनको आधारमा प्रेस र पर्यटनको स्वतन्त्रता हुनु पर्दछ । बाहिरी दुनियाबाट अलगथलग, बन्द र एकोहोरो समाज हुनु हुदैन । कम्युनिष्ट पार्टीले शासन चलाएका कतिपय देशमा बहुलवाद र खुल्लापन रहेन र त्यसको परिणाम पनि राम्रो भएन हामी बहुलवाद र खुल्ला समाजको पक्षमा छौं ।"(ऐ.ऐ.पृ.२५) यसरी जबजले बहुदवादी खुल्ला समाजलाई स्वीकार गरेको मात्र होइन स्थापित गरेको छ ।

## ३. शक्ति पृथकीकरणको सिद्धान्त

राज्य सञ्चालनका क्रममा शक्ति एउटै निकाय वा व्यक्तिको हातमा केन्द्रीत भयो भने तानाशाहीकरणको सम्भावना बढ्छ । त्यस कारण राज्य सञ्चालनका शक्तिहरु "व्यक्तिको हातमा मात्र होइन कुनै एउटा संस्थाको हातमा पनि अति केन्द्रिकरण हुनु हुदैन । एउटै संस्था कार्यकारी, विधायी र न्यायीक अधिकार प्रयोग गर्ने केन्द्रिय शक्ति हुनुहुदैन । राज्यका विभिन्न अधिकारहरुलाई प्रयोग गर्ने केन्द्रमा पृथक निकायहरु हुनु पर्दछ । अझ राज्यका अधिकार शासक पार्टीले प्रयोग गर्ने र राज्य र पार्टीबीचको भिन्नता समाप्त पार्ने काम हुनुहुदैन ।"(ऐ.ऐ.पृ.२५) यी अधिकारहरु प्रयोग गर्न केन्द्रमा स्वतन्त्र संवैधानिक निकाय हुनु पर्दछ । जबजले पनि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गरी राज्य शक्तिको प्रयोग गर्ने सिद्धान्तलाई आफ्नो कार्यक्रममा समावेश तथा स्थापित गरेको छ ।

## ४. मानव अधिकारको रक्षा

जब नेपालमा कम्युनिष्ट पार्टीले नेपाली मौलिकताको रुपमा कम्युनिष्ट आन्दोलनलाई परिभाषित गर्दै थियो । त्यो वेलामा विश्वका पूजीवादीहरुले कम्युनिष्टहरु मानव अधिकारका विरोधी हुन भनेर प्रचार गरिरहेका थिए । त्यसै गरी कतिपय कम्युनिष्टहरु मानव अधिकार हाम्रो कार्यक्षेत्र होइन भन्ने पनि ठान्दथ्ये । तर नेपालमा नेपाली कम्युनिष्टहरुले आफूहरु लडिरहेको लडाइ मानव अधिकारको लडाइ भएको विचार अघि सारे । साँचो अर्थमा कम्युनिष्टहरु नै मानव अधिकारको सबैभन्दा दृढ योद्धा हुन भन्ने मान्यता राख्दै मानव अधिकारको रक्षालाई कार्यक्रमको महत्वपूर्ण पाटोको रुपमा जबजको कार्यक्रममा स्थापित गरिएको छ ।

## ५.बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली

“संविधानको परिभाषाभित्र राज्य र त्यसका राजकीय निकायहरू सम्पूर्ण जनताको चासो र सरोकारका विषय हुन् । अनेक वर्गहरुको उपस्थिति रहेको समाजमा वर्गीय विधिता रहन्छ । पेशागत विविधता रहन्छ । यस्तो समाजमा राजनीतिक विचारहरुमा पनि विविधता रहन्छ नै । अर्कोतिर कम्युनिष्ट पार्टी सर्वहारा श्रमजिवी वर्गको पार्टी हो तर सम्पूर्ण वर्गको पार्टी हुन सक्दैन ।” (ऐ.ऐ.पृ.२६) यो यथार्थता र यस्तो समाजमा राज्यको बल प्रयोग गरेर एउटा मात्र पार्टीको एकाधिकार कायम गर्न खोज्नु अत्यन्त गैर जनवादी कुरा हो । राजनीतिमा जनताको निर्णायक भूमिका स्थापित गर्नका लागि बहुदलीय प्रतिष्पर्धाको प्रणाली चाहिन्छ । बहुदलीय प्रतिस्पर्धाको प्रणाली संगठित रुपमा विचार, कार्यक्रम र नीतिहरुको आधारमापार्टीहरुबीच प्रतिस्पर्धा गर्न पाउने र जनताको निर्णय सर्वोपरि हुने प्रणाली हो । त्यस कारण जबजले यो प्रणालीलाई महत्वपूर्ण विषयका रुपमा समावेश गरेको छ ।

## ६ आवधिक निर्वाचन

बदलिदो समय क्रममा बदलिदै जाने वा सिर्जना हुदै जाने विचार, कार्यक्रम र नीतिहरुका आधारमा आवधिक रुपमा निर्वाचन अनिवार्य छ भन्ने मान्यतालाई जबजले स्थापना गरेको छ । जनताले दिएको राजनीतिक निर्णयलाई आवधिक रुपमा नवीकरण गरेर राज्य सञ्चालनमा नवीनता सिर्जना गर्नु पर्छ भन्ने मान्यतालाई आत्मसात गरेर जबजले आवधिक निर्वाचनको धारणालाई स्वीकार गरको हो । एउटै नीति, विचार र कार्यक्रमका बीच हुने निर्वाचनले जनताको राजनीतिक निर्णय दिने अधिकारलाई कुण्ठित गर्दै जाने विषयलाई जबजले विस्थापन गरेको छ ।

## ७. बहुमतको सरकार, अल्पमतको प्रतिपक्ष

समय-समयमा जनताले नीति, विचार र कार्यक्रमका आधारमा दिएको जनमत बमोजिम बहुमत प्राप्त गर्ने पार्टीले सरकार सञ्चालन गर्ने र अल्पमतमा रहेको पार्टीले सरकारको विपक्षमा वैधानिक रुपमा काम गर्न पाउने प्रणालीलाई आत्मसात गरेर जबजले प्रजातान्त्रिक प्रणालीलाई स्थापित गरेको छ । हरेक नागरिकले सरकारका गलत कामकाजहरुप्रति आलोचनात्मक दृष्टिकोण राख्ने र गलत क्रियाकलापहरुको विरोध गर्ने संवैधानिक व्यवस्थाको पक्षधरका रुपमा यस कार्यक्रम मार्फत् आफूलाई उभ्याएको छ ।

## ८.कानूनी शासन

जनताको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, मौलिक अधिकार, मानव अधिकार र नागरिक अधिकारहरुको रक्षाको निम्ति कानूनको शासन अपरिहार्य हुन्छ भन्ने दृढ मान्यतालाई जनताको बहुदलीय जनवादले महत्त्व दिएको छ । शासन विधिले चल्नु पर्दछ भन्ने मूल मक्शद जनताको बहुदलीय जनवादले अघि सारेको छ ।

## ९.जनताको जनवादी व्यवस्थाको सुदृढीकरण

नेपाली कम्युनिष्टहरु सैद्धान्तिक आग्रह वा पूर्वाग्रहबाट प्रेरित भएर भौतिक परिस्थितिको तयारी विना समाजवादमा पुग्ने हतारोले कुनै पनि अनुचित जोरजवर्जस्ती गर्ने कुराको विपक्षमा रहेको यथार्थता जनताको बहुदलीय जनवादले दर्शाएको छ । नयाँ व्यवस्थालाई सुदृढ गर्नका लागि “पहिलो- पूराना व्यवस्थाको शोषण उत्पीडनका अवशेषहरु सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रीत भएर लाग्ने अवधि, दोश्रो- नयाँ उत्पादन सम्बन्धको आधारमा समाजका सबै क्षेत्रमा भौतिक र सांस्कृतिक दुवै हिसावले विकास गर्ने कुरामा केन्द्रीत भएर लाग्ने अवधि र तेश्रो- समाजवादमा संक्रमणको निम्ति केन्द्रीत भएर भौतिक तथा सांस्कृतिक तयारी गर्ने अवधि” (ऐ.ऐ.पृ.२८) चाहिन्छ। यी ठोस कुराहरु सम्पादन गर्न स्वभाविक रुपमा अपेक्षाकृत लामो समय लाग्छ नै । यो कुरा नेपाली कम्युनिष्टहरुले पहिचान गर्न सकेका कारण कतिपय देशहरुले समाजवादमा पुग्नकालागि गरेको हतारो नेपाली कम्युनिष्टहरुले नगर्ने वा नयाँ व्यवस्था र समाजको जग कमजोर छदै एउटा खुट्टा बलियोसँग नटेकी अर्को खट्टा उचाल्ने पक्षमा नरहेको प्रतिवद्धता जनताको बहुदलीय जनवादले व्यक्त गरेको छ ।

## १०.राष्ट्रिय हितमा विदेशी पूँजीको उपयोग

एकातिर हामी आफ्नै मात्र पूँजीले देश निर्माण गर्न सक्ने अवस्थामा छैनौं । अर्कोतिर साम्राज्यवादले औपनिवेशिक शोषणको स्वरुप परिवर्तन र विकसित गरिरहेको छ। अन्य विकसित पूँजीवादी देशहरुको वित्तिय सम्पत्ति जम्मा गरेर अन्तरराष्ट्रिय वित्तिय संस्थाहरु मार्फत् नवउपनिवेशी शोषण अघि बढाइरहेको छ। तर विश्वका अविकसित मात्र होइन विकासमान र विकसित देशहरु पनि वैदेशिक सहायता, ऋण र सम्पर्क विना काम गर्न नसक्ने अवस्थामा छन् । यस्तो अवस्थामा हामी पनि वैदेशिक पूँजी र प्रविधिको लगानी, संरक्षण र उपयोगको सवालमा नीतिगत रुपमा नै आफ्नो

कार्यक्रममा संविधान र ऐन कानूनको सीमाभित्र राष्ट्रियहित अनुकूल हुने गरी स्वीकार्ने विषय जबजले अंगिकार गरेको छ ।

## ११. क्षतिपूर्तिको सिद्धान्त

जबजले "सामन्ती शोषण, सामन्ती भूसम्पत्ति र सामन्तवादलाई समाप्त पार्ने क्रान्तिको एउटा उद्देश्य अन्तरगत नयाँ समाज निर्माण गर्नको निम्ति आम रुपमा सबैबाट सकारात्मक योगदानको अपेक्ष गर्दछ । त्यसको निम्ति सामन्ती भूस्वामीत्व समाप्त पार्ने, कानूनद्धारा नयाँ हदबन्दी निश्चित गर्ने, क्रान्तिकारी भूमिसुधार गर्ने क्रममा क्रान्तिको समर्थन गर्नेहरु, धनी र मध्यम किसानहरुको हद बढी जमिन र दोहोरो स्वामीत्वको अन्त्य गर्दा साना भूस्वामीहरुको जमीनको कानूनसम्मत यथोचित क्षतिपूर्ति दिने नीति अघि सारेका छौं । नयाँ समाज निर्माणमा सकारात्मक योगदान गर्न नचाहने र अझ त्यसको विरोध र ध्वंशमा लाग्ने सामन्ती जमीनदारहरु बाहेक अरुलाई क्षतिपूर्ति दिएर उद्योग, व्यापार, व्यावसायतर्फ स्थानान्तरित गराउन चाहन्छौं ।"(ऐ.ऐ.पृ.२९) योजना जनताको बहुदलयि जनवादले अंगिकार गरेर नयाँ समाज निर्माण गर्न सबैलाई सकारात्मक ढंगले योगदान पुऱ्याउन आह्वान गर्दै शान्तिपूर्ण ढंगले सामन्ती भूस्वामीत्व अन्त्य गर्ने धारणा अभिव्यक्त गरेको छ । प्रगतिशील अग्रगतिको विरोध गर्ने र सामन्तीहरु माथि वल प्रयोग गर्नुपर्ने अनिवार्यता र बल प्रयोग गरिएकाहरुको हकमा क्षतिपूर्ति नपाउने कुरा पनि जबजले स्पष्ट गरेको छ ।

## १२.राष्ट्रियहितमा आधारित विदेश नीति

विश्वका सबै जसो देशहरुमा मार्क्सवादी सिद्धान्तको मार्गदर्शनमा आफ्नो देशको ठोस स्थिति अनुरुप क्रान्ति वा समाज रुपान्तरण र निर्माणको निम्ति कम्युनिष्ट आन्दोलन जारी छन् । त्यसै गरी समाजवादी आन्दोलन पनि आ-आफ्नै देशको विशिष्ठताका आधारमा चलिरहेको छन् । आज विश्वमा एकिकृत कम्युनिष्ट आन्दोलन छैन । संसारभरका सबै कम्युनिष्टहरु

साम्राज्यवादको विरुद्धमा भिन्दाभिन्दै रुप र भिन्दाभिन्दै कोणबाट संघर्षरत भएपनि संघर्षमा एकरुपता छैन । संघर्ष गरिरहेको पक्ष मात्र एकरुपताको पक्ष हो । "यस्तो स्थितिमा समाजवादी देश र शासक कम्युनिष्ट पार्टीहरुले पूरानो हिसावले सामाजिक मुक्ति र राष्ट्रिय स्वाधिनताका आन्दोलनहरुलाई प्रत्यक्ष र खुल्ला सहयोग गर्न छाडेका छन् । सर्वहारा श्रमजिवी वर्गका राजनीतिक पार्टीहरुले पनि सर्वहारा अन्तरराष्ट्रियतावादको पूरानो सहयोग प्रणालीमा भिन्नता ल्याएका छन् । अहिले अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा कुनै उल्लेख्य समूह छैन । एकातिर प्रत्येक देशको क्रान्ति वा निर्माणको आन्दोलन अन्तरराष्ट्रिय सहयोग र समर्थन विना विकसित र बिजयी हुन सक्दैन भने अर्कोतिर सहयोगको पूरानो रुप र प्रणाली कायम छैन र तत्काल हुन पनि सक्दैन । यस्तो स्थितिमा हरेक देशमा क्रान्तिकारीहरुले आफ्नै प्रत्यक्ष पहलबाट अन्तरराष्ट्रिय समर्थन जुटाउनु पर्छ त्यस कारण हामीहरु सामान्य सैद्धान्तिक अवधारणाको आधारमा सैद्धान्तिक ढंगले आम खालको विरोध वा समर्थन वाहेक ठोस रुपमा आफ्नो देशको क्रान्ति र निर्माणको प्रत्यक्ष लाभ हानीको हिसावबाट मात्र विदेश सम्बन्ध सञ्चालन गर्न सक्छौं ।" (ऐ.ऐ.पृ.३०) नेपाल देश पञ्चशीलमा आधारित विदेश नीतिको पक्षधर देश मात्र होइन यस नीतिको संस्थापक देश हो । त्यस कारण नेपाल देशमा रहेका राजनीतिक पार्टीहरु पनि सोही नीतिको पक्षधर हुनु पर्छ नै । त्यस कारण नेपालको राष्ट्रिय स्वार्थले ओतप्रोत विदेश नीति राजनीतिक दलले अंगिकार गर्नु नै पर्दछ । जनताको बहदलीय जनवादले समानता र पारस्परिक लाभमा आधारित पञ्चशीलको सिद्धान्त अनुरुप मित्रतापूर्ण विदेश नीतिलाई आफ्नो कार्यक्रममा सामेल गरेको छ । त्यसैले नै विश्वका समाजवादी मुलुक र त्यहाँका कम्युनिष्ट पार्टीहरुले दिने सहयोग समर्थन पनि हाम्रो देशको संविधान, नियम, कानून र देशको राष्ट्रियहित अनुकूल मात्र स्वीकार गर्ने नीति अवलम्बन गरेको छ ।

## १३. नेतृत्व र अधिनायकत्वको नयाँ अवधारणा

"सामन्तवाद र साम्राज्यवादबाट सामाजिक मुक्ति र राष्ट्रिय स्वाधिनता

प्राप्त गर्ने आन्दोलनको मार्गदर्शक सिद्धान्त मार्क्सवाद लेनिनवाद हो । यस क्रान्तिको नेतृत्व पनि सर्वहारा श्रमजिवी वर्ग र उनीहरुले नेतृत्व गरेको पार्टीले गर्न सक्छ ।"(ऐ.ऐ.पृ.३०) त्यसै गरी "क्रान्तिपछिको निर्माणकालमा पनि पार्टीले पहलकदमी र प्रतिस्पर्धाबाट नै नेतृत्व हातमा लिनु पर्दछ। मार्क्सवाद लेनिनवादको मार्गदर्शनमा चल्ने सर्वहारा श्रमजिवी वर्गको राजनीतिक पार्टीको नेतृत्वमा मात्र जनताको जनवादी व्यवस्थाको सुदृढीकरण र समाजवादमा संक्रमणको काम सम्पन्न गर्न सकिने हुदा सर्वहारा श्रमजीवी वर्गको मार्क्सवादी लेनिनवादी पार्टीको नेतृत्व अनिवार्य हुन्छ। नेतृत्व संघर्ष, सेवा, प्रतिस्पर्धा र पहलकदमीबाट मात्र प्राप्त गर्न सकिन्छ ।"(ऐ.ऐ ३० र ३१) जनताको बहुदलीय जनवादी कार्यक्रमको नेतृत्व लिने गर्ने सम्बन्धी अवधारणा यो हो ।

त्यसै गरी "जनताको जनवादी अधिनायकत्व भनेको जनताको जनवादी राज्यसत्ता हो । यो राज्य सत्ताको एउटा मुख्य र निर्णायक कामलाई अभिव्यक्त गर्ने शव्द हो। मार्क्सवादी दृष्टिकोण अनुसार राज्य भनेको वर्गिय हुन्छ । राज्य एउटा वर्गले अर्को वर्गलाई नियन्त्रण गर्ने साधन हो । तर राज्यको काम नियन्त्रण र दमन गर्ने मात्र होइन आम जनताको नेतृत्व गर्दै कल्याणकारी काम पनि गर्नु पर्दछ ।"(ऐ.ऐ.पृ.३१) सर्वहारा श्रमजिवी जनताको राज्य सत्ताले जनवाद विरोधी प्रतिगामी तत्वहरुलाई मात्र नियन्त्रण गरे पनि आम जनतालाई जनवादी अधिकार प्रदान गर्दछ । त्यसकारण जनताको बहुदलीय जनवादी कार्यक्रममा "'अधिनायकत्व' शव्दको सट्टा आम रुपमा 'राज्यसत्ता' शव्दको प्रयोग गरेका छौं। यसको तात्पर्य पहिलो कुरा मुट्ठीभर प्रतिगामीहरुमाथि अधिनायकत्व भएको ९५ प्रतिशत जनताको निम्ति जनवाद दिने राज्यसत्ता भएको र दोश्रो राज्यसत्ताको काम केवल अधिनायकत्व मात्र नभएर जनता र राष्ट्रको निम्ति कल्याणकारी काम नै

प्रमुख भएको हुनाले पनि राज्यसत्ताको एउटा मात्र पक्षलाई अभिव्यक्त गर्ने 'अधिनायकत्व' शव्द भन्दा अर्थातजनताको जनवादी अधिनायकत्व' भन्नुभन्दा 'जनताको जनवादी राज्यसत्ता' भन्ने प्रयोग गरेका छौं ।"(ऐ.ऐ.पृ.३१) यसरी जनताको बहुदलीय जनवादी कार्यक्रममा नेतृत्व र अधिनायकत्वका विषयमा सुस्पष्ट रुपमा व्याख्या गरिएको छ । खासमा पूँजीवादीपन्थीहरुले अधिनायकत्वलाई नियमित आलोचनाको विषय बनाइ रहेका हुन्छन् अपितु यसको कुनै अर्थ छैन ।

## १४.जनताको बहुदलीय जनवाद

कमरेड मदन भण्डारीको अगुवाईमा कम्युनिष्ट पार्टीको क्रान्तिको कार्यक्रममा गरिएको यो सिर्जना र परिमार्जनका विषयहरुको प्रतिनिधित्व गर्ने मूल अभिव्यक्तिको हिसावले "बहुदलीयता" महत्वपूर्ण तत्व हो । त्यस माने र सन्दर्भमा उक्त क्रान्तिको कार्यक्रमलाई जनताको बहुदलीय जनवाद भनिएको हो ।

नेकपा (एमाले) ले नेपालको सन्दर्भमा प्रयोग गरेको मौलिक सिर्जना जनताको जनवाद नै हो । विश्वका अन्य कम्युनिष्ट मुलुकहरुमा बहुदलीय प्रतिस्पर्धा सामेल नरहेको सन्दर्भमा नेपालमा त्यसभन्दा भिन्न र स्पष्ट रुपमा बहुदलीय प्रतिस्पर्धा सामेल गरेर जनताबाट नीति, विचार र कार्यक्रमका आधारमा राजनीतिक पार्टी अनुमोदित हुने विषय सामेल गरिएको हो । यो विश्व कम्युनिष्ट आन्दोलनको नयाँ सिर्जना हो । यही कारणले कार्यक्रमको शीर्षकमा नै सारतत्व र थप विशेषता सहित समावेश गरेर "जनताको बहुदलीय जनवाद" भनिएको हो । विद्यमान राष्ट्रिय र अन्तरराष्ट्रिय स्थिति र आजसम्मका अनुभवहरुलाई विश्लेषण गर्दै आम राजनीतिक कार्यक्रमका आधारभूत तत्त्वहरुको साथमा माथि चर्चा गरिएका भिन्न कुराहरु पनि जनताको बहुदलीय जनवादले समेट्यो । जबज पार्टीको न्यूनतम् कार्यक्रम हो । पार्टीको अधिकतम् लक्ष्य त "सामन्तवाद र साम्राज्यवादको उन्मुलन, अर्धसामन्ती र अर्धउपनिवेशी उत्पादन सम्बन्ध समाप्त पारी जनवादी र

राष्ट्रिय सम्बन्ध कायम गर्ने तथा आम जनताको संयुक्त राज्यसत्ताको स्थापना"(ऐ.ऐ.पृ.३२) मार्फत वैज्ञानिक समाजवाद हुदै साम्यवादमा पुग्ने नै हो । यस अर्थमा गरिने क्रान्ति नयाँ जनवादी क्रान्ति नै हो र त्यसको महत्त्वपूर्ण तत्त्वको रुपमा रहेको जनताको बहुदलीय जनवाद पनि नयाँ जनवादी कार्यक्रम नै हो वा जनताको जनवाद नै हो । जसले क्रान्ति सम्पन्न गर्नको लागि बाटोको हिसावले वर्ग समन्वय र वर्ग सम्झौता नभई वर्ग संघर्ष नै मूल र आधारभूत कुरा हो भन्ने मान्यतालाई अंगिकार गरेको छ । नेकपाको स्थापना कालदेखि विदेशी साम्राज्यवाद र देशीय सामन्तवाद विरुद्ध राणा शासन, पञ्चायती व्यवस्था र शाही निरंकुशता विरुद्ध राजनीतिक अधिकार प्राप्तिका लागि संयुक्त संघर्षको कार्यदिशामा जोड दिदै त्यसको मान्यतामा अभ्यास गर्दै आयो । अर्कोतिर अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलनका अनुभवहरू विशेष गरी सोभियत मोडेलको समाजवादको असफलता र चिनियाँ कम्युनिष्ट आन्दोलनमा सांस्कृतिक क्रान्तिको नाममा भएका अतिवादी भुलहरुलाई यसले गहिरो शिक्षाको रुपमा ग्रहण गऱ्यो । विगतमा बुर्जुवा वर्गले आफ्नो वर्गको स्वार्थमा उपयोग गर्दै आएका अधिकांश विशेषता सहित थप विशेषताहरुलाई सर्वहारा, श्रमजीवी वर्गको हित र मुक्तिका लागि प्रयोग गर्न सकिने मान्यतालाई आत्मसात गऱ्यो । उपरोक्त विशेषताका कारणले नै जनताको बहुदलीय जनवाद कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको सिद्धान्तको रुपमा स्थापित भयो । यसले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधताले युक्त नेपाली समाजमा बहुलता र बहुलवाद सहित कम्युनिष्ट आन्दोलनलाई नेपाली सामाजिक जीवनको विशेषताका रुपमा एकाकार मात्र गरेन, नेपालको लोकतान्त्रिक आन्दोलनलाई फल्न र फुल्नका लागि पनि ठूलो राजनीतिक वातावरणको सिर्जना गऱ्यो । नेपालको आजको राजनीति यसैको जगमा उभिएको छ ।[३१]

[३१]स्रोतः नेकपा नेता बमबहादुर वि.सि.सँग मिति २०७७ साल असार २९ गते जबजको आधारभूत सैद्धान्तिक मान्यताहरूको जानकारी माग्दा निजले मिति २०७७ साल भदौ ६ गते Messenger बाट पठाएको लेख ।

साम्यवादी प्रणाली (Communist System) केवल मार्क्सवाद र लेनिनवादको हुबहु अनुसरण मात्र नगरी हरेक देशको भू-राजनीतिक अवस्था, जनजीवन, वातावरण र अन्य पक्षहरुलाई ध्यानमा राखेर आवश्यकता अनुसार र प्रजातान्त्रिक बाटोमा पनि हिड्नुपर्छ , भन्ने विचार तत्कालीन नेकपा एमालेका महासचिव जननेता मदन कुमार भण्डारीको रहेको छ । सामन्तवादी तथा पुँजीवादी व्यवस्थाबाट हठात् साम्यवादी व्यवस्था लागु गर्न गाह्रो पर्छ । भईहाले पनि टिकाउन मुस्किल पर्छ । यसरी अकस्मात् साम्यवादी व्यवस्थामा जानु त्यति सान्दर्भिक नहुन पनि सक्छ भन्ने उनको मत रहेको छ । स्थायी र टिकाउ साम्यवादी व्यवस्थाको लागि उनले क्रान्तिको फरक मार्गचित्र कोरेका छन् । जसमा आधारस्तम्भ मार्क्सवाद, लेनिनवादलाई नै मानी अथवा अन्तिम गन्तव्य लक्ष्य साम्यवाद तथा सर्वहारावर्गको अधिनायकत्वलाई नै राखी हरेक देशको भू-राजनीतिक अवस्था, जनजीवन, वातावरण र अन्य पक्षहरुलाई ध्यानमा राखेर, साम्यवाद केवल युद्ध, आन्दोलनद्वारा मात्र स्थपित गर्न सकिन्छ भन्ने विश्व कम्युनिष्ट दार्शनिकहरुको मान्यतामा एक नयाँ आयाम थपेका छन् । सामन्ती शासन सत्ताको अन्त गरी सशस्त्र क्रान्तिविना प्रजातान्त्रिक प्रणालीको मार्गबाट आवश्यकता अनुसार जनतालाई सामन्तवाद, पुँजीवाद र साम्यवादको यथार्थ जानकारी गराई उनीहरुको चेतनाको स्तरवृद्धि भएपछि जनता स्वयं साम्यवादको मार्गमा जाने वातावरण सिर्जना गर्न सकिन्छ भनेर नेता भण्डारीले मार्क्सवादी विचारधाराको नयाँ सुत्रधार गरे ।

[३२]सिद्धान्त र जीवनलाइ जोड्दै नेपालको सन्दर्भमा मार्क्सवादको सिजनात्मक प्रगोग गर्ने जननेता मदन भण्डारी तत्कालीन राजनीतिका शीर्षपुरुष थिए । नेपालमा नेपाली कम्युनिष्ट आन्दोलनलाई प्रजातान्त्रिक प्रवाहमा हिडाउने नेता भण्डारी आत्मविश्वासका धनी थिए । नेपाल कम्युनिष्ट पार्टी एमालेका तत्कालीन महासचिव मदन भण्डारीले अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलन गम्भीर संकटमा परेको बेला जनताको बहुदलीय जनवादको आधार निर्माण

गर्ने काम गरे । एक दलीय तानाशाही अथवा कम्युनिष्ट पार्टीको बलात् नेतृत्वमा सत्ता सञ्चालन गर्ने चेतनामा हुर्किएको कम्युनिष्ट आन्दोलनमा उनले अघि सारेको प्रतिस्पर्धाको सिद्धान्त नेपालका लागि नौलो प्रयोग थियो । अर्को शब्दमा जनताको बहुदलीय जनवाद मार्क्सवादको नेपाली संस्करण थियो । त्यसैले हुनसक्छ अन्तराष्ट्रिय जगतमा स्थापित पत्रिका 'News Week' ले छापेको मदन भण्डारीको अन्तर्वार्ताको शिर्षकमा लेख्यो 'In Nepal Karl Marx Lives' अर्थात् नेपालमा कार्ल मार्क्स जीवित छन् । त्यसले विश्व राजनीतिमा एउटा नयाँ तरङ्ग ल्याएको थियो । नेपालको कम्युनिष्ट आन्दोलन जड्ताबाट मुक्ति पाउन छट्पटाई रहेको बेला नेपाली राजनीतिका जननेता मदन भण्डारीले मुलुकको कम्युनिष्ट आन्दोलनलाई प्रजातान्त्रिकीकरण गर्ने काममा मुख्य नेताको भूमिका निर्वाह गरे । जनताको बहुदलीय जनवादबारे शीर्षकको सानो पुस्तिकाबाट आरम्भ भएको प्रजातान्त्रिकरण यो अभियान नेपाल कम्युनिष्ट पार्टी माले र नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादीको एकीकरणको आधारस्तम्भ बन्यो भने २०४९ सालमा नेपाल कम्युनिष्ट पार्टी एमालेले आयोजना गरेको नेपाल कम्युनिष्ट पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशनमा जनताको बहुदलीय जनवाद नेपाली कम्युष्टि आन्दोलनको कार्यक्रमका रुपमा प्रस्तावित भयो । जनताको बहुदलीय जनवाद, नेपाली कम्युनिष्ट आन्दोलनको प्रवाहमा नयाँ मूल थियो । दशकौं देखि जड्ताको शिकार बनेको नेपाली कम्युनिष्ट आन्दोलनमा जनताको बहुदलीय जनवादले प्राण सन्चार गऱ्यो । यद्यपि जड् मान्यताबाट ग्रस्त व्यक्ति र समूह हरुले जनताको बहुदलीय जनवादलाई दक्षिणपन्थी विसर्जनवादी संशोधनवाद भनेर ज्यानसक्दो विरोध पनि गरे । तर बितेको पन्ध्र वर्षको अनुभवले जनताको बहुदलीय जनवादको सार्थकता झनै पुष्टि गऱ्यो । २०६४ साल चैत्र २८ गते सम्पन्न संविभानसभाको निर्वाचनमा नेपालका कम्युनिष्ट र वामपन्थीहरुले प्राप्त गरेको ६२ प्रतिशत जनमत जनताको बहुदलीय जनवादले अघि सारेको कम्युनिष्ट पार्टीको प्रजातान्त्रिकीकरण र प्रतिस्पर्धाको राजनीतिको सफल प्रयोग बन्न पुग्यो ।[३२]

[३२] स्रोतः You Tube मा Upload गरिएको जननेता मदन भण्डारीको सम्झनामा तयार पारिएको वृत्तचित्रको Audio Rcorded Video को उद्घोषणमा उल्लिखित

## ४.४. साम्यवाद र प्रजातान्त्रिक समाजवादबीच तुलना ॥
**(Comparison between Communism and Democratic Socialism)**

प्रजातान्त्रिक समाजवाद र साम्यवादको बारेमा माथि उल्लेख गरिसकिकेको छ । अब यिनीहरुको बारेमा सामान्य तुलना गरिन्छ । साम्यवादी शासन प्रणालीको मुख्य लक्ष्य जनतालाई आधारभूत आवश्यकताको परिपूर्ति गर्नुको साथै उनीहरुको कार्य विभाजन गरिएको हुन्छ । विशेष गरी मार्क्सवादी, लेनिनवादी र माओवादी साम्यवादी शासन प्रणालीमा अधिनायकत्व कायम रहन्छ । अधिनायकत्व भन्नाले निरङ्कुशता बुझिन्छ । यसमा नागरिक स्वतन्त्रता रहने सम्भावना एकदम कम हुन्छ । त्यसमा पनि २ प्रकारको अधिनायकत्व हुन्छ । एक जनवादी अधिनायकत्व अर्को पारिवारिक उत्तराधिकारी (व्यक्तिवादी) अधिनायकत्व । जनवादी अधिनायकत्व भन्दा पारिवारिक उत्तराधिकारी (व्यक्तिवादी) अधिनायकत्व अझ बढी निरङ्कुश हुनसक्छ ।

पारिवारिक (व्यक्तिवादी) अधिनायकत्व भनेको कुनै देशको शासकले आफ्नो शेषपछि आफ्नै परिवारको कुनै सदस्य वा निजले इच्छाइएको अर्को व्यक्तिलाई आफ्नो उत्तराधिकारी नियुक्त गरी उसबाट नै देशको शासन सञ्चालन गरिने परिपाटी हो । साम्यवादी शासन प्रणालीको एउटा विशेषता के हुन्छ ? भने जनताले सरकारले तोकिदिएको अनुशासनको घेरा तोड्ने साहस गर्दैनन् । यदी अनुशासनको घेरा तोडेमा वा तोड्ने प्रयास गरेमा सजायको भागिदार हुनुपर्छ । अथवा जनता अनुशासनको जंजिरमा बाँधिएको हुन्छन् । पारिवारिक उत्तराधिकारी (व्यक्तिवादी) अधिनायकत्व शासन प्रणाली भएको देशमा शासकको लहडको भरमा पनि शासन सञ्चालन हुनसक्छ । जनताको चाहाना भन्दा शासकको चाहाना अनुसार शासन सञ्चालित हुन्छ । उदहरणको लागि उत्तर कोरिया र क्यूबामा रहेको साम्यवादी शासन प्रणालीलाई यसको प्रमाणको रुपमा लिन सकिन्छ । भारतको पश्चिम बंगाल राज्यमा पनि यस शासन प्रणालीको झल्को देख्न पाइन्छ । जसमा पश्चिम बंगालको राज्यको राज्यसभामा लगातार २८ बर्षसम्म भारती कम्युनिष्ट

पार्टीका नेता ज्योती बसु मुख्यमन्त्री पदमा आसिन रहे । पछि आफू शारिरिक रुपमा असक्त भएपछि उनले आफ्नो उत्तराधिकारी रुपमा पश्चिम बंगाल राज्यकै भारतीय कम्युनिष्ट पार्टीका अर्का नेता बुद्धदेव भट्टाचार्यलाई घोषणा गरी पश्चिम बंगालको राज्यको मुख्यमन्त्री नियुक्त गरेका थिए । यद्यपि त्यहाँ राज्य सभा सदस्य भने निर्वाचनबाट छनौट हुन्थ्यो । जनवादी अधिनायकत्व भएको देशमा विशेष उल्लेखनीय योगदान भएका व्यक्तिहरुको सर्वोच्च अधिकार प्राप्त सभा बनाइएको हुन्छ । देशको शासन गर्नको लागि राष्ट्र प्रमुख वा सरकार प्रमुख त्यसै सभाबाट छानिन्छन् । यस्तो शासन प्रणाली कायम रहेको देशमा राष्ट्र प्रमुख वा सरकार प्रमुख छान्नको लागि जनताको अभिमत व्यक्त गर्ने निर्वाचन प्रणालीको व्यवस्था रहेको हुँदैन । अथवा जनतालाई आफ्नो राष्ट्र प्रमुख वा सरकार प्रमुख छान्ने अवसरबाट बञ्चित गरिएको हुन्छ । निर्वाचनको सट्टा कम्युनिष्ट पार्टीका सदस्यहरुलाई निश्चित मापदण्डका आधारमा देशको सर्वोच्च अधिकार प्राप्त सभाको सदस्य पदमा नियुक्त हुने व्यवस्था रहेको हुन्छ । यस्तो देशमा सभाले छानेको व्यक्तिले जस्तोसुकै शासन सन्चालन गरेपनि जनताले चुपचाप सहनुपर्छ । यस्तो शासन प्रणाली हाम्रै छिमेकी देश चीनमा रहेको छ । हाल नेपालमा सन्चालित कम्युनिष्ट शासन भने साम्यवादको विश्वव्यापी सिद्धान्तभन्दा फरक खालको हो । कम्युनिष्ट पार्टीको नेता आवधिक निर्वाचनबाट निर्वाचित भएर देशको कार्यकारी पदमा पुगेर शासन सत्ता सम्हाल्ने परिपाटी बसाल्ने विश्वको पहिलो देश नेपाल हो । हुन त वि.सं. २०१५ सालको आम निर्वाचनमा पनि कम्युनिष्ट पार्टीको सहभागिता त रहेको थियो । त्यसबेला नेपालमा मार्क्सवादी विचारधाराको त्यति विकास भैसकेको थिएन । नेपालमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तत्कालीन महासचिव मदन कुमार भण्डारीले साम्यवादी शासन प्रणालीमा प्रजातान्त्रिक प्रणालीको पहिलो पटक प्रयोग गरे । यसलाई उनले **'जनताको बहुदलीय जनवाद'** नाम दिएका छन् । यसरी उनले मार्क्सवादी सिद्धान्तमा एउटा नयाँ व्यवस्थाको सुत्रधार गरे । जो नेपाली कांग्रेसका प्रणेता वी.पी.कोइरालाको प्रजातान्त्रिक समाजवादको साम्यवादमा रुपान्तरित रुप हो । साम्यवाद युद्ध तथा सशस्त्र क्रान्तिबाट मात्र हैन देशमा रहेको विद्यमान शासन प्रणालीमा सहभागी भएर जनतालाई सैद्धान्तिक

ढङ्गबाट प्रशिक्षित गरी पार्टीको सङ्गठनात्मक विस्तार गरेर जनताको जनमतबाट पनि साम्यवादको स्थापना गर्न सकिन्छ, भन्ने विचार उनले प्रस्तुत गरे। यो प्रक्रिया मार्क्सवादको एक नयाँ प्रयोग अथवा नेपाली संस्करण हो । समग्रमा भन्नुपर्दा मदन कुमार भण्डारीले प्रजातान्त्रिक समाजवादलाई कम्युनिष्ट सिद्धान्तमा गरिएको प्रयोग हो । मदन कुमार भण्डारीको यस प्रयोगबाट वी.पी.कोइरालाको हरेक देशको परिस्थिति, जनजीवन, भौगोलिक अवश्था अनुसार शासन व्यवस्था सन्चालन गर्नु आवश्यक पर्दछ, भन्ने विचारसँग उनको पनि सहमति रहेको निष्कर्ष निकाल्न सकिन्छ। जननेता भण्डारीको मतअनुसार अब विश्व साम्यवादी शासन प्रणाली केवल अधिनायकत्वको भावनामा मात्र ओतप्रोत भएर हैन देश, काल र परिस्थिति अनुसार प्रजातान्त्रिक प्रणालीमा पनि जानुपर्दछ। साम्यवादी शासन प्रणाली गलहत्याइएको निरङ्कुश शासक माथि प्रतिशोध साध्न मात्र हैन सर्वसाधारण जनताको जनजीवनलाई ख्याल गरेर गरिनुपर्दछ। निरङ्कुश शासकमाथिको प्रतिशोध सर्वसाधरणमाथि नथोपरी नागरिक स्वतन्त्रता सहितको शासन प्रणाली अपनाइनुपर्दछ। किनकि जनता मात्रै एउटा यस्तो माध्याम हो, जसले शासकलाई शासन गर्ने कुर्सीमा पुग्ने भऱ्याङ्को काम गर्छ। त्यसैले जसको सहायताले शासन सत्ता प्राप्त हुन्छ । उसको जनजीविकाको ग्यारेन्टी र व्यक्तिगत स्वतन्त्रता सहितको साम्यवादी शासन प्रणालीको व्यवस्था गरिनुपर्दछ भन्ने विचार नेता भण्डारीको रहेको छ। जो विश्व साम्यवादी शासन प्रणालीको एउटा नौलो प्रयोग हो । जो अत्यन्त सुन्दर तथा उच्च विचार हो । नेपालको सन्दर्भमा मदन कुमार भण्डारी वी.पी.कोइरालाको प्रजातान्त्रिक समाजवादको विचारलाई अङ्गिकार गरी प्रजातान्त्रिक बहुदलीय समाजवादको विचार आधिकारिक कम्यूष्टि पार्टीको राजनीतिक दस्तावेजको रुपमा लिपिवद्ध गर्ने नेपाल आमाका एक अर्का सपूत हुन् । कुनै पनि राजनैतिक सिद्धान्तलाई समयसापेक्ष परिर्वन गर्न सकिन्छ र आवश्यकतामा परिवर्तन गनुपर्दछ भन्ने विचार नेता भण्डारीको रहेको छ। त्यसैले उनलाई वी.पी.कोईराला पछिका नेपालको एक आदर्श नेताको रुपमा लिन सकिन्छ। अहिले नेकपा (एमाले) एनेकपा माओवादी पार्टी मिलेर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएको छ।

ती दुई फरक पार्टीहरूको दुई वटा राजनैतिक दस्तावेजहरू **'जनताको बहुदलीय जनवाद र एक्काइसौं शताब्दीको जनवाद' को संयोजन गरेर 'जनताको जनवाद'** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सैद्धान्तिक आधार मानेका छन् । जसमा बहुलवादलाई स्वीकार गरी जनतालाई पार्टीको अन्तिम लक्ष्य बताई उनीहरूलाई आफ्नो पक्षमा मतदान गर्न लगाई जनताबाट सत्ता परिवर्तन गर्नसक्ने बहुमत प्राप्त भए साम्यवाद लागु गर्ने उद्देश्य राखिएको छ । आखिर जज र जबजको उद्देश्य एउटै भए पनि जबज भन्दा जजले साम्यवादी शासन प्रणालीमा बढी जोड दिएको छ । यो संसारमा मानिस जहिले पनि आफूलाई स्वतन्त्र राख्न चाहन्छ । स्वतन्त्रता, मानव जीवनको अभिन्न अङ्गजस्तै बनेको छ । जसको साम्यवादी शासन प्रणालीमा नभई प्रजातान्त्रिक शासन प्रणालीमा अनिवार्य व्यवस्था गरिएको हुन्छ । त्यसैले प्रजातान्त्रिक प्रणाली अहिले विश्वका अधिकांश मुलुकहरुमा लागु रहेको छ । वि.पी.कोइरालाले अंगालेको प्रजातान्त्रिक समाजवादी शासन प्रणाली पनि यसै शासन प्रणालीको एउटा स्वरुप हो । प्रजातान्त्रिक शासन प्रणालीमा संवैधानिक सर्वोच्चता, बहुदलीय प्रतिस्पर्धा, जनताको आधारभूत मानव अधिकारको रक्षा, स्वतन्त्र र सक्षम न्यायपालिका, सुशासन, भ्रष्टाचारमुक्त प्रशासन, मौलिक अधिकारको व्यवस्था, आवधिक निर्वाचन प्रणाली आदिको व्यवस्था हुने हुँदा जनताले सरकार जनता प्रति उत्तरदायी रहन्छ । किनभने हरेक सरकार निरन्तर रुपमा आफु सत्तामा रहिरहन चाहन्छ । त्यसको लागि उसले जनतालाई आफ्नो पक्षमा राख्नको लागि देशमा जनचाहाना अनुसारको विकास गर्नु पर्ने हुन्छ । अनि मात्र जनता उसको साथमा रहन्छ । प्रजातन्त्रमा सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित हुन्छ । यस प्रणालीमा राजनीतिक दलका नेताहरुले जनताले दिएको म्यान्डेट अनुसार निश्चित अवधिको लागि राजकीय सत्ता प्राप्त गर्छन् । यदि कुनै दलको नेतृत्वले आफुलाई प्राप्त राजकीय सत्ताको सही सदुपयोग गरेमा ऊ अर्को पटक पनि सो सत्तामा पुग्न सक्छ, अन्यथा जनताले अर्को वैकल्पिक शक्तिलाई छनौट गर्दछन् । प्रजातन्त्रमा पनि अधिक स्वतन्त्रता प्रदान गरियो भने नेतृत्वमा स्वेच्छाचारी ढङ्गले शासन गर्ने प्रवृत्ति पनि मौलाउन सक्छ । यसो भयो भने कमजोरलाई ऐन र बलियोलाई चयन हुने व्यवस्था हावी हुनसक्छ ।

यो प्रजातन्त्रको दुर्बल पक्ष हो । जसको निराकरणका लागि जनता तथा नेताहरु सजग हुन अत्यन्त आवश्यक हुन्छ । जो देश र जनताको लागि उपयुक्त हुँदैन । यदि त्यसो भयो भने देशमा जनताले बलिदानी गरेर ल्याएको प्रजातन्त्रको कुनै सार्थकता रहदैन । कहिलेकाहीं प्रजातन्त्रमा यस्तो अवस्था आउनसक्ने खतरा पनि रहन्छ । यसको लागि जनता स्वयं सचेत हुन जरुरी हुन्छ । यस व्यवस्थामा पनि संविधान तथा कानूनको परिपालना नगर्ने व्यक्ति तथा समूहलाई कानून बमोजिम सजायको व्यवस्था गरिएको हुन्छ । त्यसको अनिवार्य पालना गर्नु गराउनु सरकार तथा जनताको कर्तव्य हो ।

# निष्कर्ष (Conclusion)

मानिस संसारमा भएको चेतनशील प्राणीहरु मध्ये सबैभन्दा श्रेष्ठ प्राणी हो । अन्य प्राणीहरु भन्दा श्रेष्ठ हुनुको कारण मानिससँग विगत र वर्तमानको परिस्थितिलाई नजरअन्दाज गरी भविष्यको कार्ययोजनाको मार्गचित्र तयार गर्नसक्ने क्षमता हुन्छ । जो अन्य प्राणीहरुमा रहेको छैन । अन्य प्राणीहरु त जतिवेला जे जस्तो परिस्थिति आइपर्छ त्यसैको आधारमा आफ्नो जीवन निर्वाह गर्छन । उनीहरु आफुसँग भएको सामर्थ्यको वुद्धिमत्तापूर्ण प्रयोग गर्न सक्दैनन् । त्यसैले त ५० के.जी.को मान्छेले ५०० के.जी.को जनावरलाई आफ्नो इच्छानुसार इशारामा नचाउँछ । उसले संसारमा अनेकौ चमत्कारिक आविष्कारहरु पनि गरेको छ। मान्छेले गरेको उक्त चमत्कारिक आविष्कारबाट आजभोलि आफ्नो घरको कोठाको एक कुनामा बसेर एउटा सानो उपकरणको सहायताले यो विश्वमा भएका सम्पूर्ण घटना तथा परिघटनाहरुको जानकारी लिन सकिन्छ । तैपनि, मानिसले आफ्नो आविष्कारको कार्यलाई विट मारेको छैन, मार्दैन र मार्नु पनि हुँदैन । किनभने मानव मानव बीचमा यो विश्व व्रम्हाण्डमा आफ्नो स्थान सबैभन्दा उच्च राख्ने होडवाजी चलेको छ। जसलाइ विकास भन्दछन् । वैज्ञानिक आविष्कारको साथसाथै मानव समाजलाई पनि भव्य र सभ्य समाज निर्माणको लागि उसले मानिसहरुले गर्नुपर्ने काम, कर्तव्य र अधिकारको बाँडफाड गरी निश्चित मापदण्डहरु बनाई सिद्धान्त निर्माण गरेको छ । यस्ता सिद्धान्तहरु मध्ये कुनै सिद्धान्त निश्चित देश विशेषमा हुन्छन् भने कसैको संसारभर अवलम्वन गरिन्छ । एउटै देशमा प्रयोग भएको सिद्धान्तलाई विचार भनिन्छ भने अन्तराष्ट्रिय मान्यता प्राप्त सिद्धान्तहरुलाई वाद (ism) भनिन्छ । सैद्धान्तिक विचारको विकसित रुप नै वाद (ism) हो । अथवा कुनै देशमा प्रयोग भएको सैद्धान्तिक विचार देश बाहिर अन्य देशहरुमा प्रयोग गरियो भने वाद (ism) भनिन्छ। अर्को शब्दमा भन्दा विश्वव्यापी मान्यता प्राप्त विचार नै वाद (ism) हो । एउटै वाद (ism) को प्रयोगको शैली पनि देशको परिवेश अनुसार फरक फरक हुनसक्छ । किनभने संसारका देशहरु सबै एकैनासको दरले विकसित भएका नहुन सक्छन् । हरेक देशको प्राकृति वातावरणदेखि लिएर सामाजिक जनजीवनका

साथै आवश्यकता पनि फरक फरक हुने हुनाले सैद्धान्तिक प्रयोगमा फरकपना आउँनु स्वभाविक पनि हो । यस्ता सिद्धान्तहरु निर्माण गर्ने व्यक्तिलाई दार्शनिक भनिन्छ । दार्शनिक भनेको भविष्य द्रष्टा हो । दार्शनिकहरु कुनै समाजको विगत र वर्तमान परिस्थितिलाई विश्लेषण गरेर त्यसलाई उचित मार्गमा लैजान काल्पनिक योजनाको रेखाङ्कन सहितको मार्गचित्र तयार गरी लिपिबद्ध गरिएको लेख रचनालाई सिद्धान्त भनिन्छ। यस्ता सिद्धान्तहरु देशको सामाजिक, आर्थिक, सास्कृतिक तथा राजनीतिक क्षेत्रसँग सम्बन्धित हुन्छन् । राजनीतिक क्षेत्रलाई यी सबैको मूल क्षेत्र मानिन्छ। अत: देशको राजनीतिक क्षेत्रको सकारात्मक पविर्तन भयो भने बाँकी क्षेत्रमा सुधार गर्न त्यति गाह्रो हुदैन। राजनैतिक सिद्धान्तले मार्गदर्शन गर्छ, तर त्यो आफै कार्यान्वयन हुँदैन । किनभने सिद्धान्त अमूर्त तथा अचेतन हुन्छ । त्यसलाई मूर्त रुप दिनका लागि चेतन प्राणी मानिसको आवश्यकता पर्दछ । जुनसुकै देशको दार्शनिकहरुद्वारा प्रतिपादित सिद्धान्त भएपनि कुनै देशको सामाजिक जनजीवन, भू-राजनीतिक अवस्थानुसार उपयुक्त भएको खण्डमा त्यसलाई लागु गर्न सकिन्छ । विश्वमा यस्ता अनेक राजनीतिक सिद्धान्तहरू छन् । जस्तो पुँजीवादी सिद्धान्त, प्रजातान्त्रिक सिद्धान्त, साम्राज्यवादी सिद्धान्त, साम्यवादी सिद्धान्त, समाजवादी सिद्धान्त आदि रहेका छन ।

यी सिद्धान्तहरुको आधारमा विश्व राजनीति सञ्चालित छ । नेपालमा वी.पी.कोइरालाले नेपालको हावापानी, सामाजिक जनजीवन राजनीतिक विचारधारको व्यवहारिक प्रयोग गरेका छन । उनले त्यसको नाम **'प्रजातान्त्रिक समाजवाद'** राखेका छन । जसलाई नेपाली कांग्रेससले आफ्नो सैद्धान्तिक आधार स्तम्भ मान्दछ ।

प्रजातान्त्रिक समाजवदको विस्तृत जानकारी यसै पुस्तकको **अध्याय दुई को खण्ड 'ख'** मा उल्लेख गरिएको छ । वी.पी. कोइरालाले यस सिद्धान्तको आफ्नो जीवनकालमा अत्यन्तै थोरै समय मात्र प्रयोग पाएका छन् । उनको यो प्रयोगलाई प्रजातान्त्रिक समाजवादको परिक्षण काल मात्र मान्न सकिन्छ । हुन त यो विश्वमा जति पनि दार्शनिकहरूले राजनीतिक सिद्धान्तको प्रतिपादन गरेका छन् ।

तिनले आफ्नो जीवनकालमा त्यसको सफल प्रयोग गर्न पाएका छैनन् । किनभने निरङ्कुशतासँग भिड्दा भिडदै उनीहरु राजनीतिक सिद्धान्तको परिकल्पना गर्दछन् । त्यसलाई तयार गर्दा गर्दै उनीहरु आफ्नो जीवनकालको उत्तरार्धमा पुगिसकेका हुन्छन् । त्यसपछि उनीहरु लडाँई र विचार लेखन तथा प्रकाशन प्रवर्द्धनको कार्यबाट थकित हुन्छन । त्यसपछि उनीहरु आफ्ना ती सैद्धान्तिक रचना भावी पुस्ताको लागि मार्गदर्शक वैचारिक सम्पत्तिका रुपमा छाडेर यो संसारबाट बिदा भएर जान्छन् । उनी पछिका राजनैतिक व्यक्तित्वले उक्त सिद्धान्तको व्यवहारिक प्रयोग गरी समाजलाई विकासको बाटोमा अगाडि बढाउँछन ।

नेपालमा प्रजातान्त्रिक समाजवादका प्रणेता वी.पी. कोइरालाको हकमा भने अलि छुटै अवस्था रहेको छ । उनी पनि निरङ्कुशताको विरुद्ध त भरपुर लडेर आफ्नो उद्देश्यमा पुगे । तर त्यसको व्यावहारिक प्रयोगमा उनलाई सफल हुन दिइएन । उनले एउटा निरङ्कुशताको अन्त गरे । त्यसको केही दिनपछि निरङ्कुश शासक र आफ्नै गरेर १० बर्षपछि उनीहरु सफल पनि भए । उनले आफ्नो जीवनको महत्त्वपूर्ण समय कारावासमा विताउनु पर्‍यो । त्यसपछि वी.पी.कोइरालालाई विभिन्न धम्की तथा प्रलोभनमा पारी आफ्नो पक्षमा पार्ने प्रयास गरियो । तर उनलाई त्यसको असरले छुदै छोएन । नेपाली कांग्रेसले केही क्षति व्यहोर्नु पर्‍यो तर हरेस खाएन । आखिर नेपाली जनताले नेपाली कांग्रेसको आव्हानलाई आत्मसाथ गरे फलस्वरुप नेपाल आज प्रजातान्त्रिक शासन प्रणाली हुँदै गणतान्त्रिक प्रणालीसम्म आइपुग्यो । फलस्वरुप नेपालमा जनताको शासन व्यवस्था स्थापना भयो । जनता रैतिबाट स्वतन्त्र र सार्वभौम नागरिक भए । पहिले भन्दा देश विकासको गति पनि बढ्यो । जनताको जीवनशैलीमा पनि परिवर्तन आयो । वी.पी. कोइरालाको देहावसान पछि कांग्रेसको नेतृत्वमा लगभग सामन्ती प्रवृत्तिको झल्को देख्न पाइन्छ । जनता जहिले पनि कांग्रेसको साथ र समर्थनमा रहन्छ । जनताको साथ र समर्थनलाई कांग्रेसी नेताहरु सही नेतृत्व प्रदान गर्न चुक्छन । त्यसैको परिणाम स्वरुप उनीहरुलाई शासन सत्ताबाट पछि धकेलिनुपर्ने अवस्थाको सिर्जना हुन्छ । कांग्रेसको नेतृत्व एकजुट भएर पार्टीले अंगालेको प्रजातान्त्रिक समाजवादको लय समातेर चल्ने हो भने नेपालमा

कांग्रेस पार्टीलाई जनता ५० बर्षसम्म देशको शासन सन्चालन गर्ने अवसर दिन्छन् । हुन त यस पार्टीमा आपसी कलह हुने प्रवृत्ति पुरानै हो । वि.सं.२००८ सालबाट शुरु भएको नेतृत्वको महत्वाकांक्षा र जुँगाको लडाँइले नेपालमा २०१७ सालको आगमन भयो । त्यति मात्र हैन २०५१ सालको मध्यावधि निर्वाचन भयो । वि.सं.२०५६ को निर्वाचनमा कृष्णप्रसाद भट्टराईलाई भावी प्रधानमन्त्री घोषित गरेर बहुमत प्राप्त भयो । पूर्व घोषणानुसार उनी प्रधानमन्त्री पनि भए। बिचमै उनलाई पद छोड्न लगाइयो । त्यसको फलस्वरुप कांग्रेस पार्टी नै विभाजित हुनपुग्यो । दोश्रो संविधान सभाको निर्वाचनमा त सबभन्दा ठूलो पार्टी बन्यो। २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा पनि कांग्रेसको उपस्थितिलाई कम मान्न सकिदैन। किभने यस निर्वाचनमा संसदमा कांग्रेसको उपस्थिति लगभग शून्य बनाउने भन्ने योजना थियो कम्युनिष्ट गठबन्धनको । यसबाट कांग्रेसले प्रतिसोध साध्ने भन्दा पनि पाठ सिक्नु जरुरी छ। अब कांग्रेस जनताको दैलो दैलोमा पुग्नुपर्छ । जनता त अझै साथमा छ । नेताहरु चलायमान हुने चलनको थालनी गर्नुपर्‍यो । नेतृत्वमा एकजुट भएको सन्देश दिनुपर्‍यो । सन्देश दिएर मात्र पुग्दैन एकजुट हुनुपर्‍यो । नेतृत्वले संगठनको लागि त्याग र बलिदानी गर्नु पर्‍यो । सधैभरि मेरै नेतृत्व हुनुपर्छ भन्ने भावनाबाट मुक्त हुनुपर्‍यो । यसैमा देशको भलाई छ। कांग्रेसको पनि भलाई छ।

नेपाली कांग्रेसका नेताहरुले वी.पी.कोइरालाको आत्मवृतान्त कथा त पढेकै होला मैले यु- ट्युवमा अपलोड भएको खगेन्द्र नेपालीद्वारा वाचन गरिएको अडियो रेकर्डको भिडिगो क्लिप मात्र सुनेको हुँ । त्यसमा देश जनताको मुक्तिको लागि स्व.कृष्णप्रसाद भट्टराईले आफ्नो एम.ए. को पढाइ छाडे । बालचन्द्र शर्माले विदेशी भूमिमा एम.ए पास गरीसकेपछि पाएको अच्छा खासा जागिर साता नपुग्दै छाडे। सुवर्णशमशेरले आफ्नो खलक र सम्पत्तिको वलिदानी गरे । वी.पी.कोइरालाको त जीवन नै बन्दिगृहमा बित्यो, भन्दा अतियुक्ति नहोला । उनले देश र जनताको लागि कति बलिदानी गरे भन्ने निम्न कुराबाट थाह पाउन सकिन्छ । उनलाई २००८ सालमा सरकारको नेतृत्व गर्ने अवसर आएको हो। त्यो उनले मातृकाप्रसाद कोइरालालाई दिए । पार्टीको प्रथम महाधिवेशनमा सभापति बन्ने अवसर आयो ।

उनले टंकप्रसाद आचार्यलाई दिए । आफु उनको सहायक भए । **विं.सं. २०१७ सालमा तत्कालीन राजा श्री ५ महेन्द्रले वी.पी. कोइरालालाई बन्दिगृहमा राख्नुको कारण उनले परिकल्पना गरेको प्रजातान्त्रिक शासन प्रणाली, जो नेपाल जस्तो भू-परिवष्ठित तथा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक हिसाबले पछि परेका देशहरूमा लागु गरी ती देशको चौतर्फी विकास गर्न मद्दत पुग्ने र त्यसले विश्वव्यापी दर्शनको मान्यता प्राप्त गर्ने सम्भावना देखेर त्यसको रोकावट गरी तत्काल वी.पी.कोइरालालाई दार्शनिकको दर्जा पाउनबाट वञ्चित गर्नु मात्र थियो । त्यसपछि वी.पी.कोइराला जेलमा छँदा राजा महेन्द्रले आफुसँग सहकार्य गरेर जान प्रस्ताव गरेका थिए भनेर सुन्न पाइन्छ । त्यसको मतलव राजा महेन्द्र वी.पी.को योजनालाई प्रयोग गरी २०१७ सालमा आफूले चालेको राजनैतिक कदम सही सावित गरी आफू एक आदर्श राजनीतिज्ञ राजा भएको देखाउन चाहान्थे । सुनिन्छ, उनले वी.पी.लाई आफुसँग सहकार्य गर्न तयार भए, आजीवन प्रधानमन्त्री हुनदिने मौखिक प्रस्ताव राखेका थिए रे । वी.पी.ले उक्त प्रस्ताव अस्वीकार गरिदिए । फलस्वरूप उनले ८ बर्षसम्म जनसम्पर्कबाट टाढा बसि बन्दिगृहमा जीवन व्यतित गर्नुपर्‍यो । यसलाई भनिन्छ, त्याग र वलिदानी ।**

एउटा अचम्मको कुरा के छ ? भने प्रजातान्त्रिक समाजवादको सैद्धान्तिक मार्ग नेपालका कम्युनिष्ट विचारधाराका नेतृत्वले तय गरेर अगाडि बढेको कांग्रेसीहरुले पत्तै पाएनन् । नेपाल कम्युनिष्ट पार्टी मालेका तत्कालीन महासचिव मदन कुमार भण्डारी (माले र मार्क्सवादी पार्टी एकीकरण पछि उनी नेकपा एमाले का महासचिव पनि भए) ले प्रजातान्त्रिक समाजवादको मार्गबाट विना रक्तपातपूर्ण क्रान्तिबाट पनि साम्यवादमा पुग्न सकिने सम्भावना देखेर जनताको **'बहुदलीय जनवाद'** नाम दिएर मार्क्सवादको नेपाली संस्करण लागू गरे । यस मार्क्सवादको नयाँ संस्करणले विश्व कम्युनिष्ट राजनीतिमा एक नयाँ तरङ्ग पनि ल्याएको थियो । जो अहिलेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को पनि सैद्धान्तिक आधारको रुपमा रहेको छ । हाल दुई पार्टी एकीकरण पछि उसले आफ्नो सैद्धान्तिक आधारको

संयोजन गरी **'जनताको जनवाद'** लाई पार्टीको सैद्धान्तिक आधार मानेको छ । त्यसको उद्देश्य पनि देशमा सन्चालित वर्तमान शासन प्रणाली भित्रबाटै साम्यवादको स्थापना गर्ने रहेको छ ।

अब नेपाली कांग्रेसको नेतृत्वले प्रजातान्त्रिक समाजवादको मार्गलाई आफ्नो पार्टीभित्रैबाट जनतालाई अनुभूति हुने किसिमबाट कार्यन्वयन गर्नु अनिवार्य भएको छ । जसको लागि कांग्रेसी नेतृत्वले वी.पी.कोइराला, सुवर्ण शमशेर जस्ता आदि महान् हस्तीहरुले गरेको त्याग र बलिदानको अनुसरण गर्दै देश जनताको हितलाई सर्वोपरि ठानी आफ्नो व्यक्तिगत महत्वाकांक्षाहरुलाई तिलाञ्जली दिने वेला आएको छ । **मेरा भावी पुस्ताले अर्को निरङ्कुशता विरुद्ध आन्दोलन गर्नु नपरोस् भनेर म ७० वर्षको बुढोले आन्दोलनमा टाउको फुटाएको हुँ भन्ने गिरिजाप्रसाद कोइरालको २०६२/०६३ को आन्दोलनका दौरानमा व्यक्त विचारको मान् राख्नु पर्ने बेला आएको छ। वी.पी.कोइरालाले परिकल्पना गरेको प्रजातान्त्रिक समाजवादको पूर्ण कार्यान्वयन गरी नेपाललाइ एक समृद्ध देश र नेपाली जनताको जीवनशैलीमा आमूल परिवर्तन गरी वी.पी.कोइराला एक दार्शनिक व्यक्ति हुन्, भनेर सावित गरेर देखाउनु जरुरी छ। त्यसको लागि म भन्ने अहंकारी भावनालाई मन, वचन र कर्मले त्यागी हामी, हाम्रो देश र देश विकास हाम्रो साझा लक्ष्य भन्ने भावनाबाट ओतप्रोत हुनुपर्छ । देश रहे राजनीति रहन्छ भन्ने वी.पी.कोइरालाको राष्ट्रियताको भावनालाई आत्मसाथ गर्नुपर्छ। राजनीति मन्त्री बन्ने र मोटर चढ्ने सपनाले गर्ने हैन कि जनताको पिरमर्काको निराकरण गर्ने उद्देश्य राखेर गरिनुपर्छ, भन्ने वाणीलाई सार्थक गरेर देखाउने वेला आएको छ । देशको शासन व्यवस्थालाई सही मार्गतिर डोऱ्यायो भने त राजनीति भावी पुस्ताले गर्दा पनि हुन्छ। अहिले देशको राजनीतिक प्रणालीलाई सही दिशा निर्देश गर्नु आवश्यक छ। यो कुरा व्यवहारमा लागू गरे मात्र कांग्रेसको नेतृत्वलाई नेपाली कांग्रेस पार्टीको सदस्य र वी.पी.कोइरालाको प्रजातान्त्रिक समाजवादको सच्चा अनुयायी भएको मानिने छ।**

समाप्त

स्थापनाकालदेखि हालसम्मका नेपाली कांग्रेस पार्टीका चर्चित व्यक्तित्व सर्वमान्य नेता गणेशमान सिंह र पार्टीका केन्द्रीय सभापतिहरू ।















# सन्दर्भ सामाग्रीहरू

१. नेपाली खगेन्द्र, वाचक, वीपी कोइरालाको आत्मवृतान्त कथा भाग १, YouTube मा Upload गरिएको Audio Record Video

२. नेपाली खगेन्द्र, वाचक, वीपी कोइरालाको आत्मवृतान्त कथा भाग २, YouTube मा Upload गरिएको Audio Record Video

३. उप्रेती रबिन्द्र र उपाध्याय (उप्रेती) देवा, क्रियशीलता (राजनीति, संगठन र विकास विकास) दोश्रो संस्करण २०७५, प्रकाशन समन्वय, कांग्रेस लाइब्रेरी का.म.न.पा.४ धुम्बाराही काठमाडौ

४.घोडासैनी, तपेन्द्र, एकेन्द्र र ईश्वरप्रसाद, बी.पी.र हामी वैचारिक बहस पहिलो संस्करण २०७४ सनराइज प्रिन्टिङ्ग प्रेस ।

५. पराजुली शोभाकर, समाजवाद बी.पी.कोइराला र कम्युनिस्ट, संस्करण २०७२ ब्रदर्श बुक्स प्रकाशन प्रा.लि.काठमाडौ

६. पोखरेल विपुल, नेपाली कांग्रेसको यात्रा, प्रथम संस्करण २०६७ भदौ २४ नेपाल प्रिटिङ्ग सपोर्ट अनामनगर काठमाडौ

७. भण्डारी डा.बुद्धिप्रसाद, राजनीतिक विचारधारा र वादहरु, तेश्रो संस्करण २०७ पैरवी प्रकाशन पुतलीसडक काठमाडौ

८. आफ्नै नोट कपीमा टिपोट गरिएका बुँदाहरु

९.पोखरेल कृष्ण, आधुनिक राजनीतिक सिद्धान्त, संस्करण २०७० एम.के पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स भोटाहिटी काठमाडौ

१०. भण्डारी विष्णुप्रसाद, श्री सिद्धेश्वरी मा.वि.का प्रधानाध्यापक, मोवाइल सम्पर्कद्वारा सोधपुछ

११. अधिकारी भरतमोहन, मेरो जीवन यात्रा केही सम्झनाहरु, दाश्रो संस्करण २०७१ जुगल पब्लिकेसन प्रा.लि.बुद्धनगर नयाँ वानेश्वर काठमाडौ
१२. जननेता मदन भण्डारीको सम्झनामा तयार पारिएको वृत्तचित्र, You Tube मा Upload गरिएको Audio Rcorded Video को उद्घोषण
१३ श्रेष्ठ चन्द्रसिंह, नेपालको संवैधानिक विकासक्रम (भाग २) २०१९ देखि २०६३ सम्म Goole मा Upload गरिएको Article https://css.com.np
१४. निरौला यादवचन्द्र र कोइराला सिताराम, प्राविधिक सहायक प्रतियोगिता दिग्दर्शन, प्रकाशन मिति २०६७/०६८ मकालु प्रकासन गृह डिल्लीबजार काठमाडौ
१५. बि.सी.बमबहादुर, २०७७ साल भदौ ६ गते Messenger बाट पठाएको लेख
१६. बिष्ट सुरतबहादुर, महाधिवेशन प्रतिनिधी केन्द्रीय सदस्य श्री प्रदीप गिरी ज्यू सँग मोवाइल सम्पर्क गरी जानकारी गराएको
१७. निधि विमलेन्द्र, दाहाल परुषोत्तम तथा अन्य सदस्य ज्यूहरू, प्रशिक्षक पुस्तकल : नेपाली कांग्रेसका लागि वैचारिक आधार, नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान , प्रकाशन मिति २०७७ मुद्रक एलाइन्स प्रिन्टर्स मिडिया हाउस प्रा.लि. काठमाडौ